साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३२ ✪ अङ्क ४७ ✪ २३ मङ्सिर २०८२, मङ्गलबार ✪ 9 December, 2025, Tuesday ✪ मूल्य रू. १०।-

### योमारी महोत्सव सम्पन्न
## पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले भक्तपुर नगरपालिकाको आयोजनामा भक्तपुरको दत्तात्रयमा भएको योमारी प्रतियोगिता तथा प्रदर्शनीको मङ्सिर २० गते पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भक्तपुर नगरपालिकाद्वारा आयोजित सांस्कृतिक गतिविधिले भक्तपुरको पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुरको मौलिकता संरक्षणले यहाँको पहिचान जोगाई राख्न टेवा पुग्ने बताउँदै उहाँले नगरपालिकाले आगामी दिनमा यी र यस्ता गतिविधिहरूलाई निरन्तरता दिन सुझाव दिनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापतिले आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनको लागि नगरपालिकाले योमारी उत्सवलाई प्रतियोगिताको रूपमा सञ्चालन गरी सबैलाई मौलिकता प्रदर्शन गर्ने अवसरको रूपमा कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले यहाँको मूर्त र अमूर्त सम्पदाहरूको महत्त्व नयाँ पुस्तालाई जानकारी दिने उद्देश्यले नगरभित्र सञ्चालित सबै विद्यालयहरूमा स्थानीय पाठ्यक्रममार्फत अध्ययन अध्यापन गराइरहेको बताउनुभयो ।

वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईंले नगरपालिकाद्वारा आयोजित योमारी उत्सवले भक्तपुरको सम्पन्नतालाई उजागर गरेको बताउँदै योमारी सम्पन्नता, सभ्यता, प्रेम, संस्कृति, हर्ष उल्लास र विज्ञानको प्रतीक भएको बताउनुभयो ।

देशको राजनीतिक, सांस्कृतिक, ऐतिहासिक धरोहरहरू जल्नु पुर्खाप्रति नै अपमान भएको बताउँदै उहाँले नयाँ पुस्ता परिवर्तन, सिर्जना र सम्पन्नताको बाटोमा हिँड्नुपर्छ, ध्वंसको बाटोमा होइन भन्नुभयो ।

कार्यक्रममा भनपा ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले उत्सवको महत्त्वमाथि प्रकाश पार्दै योमारी महोत्सव सफल पार्न सहभागी सबैमा धन्यवादज्ञापन गर्नुभयो ।

*बाँकी पृष्ठ ११ मा*

### कीर्तिपुरमा बाऱ्हौँ तःमुंज्या
## नेमकिपा कामदार वर्गको पार्टी




कीर्तिपुर । नेपालभाषा साहित्य तःमुंज्या कीर्तिपुरको १२ औँ सम्मेलन मङ्सिर १८ गते एक समारोहबिच कीर्तिपुर नगरपालिका वडा नं. १० स्थित तःननीमा सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले नेमकिपा जातीय पार्टी होइन कामदारवर्गको पार्टी हो भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "सिंहदरबार र गोरखापत्र संस्थान पहिले पनि जलाइएको थियो; दोषी पत्ता लगाइएन । अहिले चिनियाँ सरकारको सहयोगमा बनाइदिएको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नै जलाइयो ।"

लिम्पियाधुरासहितको नेपालको चुच्चे नक्सा भारतले स्वीकार नगरेको चर्चा गर्दै उहाँले संसद् भवन, सिंहदरबार र सर्वोच्च अदालतको आगजनीमा अमेरिका र भारतको प्रत्यक्ष नभए पनि अप्रत्यक्ष हात रहेको बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "जनताले भ्रष्टाचारको विरोध गर्नु स्वाभाविक हो । प्रम केपी ओलीलाई सेना, प्रहरी, गुप्तचरले सूचना दिएकै हुनुपर्छ । प्रम र मन्त्री पनि खाने, विदेशीको पिछलग्गू पनि हुनेहरूलाई जनताले मन नपराउनु पनि स्वाभाविक हो ।"

शासक दलका नेता तथा कार्यकर्ताहरू ३५ वर्षयता पटक-पटक प्रम र मन्त्री भए तर उनीहरूले राज्य सत्ता के हो भन्नेसम्म बुझ्न सकेनन् ! चुनाव जितेर सरकारमा जानु नै सबथोक ठान्ने शासक दलहरूले देश र जनतालाई यो सङ्कटमा पुऱ्याएका हुन्, अध्यक्ष बिजुक्छेँले स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "भक्तपुर नगरपालिकाले आफ्नै खुट्टामा उभेर कलेज सञ्चालनलगायत स्वास्थ्य र सरसफाइ एवं विकास निर्माणको काम गर्दै आएको छ । तर, भक्तपुर नगरपालिकालाई शासक दलहरूले ख्वप विश्वविद्यालय र मेडिकल कलेज सञ्चालन गर्न अनुमति दिएनन् । शासक दलहरू जनता शिक्षित होला भनी डराएको पुस्टि भयो ।"

अध्यक्ष बिजुक्छेँले थप्नुभयो, "राजनीतिमा उमेर होइन विचार मुख्य हो; कम उमेरकालाई सरकारले राम्रो शिक्षा दीक्षा नदिएको हुँदा कतिपय युवाहरू जाँड-रक्सी, जुवा-तास, दुर्व्यसनी र कुलतमा परेको देखिन्छ । सरकारले कीर्तिपुरमा त्रिवि स्थापना गर्न स्थानीय जनताको जग्गा लिएको हो । विश्वविद्यालय सञ्चालनमा स्थानीय जनताको सहभागिता गराइएन, शासक दलबिच भागबन्डाको झगडा सधैँ भइरहेको छ । स्थानीय जनताका छोराछोरीले उच्च शिक्षा अध्ययन गर्न पाएका छैनन् ।"

नेमकिपाका सचिव प्रेम सुवालले नेमकिपाले संविधानसभामै शिक्षा, स्वास्थ्य निःशुल्क, देशभित्र रोजगारी, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, नेपालीको सम्पत्तिको सीमाङ्कन, विदेशमा सम्पत्ति राख्न नपाउने, भ्रष्टाचारीहरूको

*बाँकी पृष्ठ १२ मा*

## नेमकिपा समानुपातिक निर्वाचनमा भाग लिन आयोगमा दर्ता

काठमाडौँ । समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन २०८२ को लागि नेपाल मजदुर किसान पार्टी निर्वाचन आयोगमा दर्ता भएको छ । पार्टीका सचिव प्रेम सुवाल पार्टीको निवेदन दर्ताको लागि मङ्सिर २१ गते आयोगमा पुग्नुभएको थियो ।

आयोगको सूचनाअनुसार राजनीतिक पार्टीहरूले पुस १३ र १४ गते समानुपातिक निर्वाचन प्रणालीको लागि उम्मेदवार पेश गर्नेछन् ।

२०८२ माघ ६ गते आ-आफ्नो निर्वाचन क्षेत्रमा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) प्रणालीअनुसार उम्मेदवारको मनोनयनपत्र दर्ता गरिनेछ ।

भदौ २७ गते राष्ट्रपति रामचन्द्र पौडेलद्वारा विघटन गरिएको प्रतिनिधिसभाको निर्वाचन आगामी फागुन २१ गते हुनेछ ।

## सस्तोमा स्तरीय शिक्षा प्रदान गर्ने ख्वप कलेजको ध्येय



भक्तपुर । भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप कलेज सञ्चालक समितिका अध्यक्ष सुनील प्रजापतिको अध्यक्षतामा ख्वप कलेजको दोस्रो कलेज सभा मङ्सिर २२ गते सम्पन्न भयो ।

सभामा प्रमुख प्रजापतिले भक्तपुरको शैक्षिक परिवर्तनमा भक्तपुर नपाबाट सञ्चालित कलेजहरूको उल्लेखनीय योगदान रहेको उल्लेख गर्दै कलेजहरूले विद्यार्थीको चाहना र मागबमोजिम नयाँ नयाँ विषय थप्दै लाने विषयमा जोड दिँदै आएको बताउनुभयो ।

एक घर एक स्नातक अवधारणालाई साकार पार्न यी कलेजहरूले विशेष भूमिका खेले पनि सरकारले नियोजित रूपमा विद्यार्थीलाई बिदेसिन बाध्य पारिरहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "शिक्षालाई जोड दिँदै कामदारवर्गलाई माथि उठाउने र कम शुल्कमा गुणस्तरीय शिक्षा दिने उद्देश्यले भक्तपुर नगरपालिकाले कलेजहरू स्थापना गरेको हो ; यी कलेजहरू स्थापना गर्नमा जनप्रतिनिधि, भक्तपुर नगरपालिकाबाहेक अप्रत्यक्षरूपमा सहयोग गर्ने नगरवासीहरू हुन्, हामीले उहाँहरूको योगदानलाई कदापि भुल्नु हुँदैन ।"

बाग्मती प्रदेशसभाका सांसद एवं कलेज सभाका सदस्य सुरेन्द्रराज गोसाईंले नगरपालिकाबाट सञ्चालित कलेजहरू एउटा स्तरीय ब्रान्ड भइसकेकोले कलेजले स-साना कुरामा ध्यान दिई अगाडि बढ्नुपर्ने सुझाव दिनुभयो ।

विद्यार्थी, अभिभावक र शिक्षकहरूको समय सुहाउँदो मागलाई सम्बोधन गर्दै ख्वप सर्कलले अन्य शैक्षिक सङ्घसंस्थासँग सहकार्य गरी अगाडि बढ्नुपर्ने बताउनुभयो ।

प्रतिस्पर्धी होइन सहकार्यको भावना राखी सहकार्य गर्दै अगाडि बढ्नुपर्ने र सामाजिक उत्तरदायित्व बहन गर्न सक्षम हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाका उपमेयर एवं कलेज सभाका उपाध्यक्ष रजनी जोशीले ख्वप सर्कलले दक्ष जनशक्ति उत्पादन गर्दै प्रतिस्पर्धी र देशभक्त नागरिक तयार गरिरहेको बताउँदै कलेजले भक्तपुरको पहिचानसहितको गतिविधिलाई अगाडि बढाउनुपर्छ भन्नुभयो ।

उहाँले वैज्ञानिक समाज निर्माण गर्नेतर्फ संस्था अगाडि बढ्नुपर्ने धारणा राख्दै ख्वप विश्वविद्यालय सञ्चालन गर्ने नगरपालिकाको उद्देश्य रहेको प्रस्ट पार्नुभयो ।

सभामा कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले पेस गर्नुभएको आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन र कलेजको आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम सर्वसम्मतिबाट पारित गरिएको थियो ।

प्रतिवेदनमाथि कलेज सभासद्हरू ई. सुनील दुवाल, ई. सुजन माक, डा. रत्नसुन्दर लासिवा, प्रा.डा. राजुभाइ त्याातले टिप्पणी गर्नुभएको थियो ।

## मधेश प्रदेशमा राजनैतिक अस्थिरता किन ?

कुकुरको पुच्छर १२ वर्ष ढुङ्ग्रोमा राखे पनि बाङ्गोको बाङ्गै भनेझैँ भदौ २३ र २४ गतेको युवा पुस्ताको आन्दोलनले नेका र एमालेको संयुक्त सरकार तासको घरझैँ भत्के पनि शासक दलका नेताहरूका भने अझै चेत खुलेको छैन । केही राजनैतिक दलहरू र बौद्धिक जमातले समेत प्रदेश सरकारको औचित्यमाथि नै प्रश्न उठाइरहेको बेला मधेश प्रदेशमा देखिएको राजनैतिक अस्थिरताले त्यसलाई थप बल पुऱ्याएको छ ।

दोस्रो कार्यकालको लागि निर्वाचन भएको तीन वर्षमा मधेश प्रदेशले ५ जना मुख्यमन्त्री पायो । धेरै सांसदहरू मन्त्री भए । प्रदेशमा कार्यरत दलहरूमा नयाँ सरकार गठन भएकै दिनबाट सरकार विघटनको खेल पनि सुरु हुने र केही महिनाभित्रै सरकार विघटन हुने त्यहाँको विशेषता नै बनेको छ । सरकारमा जाने दलहरूले त्यहाँको जनताको निम्ति के कस्तो सेवा सुविधाहरू प्रदान गर्ने भन्ने विषयलाई कहिल्यै प्राथमिकतामा राखेनन् । मधेसी जनताको लागि भने प्रदेश सरकार परिवर्तन कागलाई बेल पाक्यो हर्ष न बिस्मात भएको छ ।

एमालेका सरोजकुमार यादवले मुख्यमन्त्रीबाट राजीनामा दिएपछि नेकाका कृष्णप्रसाद यादव मङ्सिर १९ गते मुख्यमन्त्री नियुक्त भए । यादवलाई नेका, जसपा नेपाल, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), माओवादी, एकीकृत समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टीसहित सात राजनैतिक दलका ७७ सांसदले समर्थन गरेका थिए । यो सरकार पनि कति महिना टिक्छ त्यो भन्ने हेर्न बाँकी नै छ । पहिलो कार्यकाललाई छाडेर दोस्रो कार्यकालमा मुख्यमन्त्रीहरू औसत कार्यकाल ७ महिनामात्रै रहेको देखिन्छ ।

१०७ सदस्यीय प्रदेश सभामा बहुमत प्राप्त गर्न ५४ सांसदको समर्थन आवश्यक पर्छ । अहिलेको प्रदेश सभाको संरचना हेर्दा तीन वा सोभन्दा बढी दलहरूको समर्थनबिना कुनै पनि व्यक्ति मुख्यमन्त्रीमा नियुक्त हुन सम्भव छैन । २०७९ सालको प्रदेश सभा निर्वाचनमा सबभन्दा ठुलो दल एमाले देखियो । एमालेले प्रदेश सभामा २५ सांसद जितेको थियो । दोस्रो नेका २२, जसपा नेपाल १९, जनमत १३, माओवादी ९, नेकपा (एस) ७ जना निर्वाचित भएका थिए । त्यसैगरी नागरिक उन्मुक्ति पार्टी, राप्रपा र जसपाले एक एक सिट जितेका थिए । निर्वाचनमा कुनै पनि दलको बहुमत नआउनु र धेरै दलहरूसँग मिलेर मात्र सरकार गठन सम्भव भएको कारण मधेसमा राजनैतिक अस्थिरताले निरन्तरता पाएको हो । केन्द्रमा समीकरण परिवर्तनसँगै त्यसको असर प्रदेश तहमा पर्ने भएको कारण पनि बराबर सरकार परिवर्तनका खेलहरू भइरहेका हुन् ।

दलहरूमा राजनैतिक नैतिकता नहुनु पनि अस्थिरताको अर्को कारण हो । यसअघिको मुख्यमन्त्री सरोज यादवले प्रदेश प्रमुखको कार्यकक्षमा शपथग्रहण नगरी बर्दिवासको एक होटलमा शपथ ग्रहण गरेका थिए । मधेस प्रदेशमा त्यसको चर्को

*बाँकी पृष्ठ ११ मा*



माओ त्सेतुङ

विश्व इतिहासको निर्माणमा जनता मात्र जनता नै निर्णायक शक्ति हुन् । जनताको साथ र समर्थन रहेमा जस्तै कठिनाइ पनि पार गर्न सकिन्छ ।

## सम्पादकीय

# सार्वजनिक हितलाई प्राथमिकता वा व्यक्तिलाई ?

सार्वजनिक भन्नाले समाज र देश भन्ने अर्थ लाग्छ । नेता कार्यकर्ताले देश, समाज र पार्टीको हितलाई प्राथमिकता दिने वा व्यक्तिलाई ? भन्ने प्रश्न हिजो पनि थियो र आज पनि छ । केही पुँजीवादी शासक दलहरू र ती दलका नेता र कार्यकर्ताहरूले नयाँ 'कार्यकर्ता' बनाउँदा 'तिमी हाम्रो पार्टीमा काम गर्यौ र हाम्रो पार्टी ठुलो भयो र सरकारमा गयो भने हामी तिमीलाई काममा लगाइ दिन्छौँ, केही काममा तिमी पक्राउ पर्‍यो भने हाम्रो दलले, नेता र मन्त्रीहरूले छोडाइदिने पक्का छ !' भनेर फकाउँछन् ।

यस्ता आश्वासनहरूको विरोधमा नेमकिपाले सदा नयाँ कार्यकर्ता वा आवेदकहरूलाई सचेत पार्दै आएको छ । नेपालको अङ्ग्रेजहरूसँग युद्धमा माथिल्ला पदाधिकारीहरूले देशको गुह्य कुरा विदेशीलाई दिएको हुँदा सुगौली सन्धिमा नेपाल हारेको थियो । हाम्रो देश आजसम्म बेलायती साम्राज्यवाद र भारतीय एकाधिकार पुँजीको कारण नयाँ उपनिवेशको स्थितिमा छ । अर्धउपनिवेश र नयाँ उपनिवेशको अर्थ हो - नेपालमा प्रत्यक्ष रूपले बेलायती सेना र भारतीय सेनाको उपस्थिति भई शासन चलाउने नभई अप्रत्यक्ष रूपले नेपाली सरकारलाई दबाब दिएर आर्थिकरूपले वा सांस्कृतिकरूपले हाम्रो देशमा ती देशहरूले अप्रत्यक्ष शासन गर्नु । साम्राज्यवादी र विस्तारवादी देशहरूले आ-आफ्नो सेनामा नेपाली युवाहरूलाई राखेर कोही पर्‍यो भने अन्य देशमा आक्रमण गर्न प्रयोग गर्ने गर्छन्, तिनीहरूले हाम्रो देशले तिनीहरूको सामान महँगोमा किन्न हाम्रो बाध्य पार्छन् - उदाहरणको निम्ति हरेक वर्ष अर्बौं रुपैयाँको चाहिने रासायनिक कृषि मल, ग्यास, पेट्रोल, खाद्य सामग्री, मोटर, ट्रक, ट्रिपर आदि सामानलाई किन्न हाम्रो देशलाई बाध्य पारिएको छ । त्यस्तै, नेपालका नदीनालाका जलविद्युत् भारतसँगै किन्नुपर्ने बाध्यता पार्‍यो । अब त्यही जलविद्युत् भारत र संयुक्त राज्य अमेरिकाले एमसीसीको सन्धिमार्फत नेपालले तिनीहरूसँग किन्नुपर्ने बनायो । नेपाली निर्यात गर्ने सामान पनि तिनीहरूले भनेकै भाउमा बेच्नुपर्ने सन्धिहरूमा नेपालीलाई हस्ताक्षर गराएका छन् । नेपालको संविधान बनाउँदा ती उपनिवेशवादी देशहरू मिलेर पूर्वप्रधानन्यायाधीशलाई प्रधानमन्त्री नबनाउने प्रस्ट दफा भएको हुँदा छिमेकी देश रिसाएको थियो । छिमेकी देशबाटै नेपालको सर्वोच्च अदालतको प्रधानन्यायाधीशलाई 'प्रधानमन्त्री' बनाइयो र आज पनि पूर्वप्रधानन्यायाधीश नै नेपालको प्रधानमन्त्रीको पदमा छन् । यी सबै उपनिवेशवाद वा अर्धउपनिवेशका उदाहरणहरू हुन् ।

नेमकिपाले नयाँ पार्टी सदस्यका आवेदकहरू र नयाँ कार्यकर्ताहरूलाई देशको वर्तमान परिस्थिति र एसिया, अफ्रिका, दक्षिण अमेरिका, युरोपियन देशहरू र संयुक्त राज्य अमेरिकाको हाम्रो र अन्य देशमा भइरहेको आक्रमण, थिचोमिचो र धम्कीहरूबारे प्रशिक्षित गर्छ । साथै, देशका हरेक युवालाई देशभक्ति र नेपाली जनताको सेवामा समर्पित हुन र त्यसैमा प्राथमिकता दिन शिक्षित गर्छ । नेमकिपाले पुँजीवादी व्यवस्था र समाजवादी व्यवस्थाको तुलनात्मक अध्ययन र उदाहरण दिँदै वर्ग र शोषणरहित समाज, व्यक्तिको योग्यताअनुसारको काम र आवश्यकताअनुसार समाजले पूर्ति गर्ने तथा अध्ययन, स्वास्थ्य सेवा जन्मेदेखि अन्तिम अवस्थासम्म व्यक्तिले होइन समाजले आफ्नै परिवारका सदस्यको रूपमा हेरचाह गर्ने राज्यविहीन एक आदर्श समाज अर्थात् साम्यवादी समाजको बारे प्रशिक्षण गर्ने गर्छ ।

वर्तमान समयमा शासक दलहरूले आफ्नै नेताहरूको व्यक्तिगत हितलाई प्राथमिकता दिएर नेपाल बाल सङ्गठनको नाममा नक्सालस्थित 'बाल मन्दिरमाथि भ्रष्टाचारको कुकर्म' गराएकोमा 'प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो' सीआईएले मुद्दा दायर गर्दै छ । (नेपाल समाचारपत्र - १५ मङ्सिर २०८२)

अर्को कहालीलाग्दो समाचार छ - "पोखरा विमानस्थलमा ८ अर्ब ३६ करोड भ्रष्टाचार, ५ पूर्वमन्त्री, १० पूर्वसचिवसहित ५४ जनाविरुद्ध मुद्दा" (राजधानी - २२ मङ्सिर २०८२) ।

यसकारण नेमकिपाका कार्यकर्ताहरूले आर्थिक कारोबारदेखि विवाहसम्म वा घर जग्गाको कारोबारसम्म व्यक्तिगत हितको नाममा समाज र जनताको जनजीवनमा खराब असर पर्ने कामसमेत गर्न नहुनेबारे सचेत पार्दै आएका छन् । त्यस्ता काममा पार्टी सदस्य एक जनामात्रले पनि आफ्नो नातागोता र साथीको नाममा समाज र पार्टीको अहितलाई प्राथमिकता दिए त्यो खोटपूर्ण हुने निश्चित छ । यसबारे पार्टी कार्यकर्ता र समर्थक साथीहरूले माथिल्ला समितिका साथीहरूसँग सल्लाह नगर्दा गलत हुनेबारे बारम्बार सचेत गर्नु आवश्यक छ । नेमकिपाको मुख्य उद्देश्य देश र जनताको हितलाई प्राथमिकता दिने हो व्यक्तिलाई होइन ।

# शासक पार्टीहरूको नाम र नेता फरक तर काम एउटै !

● प्रज्ज्वल

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा ५ पूर्वमन्त्रीसहित ५५ जनाविरुद्ध ८ अर्ब बढी भ्रष्टाचार भएको आरोप लगाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गर्‍यो । यो भ्रष्टाचारमा केहीले ऋण सहयोग दिने चिनिया सरकार र निर्माण ठेक्का लिने चिनियाँ कम्पनीलाई पनि संलग्न भएको आरोप लगाएको सार्वजनिक भयो ।

नेपालको एउटा उखान छ, 'नाच्न नजान्ने, आँगन टेढो ।' पोखरामा निर्माण भएको अन्तर्राष्ट्रिय विमानस्थलमा के कति अनियमित भयो ?त्यो किन कसरी भयो ? यसको जवाफदेही नेपाल सरकार नै हुनुपर्छ । सरकारले सम्भावित अनियमितताको पूर्वानुमान गरी स्वदेशी होस् या विदेशी त्यसलाई रोक्ने सबै उपाय गर्नु जरुरी हुन्छ । पूर्वमन्त्रीहरू नेकाका रामशरण महत, एमालेका भीमप्रसाद आचार्य, माओवादीका पोष्टबहादुर बोगटी, खिलराज रेग्मी सरकारका मन्त्री रामकुमार श्रेष्ठ, एमालेकै मन्त्री दीपकचन्द्र अमात्यलगायत सरकारी अधिकारीहरू, पुल्चोक इन्जिनीयरिङ कलेजका प्राध्यापकहरूसमेत यो भ्रष्टाचारमा मुछिएको सार्वजनिक भयो ।

बहुदलीय व्यवस्था पुन:स्थापना र गणतन्त्रको ३५ वर्षयता नेका, एमाले, माओवादी नै सरकारको नेतृत्वमा र मन्त्रीमा थिए । नेपाली जनताले सरकारमा गएका दलका नेता र कार्यकर्ताहरूबाट भएका भ्रष्टाचारको विरोध गर्दै आएका हुन् । कुनै पनि सरकारले जनताको विरोधलाई बुझ्न सकेन ।

मेलम्ची खानेपानी आयोजनालगायतमा भएको भ्रष्टाचारको अभियोगमा नेकाबाट प्रधानमन्त्री भएका शेरबहादुर देउवा पनि महाराजगञ्ज प्रहरी प्रतिष्ठानमा पुर्पक्षको लागि थुनामा परेका थिए । तत्कालीन राजा ज्ञानेन्द्रको प्रतिगामी सरकारको आरोप भनी देउवा चोखिएका थिए । देउवाले आफ्नो पत्नी आरजु राणामार्फत पार्टीका उम्मेदवार भएकाहरूबाट रकम असुल्ने, पार्टीका मन्त्रीहरूमार्फत कमिशन बटुल्ने र राजनीतिक नियुक्तिमा पनि कुम्ल्याउने गरेको सार्वजनिक भएको हो ।

एमालेका केपी ओली यतिखेर चुनावी सरकारका प्रधानमन्त्री सुशीला कार्कीले सम्पत्ति शुद्धीकरण विभागमार्फत पक्राउ गर्न लागेको सार्वजनिक गर्दै छ । एमालेबाटै प्रम भएका माधवकुमार नेपाल भारतीय रामदेवको मातहत खुलेको पतञ्जली कम्पनीलाई काभ्रेको साँगामा हजारौँ रोपनी जग्गा खरिद र बिक्री गराएको आरोपमा अख्तियारको मुद्दा बोक्दै छ । एमालेबाट ३-४ पटक मन्त्री भएका राधाकृष्ण मैनालीले आफ्नो संस्मरण पुस्तकमा 'मन्त्री भएकाहरू भ्रष्टाचारी भएको' उल्लेख गरे । मैनालीका भाइ एमालेका अर्का नेता सीपी मैनालीलाई भारतसँगको चिनी खरिदमा भ्रष्टाचारको आरोप लगाई तत्कालीन एमालेको सरकारका प्रम मनमोहन अधिकारीले आपुर्ति मन्त्रीबाट बर्खास्त गरेका थिए । एमालेका प्रम झलनाथ खनालले ३ ओटा देशको नागरिकता भएका ल्हारक्याल लामालाई मन्त्री बनाएका थिए । माओवादीका पुष्पकमल दाहालले समानुपातिक सांसद बनाएका उही लामाको लकरमा पिस्तोलको गोली भेटिएको सार्वजनिक भयो । प्रम दाहालले भारतीयलाई सजिलै नेपाली नागरिकता दिने विधेयकसँग भारतको मुर्रा भैँसी साटेका थिए । माओवादीबाट प्रम भएका बाबुराम भट्टराईले भारतसँग बीप्पा सम्झौता गरे ।

नेका र एमालेका ओली सरकारले गत भदौ २३ गतेको युवाहरूको सडक प्रदर्शनमा हुनसक्ने घुसपैठबारे पूर्वानुमान गर्न सकेन । सरकारको दमनमा काठमाडौँमा १७ जना र सुनसरीमा २ जनासमेत १९ जनाको मृत्यु भयो । नेकाका गृहमन्त्री रमेश लेखकले सोही दिन राजीनामा दिए । एमालेका प्रम ओलीले भदौ २४ गते शान्ति सुरक्षा कायम गर्न सकेनन् । देशभरि सार्वजनिक भवन र केही निजी भवनमा पनि आगजनी भयो । दिउँसो २ बजे प्रम ओली राजीनामा दिएर सेनाको हेलिकप्टरमार्फत बेठेगान भए । राष्ट्रपति रामचन्द्र पौडेल र नेपाली सेनाको संलग्नतामा भदौ २७ गते सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई प्रममा नियुक्ति गरियो र प्रतिनिधिसभाको विघटनसँगै आगामी फागुन २१ गते चुनाव हुने मिति निर्धारण गरियो ।

यतिबेला निर्वाचन आयोगमा ११४ ओटा पार्टीले प्रतिनिधिसभाको निर्वाचनमा भाग लिने व्यहोरोसहित दर्ता गरे । यसमा नेका र एमाले पनि छन् । तर, यी दुवै पार्टीले विघटित प्रतिनिधिसभा पुन:स्थापना गर्नुपर्ने माग राखी सर्वोच्च अदालतमा निवेदन पनि दिएका छन् भने अन्तरिम सरकारका प्रम सुशीला कार्कीले निर्वाचनबारे बोलाएका बैठकहरूमा पनि सहभागी भइरहेका छन् । केही दिनअघि नेकाका देउवा र आरजु राणा, एमालेका ओली र राधिकाको औपचारिक भेटवार्ता गरिएको सार्वजनिक भयो । भेटवार्तामा माघ ११ गते हुने राष्ट्रियसभाको रिक्त १९ स्थान र फागुन २१ गते हुने प्रतिनिधिसभाको चुनावमा संयुक्त गठबन्धन बनाउने र फागुन २१ को निर्वाचनमा दुई पार्टीको गठबन्धनको बहुमत प्राप्त गरी देउवालाई प्रम बनाउने सम्बन्धी कुराकानी भएको सार्वजनिक भयो ।

सिद्धान्तहीन गठबन्धन जुनसुकै पार्टीहरूबिच भए पनि त्यस्तो चुनाववाट नेपाल र नेपाली जनताको हित हुने छैन । माओवादीका दाहाल र एसका माधव, झलनाथ, वामदेवलगायतले १५ पार्टी एकीकृत गरी नेपाली कम्युनिस्ट पार्टी गठन गरेको दावी गरे । रास्वपा र विवेकशील साझा पार्टी पनि एकीकरण गरिएको सार्वजनिक भयो । यसमा ऊर्जामन्त्री कुलमान घिसिङ संलग्न उज्यालो नेपाली पार्टी पनि मिसिने सार्वजनिक भइरहेको छ । यी सबै जनताको लागि 'कागलाई बेल पाक्यो हर्ष न विस्मात' जस्तै हो । पुरानो सामन्तवादी र पुँजीवादी विचार बोक्ने पार्टीहरूका नयाँ र पुराना अनुहारको अहिले औचित्य छैन ।

अन्तरिम सरकारका प्रम सुशीला कार्कीले हटाएका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई सर्वोच्च अदालतले पुन:स्थापना गर्‍यो भने ११ देशका राजदूतहरूलाई यसअघि नै पुन:स्थापना गरेको थियो । नेका र एमालेले विघटित प्रतिनिधिसभा सर्वोच्च अदालतबाट पुन:स्थापना हुने झिनो अपेक्षा गर्दै छन् । कतिपय नेपालीहरू २०८४ सालमा हुनुपर्ने प्रतिनिधिसभाको चुनाव २०८२ सालमा गराउन गत भदौ २३ र २४ गते हत्या, तोडफोड र आगजनी गरिएको हो भनी प्रश्न गर्दै छन् । यतिखेर राजनीतिक विश्लेषकहरूले बहुदलीय व्यवस्था पुन:स्थापना र गणतन्त्रको ३५ वर्षयता सरकारमा गएका दलहरू र तिनका नेताहरूले नागरिक शासनलाई कमजोर पारेको दाबी गर्दै छन् । यसर्थ नेपाली जनताले पार्टीको नाम फरक तर प्रम, मन्त्री तथा सरकारको उच्च निकायमा पुगेर विस्तारवाद र साम्राज्यवादका दलाल भएकाहरूलाई चिन्नु जरुरी छ ।

# देश लुटाहा शासक दलहरू जनताद्वारा बहिष्कृत हुन आवश्यक




शुक्र

सन्दर्भ : अन्तर्राष्ट्रिय भ्रष्टाचारविरुद्धको दिवस

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा ८ अर्ब ३६ करोड भ्रष्टाचार भएको ठहर गरी तत्कालीन अर्थमन्त्री रामशरण महतसहित ५५ जना र ठेकेदार कम्पनीविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मङ्सिर २१ गते मुद्दा दर्ता गर्‍यो । सो विषयमा संसद्को लेखा समितिबाट गठित उपसमितिले पनि भ्रष्टाचार भएको प्रतिवेदन तयार पारेको हो ।

नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिको २०६७ असोज ६ गतेको बैठकबाट विमानस्थल निर्माणको लागि १४ करोड ५० लाख अमेरिकी डलरको अनुमान लागत स्वीकृत भएको थियो । पछि नाटकीय रूपमा समिति बनाएर नक्कली प्रतिवेदन तयार पारी २४ करोड ४० लाख ४० हजार अमेरिकी डलर लागत पुऱ्याइयो ।

पूर्वाधार निर्माण गर्ने ठेकेदार कम्पनीले निर्माण सम्पन्न भएपश्चात् आयोजना सञ्चालन गर्ने वातावरण बनाउनुपर्ने कानुनी व्यवस्था छ । तर, निर्माण सम्पन्न भएर उद्घाटन भइसक्दा पनि विमानस्थल सञ्चालन हुन सकेन । ठेकेदार कम्पनी आफैले विमानस्थल नजिकै रहेको छिनेडाँडा, रिठ्ठेपानी डाँडा कटान गर्नुपर्नेमा कटानको जिम्मा अर्को ठेकेदारलाई दिई ३२ करोड २ लाख रुपैयाँ हिनामिना गरेको देखियो । सम्झौतामा ठेकेदार कम्पनीले नै परामर्शदाता नियुक्ति गर्नुपर्ने प्रावधान छ । तर, छुट्टै परामर्शदाता नियुक्ति गरी २८ लाख अमेरिकी डलर थप दोहन गरेको खुलासा भयो । साथै न्यूनतम प्राविधिक योग्यता नै पूरा नगरेका तीन चिनियाँ ठेकेदार कम्पनीको बोलपत्र रद्द नगरी सोही कम्पनीलाई नै सुरु लागत अनुमान 'वार्ता' को नाममा थप १६ करोड ६४ लाख १० हजार अमेरिकी डलर (८५ प्रतिशत) लागत वृद्धि गरी भ्रष्टाचार गरियो ।

माओवादीका नेता पोष्टबहादुर बोगटी पर्यटनमन्त्री हुँदा प्राविधिक रूपमै अस्वीकृत भएको बोलपत्रदाताको आर्थिक प्रस्ताव कानुनविपरीत खोल्ने निर्णय सञ्चालक समितिबाट गरेको खुलासा भयो । बोगटीले प्रभावग्राही नभएको बोलपत्रदातासँग ठेक्काबारे पुनः वार्ता गर्न नमिल्ने रायविपरीत लागत अनुमानभन्दा ८५ प्रतिशत बढी कबोल गर्ने सिएएमसीसँग वार्ताका लागि निर्णय गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लगे ।

काङ्ग्रेस नेता रामशरण महतले ठेकेदार कम्पनीसँग मिलेमतो गरी संशोधित लागतमा आयोजना अघि बढाउन विभिन्न मन्त्रालयका सचिव र कर्मचारीको बैठक राखे । बैठकले मन्त्रिपरिषद्को स्वीकृतिका लागि प्रस्ताव पेस गर्ने निर्णय गर्‍यो । तत्पश्चात् सम्झौता भएको रकमका लागि ऋण सहायता माग गर्न 'एक्जिम बैङ्क अफ चाइना' मा पत्राचार गर्ने निर्णय गर्‍यो ।

एमालेका नेता भीमप्रसाद आचार्य पर्यटनमन्त्री हुँदा पनि लागत रकम बढाइएको थियो । बढाइएको लागतमा ठेक्का अघि बढाउन आचार्यले मन्त्रीस्तरीय निर्णय गरी खरिद कानुनविपरीत परियोजनाको काम अघि बढाए । उनले २१५.९६५ मिलियन डलर लागत अनुमान र बीओक्यू मोडललाई ईपीसी मोडलमा परिमार्जन गर्ने निर्णय पनि गरे । एमालेका अर्का नेता दीपकचन्द्र अमात्य पर्यटनमन्त्री हुँदा ईपीसी मोडलबमोजिम प्राधिकरणबाट परिमार्जित लागत तथा डिजाइनअनुसार कार्यान्वयन स्वीकृति दिने प्रस्ताव मन्त्रिपरिषद्मा पेश गरे ।

पूर्वसचिव रामकुमार श्रेष्ठ पर्यटनमन्त्री हुँदा सीएएमसीको सम्भाव्यता अध्ययनमाथि सहमति गरी परामर्शदाता टोली गठन गरे । उक्त परामर्शदाता टोलीले बढाएको संशोधित लागत २१५.९६५ मिलियन अमेरिकी डलरलाई सञ्चालक समितिबाट अनुमोदन गरेर त्यसैअनुसार निर्माण कार्य अघि बढाउन स्वीकृतिका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पेस गरे ।

२०७४ चैतदेखि २०७८ असोजसम्म एमालेका ओली र नेकाका देउवा प्रधानमन्त्री हुँदा सम्झौताविपरीत विभिन्न ठेकेदार कम्पनीलाई २ अर्ब २२ करोड ४० लाख रुपियाँ कर छुट दिइ अनियमितता गरेको समाचार पनि प्रकाशित भएको थियो । यसले देशको ढुकुटी लुट्नकै निम्ति काङ्ग्रेस, एमाले, माओवादीलगायतका शासक दलहरू लागेको पुष्टि हुन्छ । भ्रष्ट शासक दलहरूलाई नेपाली जनताले आउँदो निर्वाचनमा बहिष्कार गर्नु जरुरी छ ।

# स्वयम्सेवक दिवसको औचित्यता र त्यसको सान्दर्भिकता

● विवेक

**'देश र जनताको सेवा नै राजनीति हो' भन्ने न कसैले बुझाउन चाहे न कसैले बुझ्न नै चाहे । शासक दलका नेताहरू सत्तामा गएको केही वर्षमै करोडपति र अर्बपति बने । कार्यकर्ताहरूले पनि नेताहरूको सिको गर्ने नै भए । अहिले राजनीति सेवाभन्दा व्यापारमा रूपान्तरण हुँदै छ । शासक दलहरूबिच पैसाले मन्त्री, सांसद, मेयर, वडाध्यक्षको खरिद बिक्री हुने गर्छ । यो पुँजीवादको विकृतिबाट राजनीतिलाई जोगाएर लानु आजको चुनौती हो । आजको सन्दर्भमा स्वयम्सेवक दिवस मनाउनुको औचित्य र त्यसको सान्दर्भिकता झन् बढ्दै गएको छ ।**

डिसेम्बर ५, अन्तर्राष्ट्रिय स्वयम्सेवक दिवस । विश्वभर उक्त दिन विभिन्न कार्यक्रमका साथ स्वयम्सेवक दिवस मनाइयो । सन् १९८५ देखि संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूले आर्थिक र सामाजिक परिवर्तनका लागि काम गर्ने स्वयम्सेवकहरूको भूमिकाको सम्मान गर्दै स्वयम्सेवक दिवस मनाउँदै आएका हुन् । नेपालमा पनि जिल्ला जिल्लामा कार्यरत स्वास्थ्य स्वयम्सेविकाहरू भेला गरी सङ्घ, प्रदेश र स्थानीय तहहरूले स्वयम्सेवक दिवस मनाए । भनपाले पनि स्वास्थ्य स्वयम्सेविकाहरू भेला गरेर स्वयम्सेविका दिवस मनायो । कार्यक्रममा स्वयम्सेवकहरूले समाजमा खेलेको भूमिका, त्यसको आवश्यकता र महत्त्व तथा आजको सन्दर्भमा स्वयम्सेवकहरूको सान्दर्भिकताबारे व्यापक चर्चा गरियो ।

स्वयम्सेवकको अर्थ भित्री मनदेखि नै समाजको सेवा गर्ने भावना हो । स्वयम्सेवकहरूले न तलब सुविधाको मतलब राख्छ, न कुनै डर र त्रास लिन्छन् । समाजको आर्थिक र सामाजिक रूपान्तरणको लागि उसले निरन्तर काम गरिहेको हुन्छ । सेवामै उसले आत्मसन्तुष्टि र आत्मगौरव प्राप्त गर्छ । त्यसैले समाजमा स्वयम्सेवकहरूको इज्जत र सम्मान बेग्लै हुन्छ ।

सामाजिक कार्यकर्ताहरू समाजका स्वयम्सेवकहरू हुन् । मर्दापर्दा समाजले उनीहरूलाई सम्झने गर्छ । स्वयम्सेवकहरू ज्यानको बाजी राखेर काम गर्छन्; आफ्नो भन्दा अरूको चिन्ता गर्छन् । भूकम्पको बेला होस् या बाढी पहिरो, आगजनी या महामारीको बेला, आफ्नो ज्यान जोखिममा राखेर पनि उनीहरूले काम गरे, कैयौँको ज्यान जोगाए त कैयौँको धनसम्पत्ति । यद्यपि, उनीहरूले कहिले पनि आफूले गरेको कामप्रति घमण्ड गरेनन्, बरु अरूको ज्युज्यान र सम्पत्ति बचाउन सकेकोमा गर्व गर्दै समाजको सेवा गर्न अरूलाई पनि उत्साहित गर्छन् । अग्रज व्यक्तित्वहरूले गरेको स्वयम्सेवी भावनाले नै देश आजको अवस्थामा आइपुगेको हो । त्यसैले समाज रूपान्तरणमा नि:स्वार्थ रूपले समाजको सेवा गर्ने स्वयम्सेवक कार्यकर्ताहरूको पनि महत्त्वपूर्ण योगदान छ ।

भक्तपुर आजको अवस्थासम्म आइपुग्न धेरै सामाजिक र राजनैतिक कार्यकर्ताहरूको योगदान छ । आजभन्दा ४० वर्षअघि भक्तपुर अत्यन्त फोहोर नगर थियो । सडकहरूमा मान्छेभन्दा बढी सुँगुर दौड्थे । सडकका दायाँ बायाँ फोहर ढल बग्थ्यो । सफाइको नाउँमा 'सवारी' को दिनमा चुन र फिनेल छर्किन्थ्यो । सडकमा सेतो गरी चुन छर्केको दिन कुनै महत्त्वपूर्ण व्यक्ति 'सवारी' हुँदै छ भनेर जनताले बुझ्थे । समयसँगै जनप्रतिनिधिहरू, राजनैतिक र सामाजिक कार्यकर्ताहरूले सफाइ अभियान चलाए । च्वाफी, चुन र फिनेल बोकेर सडक, टोल र चोकहरू सफाइमा लागे । एउटै जातिमा सीमित सफाइ कार्य अन्य जातिले पनि गर्नुपर्छ भन्ने भावनाको विकास भयो ।

सुरु सुरुमा सफाइमा लागेका कर्मचारीहरूलाई नातागोता, आफन्तहरूले चाडबाड भोजभतेरमा बहिष्कार गरे । सामाजिक र राजनैतिक कार्यकर्ताहरूले सफाइ गर्नु धर्म हो; कुनै अपराध होइन, 'समाजको सेवा गर्नेहरूलाई इज्जत गर्नुपर्छ' भनेर विभिन्न कथा, कविता, निबन्ध, नाटक लेखेर उत्साहित मात्र गरेनन्, ठुल्ठुला मञ्चहरूमा ती सफाइ मजदुरहरूलाई सम्मान पनि गरे । त्यसले भक्तपुरमा सफाइमा क्रान्ति ल्यायो । अग्रजहरूको त्यो भावनालाई कायम राख्न भक्तपुर नगरपालिकाले अहिले पनि हरेक महिनाको १ गते र १५ गते ठाउँ ठाउँमा नियमित सरसफाइ गर्दै आएको छ । आजको सफा भक्तपुर अग्रजहरूको स्वयम्सेवी भावनाको परिणाम हो ।

शिक्षामा भक्तपुर अत्यन्त पछाडि थियो । शिक्षाबिना समाज अगाडि बढ्न नसक्ने ठहर गर्दै समाजका अगुवाहरूले विद्यालयहरू निर्माणमा जोड दिए । घर र छाप्राहरू, पाटी पौवा, सत्तल र मठहरूमा बच्चाहरूलाई पढाउन सुरु गरियो । शिक्षा प्रचारको अभियान चल्यो । एस.एल.सी. पास हुनेबित्तिकै शिक्षकको रूपमा पढाउने चलन सुरु भयो । त्यसरी पढाउने अधिकांश शिक्षकहरू स्वयम्सेवकहरू थिए । उनीहरूले कहिल्यै तलब सुविधाको मतलब गरेनन् । समाजलाई रूपान्तरण गर्नु एकमात्र उनीहरूको स्वार्थ थियो । नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरूले त्यही भावनालाई अगाडि बढाए । प्रौढ कक्षा, रात्री कक्षाहरूको सञ्चालन त्यसैको सिलसिला थियो । २०५६ सालमा नगरपालिकाले ख्वप मावि सञ्चालन सुरु गर्‍यो । आज त्यही जगमा उच्च शिक्षा प्रदान गर्ने सातवटा शैक्षिक संस्थाहरू सञ्चालित छन् । भक्तपुर शिक्षाको केन्द्रको रूपमा क्रमश: विकास हुँदै छ ।

'एक घर एक स्नातक' अभियानले शैक्षिक जगतमा क्रान्ति ल्यायो । १९ हजार घर धुरी र ८० हजार स्थायी बासिन्दा भएको भक्तपुरमा २ हजारभन्दा बढी इन्जिनियर छन् अर्थात् प्रति ९ परिवारमा १ जना इन्जिनियर छन् । त्यस्तै १ हजारभन्दा बढी नर्सहरू छन् । त्यो प्रति १८।१९ परिवार बराबर १ नर्स हो । हरेक घरमा स्नातक र स्नातकोत्तर गरेकाहरू भेट्न सकिन्छ । आजको भक्तपुर ती नै अग्रजहरू जसले समाज रूपान्तरणको लागि अहोरात्र खटे, बिनास्वार्थ समाज सेवाको भावनाले काम गरे, आजको शिक्षित भक्तपुर त्यसैको उपलब्धि हो ।

स्वास्थ्य उपचारको नाउँमा त्यतिबेला चारफुक वैद्यको विकल्प थिएन । अन्धविश्वास व्याप्त थियो । आमा–शिशु मृत्यु दर निकै बढी थियो । झाडाबान्ता जस्ता रोगहरूले महामारी रूप लिएर धेरैको ज्यान जाने गर्थ्यो । स्वास्थ्य सेवालाई राम्रो बनाउन धेरै सामाजिक कार्यकर्ताहरूले मिहिनेत गरे । स्वस्थ नागरिक तयार गर्न जनचेतनामूलक कार्यक्रमहरू नियमित सञ्चालन गरियो । नगरपालिकाको जनस्वास्थ्य केन्द्रलाई स्तरोन्नति गर्दै स्वास्थ्य सेवामा विकास गर्दै लगियो । अहिले घरघरमा गएर नर्स सेवा, वडा वडामा स्वास्थ्य केन्द्रहरू, १०० शैय्याको ख्वप अस्पतालको निर्माणले भक्तपुरका मात्रै होइन देशभरका जनताको लागि स्वास्थ्य उपचार सेवा सहज बनेको छ ।

सामाजिक र राजनैतिक कार्यकर्ताहरूको अथक प्रयासको कारण आज स्वास्थ्य क्षेत्रमा भक्तपुर नमुना बन्दै छ । सबैजसो सरकारी अस्पताललाई राम्रो र व्यवस्थित सञ्चालनमा ल्याएपछि निजी अस्पतालमा जाने बाध्यताको प्राय: अन्त्य भएको छ । हरेक खालको उपचार भक्तपुरमा सम्भव हुँदै छ । भक्तपुर स्वास्थ्य उपचारको केन्द्रको रूपमा विकास हुँदै छ । स्वयम्सेवी भावनाले काम गर्ने यहाँका अग्रजहरूको भावनाको मूर्त रूप आज स्वास्थ्य क्षेत्रमा पनि देखिँदै छ ।

केही दशक अगाडिसम्म भक्तपुरका सम्पदाहरू बेवारिसेझैँ थिए । न पुरातत्त्वले ध्यान दिएको थियो, न त गुठी संस्थानले नै । पुर्खाले बनाएका अमूल्य सम्पदाहरू छरपष्ट रूपमा बिग्रँदै थियो । भनपाले स्वामित्व लिएर ती सम्पदाहरू जनताको सहयोगमा जीर्णोद्धार र पुन:निर्माणको थालनी गरेपछि सम्पदा संरक्षणको क्षेत्रमा भक्तपुर उदाहरण नै बन्दै छ । 'पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति' को नारालाई जनजनमा पुर्‍याइयो । सम्पदाहरू सबै नागरिकको साझा सम्पत्ति हुन् र संरक्षण गर्नु पनि सबैको साझा कर्तव्य हो भन्ने भावनाको विकास हुँदै छ । विदेशीको सहयोगमा सम्पदा पुन:निर्माण र जीर्णोद्धारलाई निषेध गरियो । सम्पदालाई ठेक्कामा बनाउन नहुनेमा कडाइका साथ आवाज उठाउँदै आएको छ । जनताको आर्थिक, भौतिक र विविध सहयोगमा २०७२ को महाभूकम्पमा ढलेका अधिकांश सम्पदाहरू पुरानै शैलीमा उभ्याइए । सम्पदा संरक्षणमा भक्तपुरले एउटा रेकर्ड नै कायम गर्‍यो । आफ्नै बलबुद्धिमा १६९ वटा सम्पदाहरू पुन:निर्माण र जीर्णोद्धार सम्पन्न गरेर भक्तपुरबासीको शिर उच्च राख्ने काम गर्‍यो र गर्दै छ । यो श्रमदान गर्ने संस्कृतिको परिणामले सम्भव भएको हो ।

**स्वयम्सेवी भावनामा कमी** :

समयको परिवर्तनसँगै स्वयम्सेवी भावनामा पनि कमी आएको छ । हरेक कामलाई पैसासँग जोडेर हेर्ने चलनको विकास हुँदै छ । विशेषगरी अहिलेको नयाँ पुस्तामा यो प्रस्ट रूपमा देखा पर्दै छ । अग्रजहरूले गरेको स्वयम्सेवाको भावनाले अहिलेका युवा पुस्ताले सुविधा पाएकोबारे बुझ्दैनन् वा बुझ्न पनि चाहँदैनन् । उनीहरू आफ्नो भाग्यले नै सुविधा पाएको ठान्छन् । यो सही होइन ।

विदेशी पैसाबाट सञ्चालन हुने गैरसरकारी संस्था (एनजीओ) र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ) जस्ता संस्थाहरूले युवाहरूमा स्वयं सेवा गर्ने भावनालाई समाप्त गर्दै छन् । उनीहरूले नयाँ पुस्ताका युवालाई पाइला पाइलामा पैसाको हिसाब राख्ने बनाइ दिएका छन् । समाजको सेवा गर्ने भावनाले काम गरेकाहरूलाई उनीहरू अबुझ ठान्छन् । अङ्ग्रेजी विद्यालयमा पढेर विदेशीसँग सम्पर्क भएको धाकधक्कु देखाएर आफूलाई अब्बल दर्जाको नागरिक ठान्छन् । उनीहरू आफू विदेशी दलाल भएको चाल पाउँदैनन् । युवा पुस्तामा देखिएको यो अत्यन्त खतरनाक सोच हो । त्यसको अन्त्य गर्नु जरुरी छ ।

पहिले टोल टोलमा टीम, क्लब, वाचनालय, पुस्तकालय, खेलकुद समितिहरू सक्रिय थिए । ती सबै स्वयम्सेवक संस्थाहरू थिए । सबैले आआफ्नो क्षेत्रमा स्वत:स्फूर्त रूपमा काम गरिरहेका हुन्थे । कसैले पनि पैसाको लोभ गर्दैनथे । अचम्मको कुरा त के हो भने अहिले स्वयम्सेवक संस्थाको रूपमा परिचित अन्तर्राष्ट्रिय संस्थाहरूमै भ्रष्टाचार भएका समाचारहरू आइरहेका छन् । नेपाल रेडक्रस सोसाइटीमा भएको भ्रष्टाचारमा अन्तर्राष्ट्रिय छानबिन समिति समेत गठन गर्नुपर्ने अवस्था आएको समाचारले नेपालकै बद्नाम भएको छ । संस्थाको उद्देश्यअनुसार नचल्नेहरूले संस्थाको बद्नाम गराउँछन् । त्यस्ता व्यक्तिहरूलाई समयमै चिनेर कारबाही गर्नुपर्दछ ।

**राजनीति पनि स्वयम्सेवा हो**

राजनीति पनि स्वयम्सेवा नै हो । राजनैतिक कार्यकर्ताहरूले दिनरात समाज सेवामा बिताउँछन् । उनीहरूले आफ्नो कामलाई कहिल्यै धन सम्पत्तिसँग तुलना गर्दैनन् र गर्नु पनि हुँदैन । विगतका राजनीतिक नेता, कार्यकर्ताहरूले देशमा राजनैतिक र आर्थिक परिवर्तनका लागि त्यही भावनाले काम गरेका थिए, तर अहिले शासक राजनीतिक पार्टीहरूमा पनि विकृति आएको छ । नेता कार्यकर्ताहरू पैसा कमाउनकै लागि राजनीतिमा प्रवेश गरेको पाइएको छ । त्यसको परिणाम राजनीतिक दल, नेता, कार्यकर्ताहरू बद्नाम भएका छन् । व्यापारीहरूले भन्दा छिटो पैसा कमाउने सोच भएका मानिसहरूको राजनीतिमा प्रवेशले आज सिङ्गो राजनीति नै बद्नाम हुन पुग्यो । युवा पुस्तामा राजनीतिप्रति वितृष्णा जाग्दै छ ।

'देश र जनताको सेवा नै राजनीति हो' भन्ने न कसैले बुझाउन चाहे न कसैले बुझ्न नै चाहे । शासक दलका नेताहरू सत्तामा गएको केही वर्षमै करोडपति र अर्बपति बने । कार्यकर्ताहरूले पनि नेताहरूको सिको गर्ने नै भए । अहिले राजनीति सेवाभन्दा व्यापारमा रूपान्तरण हुँदै छ । शासक दलहरूबिच पैसाले मन्त्री, सांसद, मेयर, वडाध्यक्षको खरिद बिक्री हुने गर्छ । यो पुँजीवादको विकृतिबाट राजनीतिलाई जोगाएर लानु आजको चुनौती हो । आजको सन्दर्भमा स्वयम्सेवक दिवस मनाउनुको औचित्य र त्यसको सान्दर्भिकता झन् बढ्दै गएको छ ।

---

**सन्दर्भ : बङ्गलादेशको जुलाई विद्रोह**

# साम्राज्यवादीहरूको छद्म युद्ध अध्ययन – ११

✍ रामरतन चौधरी

"मैले दिनरात काम गर्नुपर्छ किनभने मैले नेताका सन्तानको मस्तीका लागि कर तिर्नुपर्छ !" जस्ता आक्रोश पोखिएका भिडियो भदौ २३ र २४ गते नयाँ पुस्ताको आन्दोलनमा व्यापक चर्चाको विषय बन्यो । काठमाडौँ महानगरपालिकाका मेयर तथा र्‍यापर बालेन साहले बलिदान फिल्मको "गाई त बाँध्यो ढुङ्ग्रोमा मोही छैन, गरिबको चमेली बोल्दिने कोही छैन" गीतलाई र्‍यापमा गाएको पनि नयाँ पुस्ताका युवाहरूमा चर्चाको विषय बन्यो ।

Gen Z Against Corruption & Nepotism, No More Nepo Babies – We Demand Fair Opportunities र (नयाँ पुस्ता भ्रष्टाचार र नातावादको विरोध गर्छ, अरू नेपो बेबी चाहिन्न, हामी स्वच्छ अवसरको माग गर्दछौँ ।) जस्ता नारा लेखिएका प्लेकार्ड भदौ २३ गते सडकमा देखिए । भदौ २३ र २४ गते नयाँ पुस्ताको आन्दोलन हुनु अघि टिकटकमा 'नेपो बेबी', 'नेपो किड्स' शब्द व्यापक चलेको थियो । नेताका छोरा-छोरी तथा नाति-नातिनाहरू विदेशमा शयर गरी महँगो खाना र महँगा सामानहरूमा रमाएको सामाजिक सञ्जालमा देखाइएको थियो । उनीहरूले बाँचेको विलासी जीवन र आम नेपालीले बिताउनु परेको पीडादायी जीवनलाई तुलना गरेर सामाजिक सञ्जालमा विरोध गरिएको थियो । विलासी जीवन बिताउने नेपो बेबीका तस्बिरहरू कुनै खोज पत्रकारले ल्याएका थिएनन् । ती नै नेपो बेबीहरूले आफ्नो फोटो र सम्पत्ति रवाफ देखाउनको निम्ति सामाजिक सञ्जालमा पोस्ट गरेका हुन् । विद्युतीय माध्यममा सुरु भएको युवाको असन्तुष्टि भदौ २३ र २४ गते सडकमा पोखियो । यसमा भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादले आगोमा घिउ थप्ने काम गरे ।

> एक भारतीय सञ्चार माध्यम ANI Podcast with Smita Prakash सँगको अन्तर्वार्तामा नेपालमा चलेको 'नेपो किड्स ट्रेन्ड' बारे भारतीय लेखक तथा शिक्षक पवनित सिं (Pavneet Singh) ले भने, "चीन र इन्डियालाई काउन्टर दिने कथा (Narrative) बनाउनको निम्ति अमेरिकीहरू नेपालमा बसेका छन् । नेपालमा पश्चिमी प्रभावको (western centric) सामाजिक सञ्जाल छ । अमेरिकाले नेपालमा सामाजिक सञ्जालमार्फत जनपरिचालन (Mass Mobilization) गरायो । काठमाडौँका मेयर अमेरिकाले तयार पारेका व्यक्ति हुन् । अमेरिकाकै कारण बालेन साह काठमाडौँका मेयर बने । अमेरिका नेपालमा वैकल्पिक सरकार निर्माण गर्न चाहन्छ ।" (ANI Podcasst 2o25 sep 10)

सन् २०२३ अक्टोबरदेखि इन्डोनेसियामा 'नेपो बेबी' आन्दोलन सुरु भएको थियो । इन्डोनेसियाका तत्कालीन राष्ट्रपति जोको विडोडो (Joko widodo) का छोरा गिब्रान राकाबुमिङ (Gibran Rakabuming) लाई उपराष्ट्रपति उम्मेदवार बनाएपछि विवाद उत्पन्न भएको थियो । विडोडोका छोराहरूको राजनीतिक उदयलाई लिएर उठेको असन्तुष्टिपछि त्यहाँका विद्यार्थीहरूले 'नेपो बेबी' विरोधी आन्दोलन चलाएका थिए । यसै क्रममा Dark Indonesia नामक अभियान पनि चलेको थियो । साथसाथै भ्रष्टाचार, सामाजिक क्षेत्रमा बजेट कटौती र परिवारवादको राजनीतिविरुद्ध व्यापक प्रदर्शन भएको थियो ।

नेपो बेवी ट्रेन्ड फिलिपिन्समा पनि चलेको थियो । शासक दलका नेताहरूले नेपाली जनताबाट उठाइएको कर सात पुस्तालाई पुग्ने गरी भ्रष्टाचार गरेको विरोधमा जनतामा असन्तुष्टि बढेको थियो । दिनरात सङ्घर्ष गरेर पनि अवसर नपाएका युवाहरू र शासक दलका नेताका छोराछोरीको विलासी जीवनबिच तुलना गरिएको तस्वीर सामाजिक सञ्जालमा राखी विरोध गरिएको थियो । नेपालमा यो ट्रेन्ड अति भयो (Enough is Enough) अभियानसँगै सुरु भएको हो । सुरुमा यो आन्दोलनलाई Routine of Nepal Banda का संस्थापक भिक्टर पौडेल, पत्रकार राजिव खत्री, रास्वपाका सुलभ खरेललगायतको सहयोग भएको सार्वजनिक भयो ।

**के हो नेपो किड्स वा नेपो बेबी ?**

नातावाद र आफ्ना मान्छेका लागि अनावश्यक लाभ लिने प्रवृत्ति बुझाउने अङ्ग्रेजी शब्द 'नेपोटिजम' (Nepotism) बाट 'नेपो बेबी' बनेको हो । यो शब्द इटालियन 'नेपोटिस्मो' (Nepotismo) बाट आएको हो । यसको मूल ल्याटिन शब्द Nepos हो । जसको अर्थ 'भतिजा' भन्ने लाग्दछ । १४ औँ १५ औँ शताब्दीतिर आफ्नो वैध सन्तान नभएका क्याथोलिक चर्चका पोप र विशपहरूले आफ्ना भतिजाहरूलाई बुबाले छोराहरूलाई दिएजस्तै उच्च पदहरू दिन्थे । उनीहरूले आफ्ना भतिजा तथा आफन्तहरूलाई कार्डिनलेट (Cardinalate) मा बढाएर आफ्नो वंशलाई निरन्तरता दिन्थे । यो नातावादको नमूना थियो । (Cardinal क्याथोलिक चर्चका पोपको सल्लाहकारको रूपमा काम गर्ने वरिष्ठ सदस्य हो ।)

राजपरिवारले आफ्नो उत्तराधिकारी आफ्नै सन्तानलाई अर्थात् 'राजाको छोरा राजा' हुने वंशवादलाई स्थापित गरेजस्तै मानिसलाई योग्यताको आधारमा भन्दा पद र प्रभाव भएका व्यक्तिहरूले आफ्ना नातेदार वा साथीभाइलाई जागिर, ठेक्कापट्टा, विशेष सुविधालगायत दिनु 'नेपोटिजम' हो । विशेष गरी सरकारमा गएका नेताहरू, शोषक वर्गका छोराछोरी र सेलिब्रिटीका छोराछोरीलाई यसमा जोड्ने गरिन्छ । यो शब्द चलचित्रदेखि राजनीति, उद्योग-व्यापारको नाममा कुम्ल्याउनेहरूको वंशवाद र नातावादलाई उजागर गर्न प्रयोग हुन्छ ।

बाँकी पृष्ठ ८ मा

# विश्वव्यापी सुशासन अगुवाइ अर्थात् जीजीआई : एक छलफल

● सर्गश्री

विश्व व्यवस्थामा देखापरेका नयाँ समस्या समाधानका लागि चीनले नयाँ पहल स्वरूप ग्लोबल गभर्नेन्स इनिसिएटिभ अर्थात् जीजीआई प्रस्ताव गरेको छ। गत सेप्टेम्बरमा आयोजित बृहत्तर साङ्घाई सहकार्य सङ्गठनको सम्मेलनमा राष्ट्रपति सी चिङफिङले सो प्रस्ताव राख्नुभएको हो। विश्व सुशासन प्रणालीमा पश्चिमा वर्चश्वबाट विशेषत: दक्षिणी गोलार्ध अर्थात् ग्लोबल साउथका देशहरू प्रताडित छन्। ग्लोबल गभर्नेन्स इनिसियटिभले न्यायसङ्गत र समान




विश्वव्यवस्थाका लागि ग्लोबल साउथलाई सघाउने विश्वास लिइएको छ र त्यसको लागि बृहत्तर ब्रिक्स सहयोगी बन्नेछ। सम्पूर्ण देशहरूले आफ्नो सार्वभौम समानताको अधिकार प्राप्त गर्ने, अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाप्रति उत्तरदायी हुने, बहुपक्षीयताको अभ्यास स्विकार्ने, जनता-केन्द्रित दृष्टिकोण र वास्तविक परिणाममा ध्यान दिनुपर्ने विचार नै जिजिआइको मर्म हो। यसबारे पेइचिङ रिभ्यूको सेप्टेम्बर अङ्कमा प्रस्तुत थप विचारबारे छोटो चर्चा गरौं !

दक्षिण-दक्षिण सहयोगमा नयाँ ऊर्जा प्रवाह गर्ने र बहुपक्षीयताको रक्षा तथा विश्वव्यापी शासन व्यवस्थामा सुधारको प्रयास गर्ने मञ्चको रूपमा BRICS को भूमिका बढाउने चीनको उद्देश्य थियो। तर, २०२५ को मध्यदेखि अमेरिकाले BRICS सहित दर्जनौं व्यापार साझेदार देशहरूबाट आयात हुने सामानमा ५० प्रतिशतसम्मको उच्च शुल्क लगायो। यसले पहिले नै कमजोर बनेको विश्व अर्थतन्त्रमा थप दबाब पर्‍यो। जून महिनामा विश्व बैङ्कले व्यापार कलह तथा नीतिगत अनिश्चिततालाई कारण देखाउँदै विश्व आर्थिक वृद्धि अनुमान घटाएर २.३ प्रतिशतमा झार्‍यो। केही महिनाअघि विश्व व्यापार सङ्गठन ( WTO) ले विश्व व्यापार यस वर्ष १.५ प्रतिशतसम्म घट्न सक्ने चेतावनी दियो। यो अवस्था मध्यनजर गर्दै नेता सीले बोल्नुभयो– "BRICS देशले सबैका लागि लाभदायक र समावेशी आर्थिक विकास प्रवर्द्धन गर्नुपर्छ। विकासलाई अन्तर्राष्ट्रिय एजेन्डाको केन्द्रमा राख्नुपर्छ र ग्लोबल साउथका देशहरूले समानताको आधारमा अन्तर्राष्ट्रिय सहयोगमा भाग लिन र विकासको फल समान बाँड्न सक्षम हुनुपर्छ।" सीको यो भनाइ ग्लोबल गभर्नेन्स इनिसियटिभ (GGI) सँग प्रत्यक्ष जोडिन्छ।

GGI ले विशेषत: विश्व शासन प्रणालीलाई सबैका आवाज सुन्न, सबैका आवश्यकता देख्न र सबैलाई लाभ पुर्‍याउन आह्वान गर्छ। यसले विश्वव्यापीकरणको व्यापक दिशालाई प्रतिबिम्बित गर्छ, ग्लोबल साउथको न्यायपूर्ण तथा समान अन्तर्राष्ट्रिय व्यवस्थाको मागलाई सम्बोधन गर्छ र समान सहकार्यका नयाँ अवसर प्रदान गर्छ। आज विश्वव्यापीकरण अनेकौं चुनौति तथा अनिश्चिततामा फसेको छ। त्यसैले GGI अन्तर्राष्ट्रिय शासन संरचनालाई सुधार र परिष्कृत गर्न अघि सारिएको दूरदर्शी प्रयास हो भन्न सकिन्छ।

अन्तर्राष्ट्रिय विद्वानहरू भन्दै छन् – GGI ले अन्तर्राष्ट्रिय शासनलाई बहुध्रुवीयता, निष्पक्षता तथा समावेशी सहकार्यका आधारमा रूपान्तरण गर्ने चीनको सङ्कल्पलाई प्रतिध्वनित गर्छ। यो विश्लेषण विश्व सुरक्षादेखि ऊर्जा तथा प्रविधि सहकार्यसम्मका संस्थागत संरचनाको सूक्ष्म मूल्याङ्कनमा आधारित छ।

मेक्सिकोको नेशनल अटोनोमस युनिभर्सिटीकी म्यारिआना एस्कालन्तेले यस इनिसियटिभलाई चीनको "अन्तर्राष्ट्रिय सार्वजनिक वस्तु कूटनीति" को विस्तारका रूपमा वर्णन गरिन्। चीनले अन्तर्राष्ट्रिय सार्वजनिक वस्तुहरू उपलब्ध गराउने तथा बहुपक्षीयताप्रतिको प्रतिबद्धता कायम राख्ने निरन्तर प्रयास हो भनिन्।

GGI चीनद्वारा प्रस्तावित अघिल्ला तीन इनिसियटिभहरू–ग्लोबल डेभलपमेन्ट इनिसियटिभ GDI, ग्लोबल सेक्युरिटी इनिसियटिभ GSI, र ग्लोबल सिभिलाइजेशन इनिसियटिभ GCI सँग परिपूरक छ। यसको उद्देश्य अन्तर्राष्ट्रिय असन्तुलन तथा शासन प्रणालीका कमजोरी सम्बोधन गर्नु हो।

GGI "नयाँ युगमा चीनद्वारा प्रस्तुत गरिएको एक व्यवस्थित सार्वजनिक उपाय हो, जसले विश्व शासन संरचनामा भइरहेको परिवर्तनलाई सम्बोधन गर्छ।" आजको बहुपक्षीय शासन प्रणालीको एकातिर ग्लोबल साउथको सामूहिक उदय छ भने अर्कोतिर विश्व शासन संरचना केही पश्चिमी राष्ट्रको प्रभुत्वमा छ। साथै एकपक्षीयता तथा संरक्षणवाद बढ्दै छ। यसले बहुपक्षीय व्यापार प्रणाली कमजोर मात्र बनाएको छैन बरु अन्तर्राष्ट्रिय व्यवस्था असन्तुलित बनाएको छ। विश्वव्यापी शासनमा क्षय या deficit को अवस्था छ।

GGI बढी न्यायपूर्ण, लोकतान्त्रिक र प्रभावकारी प्रणाली निर्माणको आह्वान हो, यसको आधार संयुक्त राष्ट्रसङ्घको चार्टरका सिद्धान्तहरू हुन्। "विश्वको विषयमा सबैले समान निर्णय गर्ने, शासन प्रणाली सबै मिलेर बनाउने र लाभ सबैले बराबर बाँड्ने" जीजीआईको अवधारणाले ग्लोबल साउथलाई मात्र होइन विश्व शासन व्यवस्थालाई नै सबल तथा व्यावहारिक मार्ग प्रदान गर्छ।

लगभग दुई दशकदेखि ग्लोबल साउथको एउटा प्रमुख मञ्चका रूपमा BRICS उभिएको छ। सन् २००६ मा गठन भएदेखि BRICS ले केवल सदस्य राष्ट्रलाई मात्र फाइदा दिएको छैन बरु अन्य विकासशील राष्ट्रहरूलाई समेत नयाँ अवसर प्रदान गर्‍यो। पश्चिमको एकपक्षीय तथा संरक्षणवादी विचारसामू BRICS को औचित्य अझै स्पष्ट हुँदै छ।

आज BRICS विश्व जनसङ्ख्याको झन्डै आधा, विश्व DPG को करिब ३० प्रतिशत, अनि अन्तर्राष्ट्रिय व्यापारको पाँचौं भाग ओगटेको छ। सदस्य देशहरू विशाल प्राकृतिक स्रोत, ठूला निर्माण, उद्योग तथा विशाल बजारका घर या सम्भावना पनि हुन्। विश्व आर्थिक वृद्धिको मुख्य इञ्जिन या आर्थिक केन्द्र बिस्तारै ग्लोबल साउथतिर सर्दै गरेको दृष्य प्रस्ट हुँदै छ। यहाँ जित जितमा आधारित सहकार्यको सिद्धान्त एकताको कडी हो। चीन BRICS का अन्य सदस्य राष्ट्रहरूसँग GGI कार्यान्वयन गर्न र चीनद्वारा प्रस्तावित क्षेत्र तथा मार्ग अगुवाइअन्तर्गत उच्चस्तरीय सहकार्य अघि बढाउन तयार छ।

तर संसारमा के भइरहेको छ ? नेता सीले वर्तमान चुनौतीलाई "पाँच कमी या अभावको रूपमा व्याख्या गर्नुभएको छ – शान्तिको कमी, विकासको अभाव, सुरक्षाको कमी, शासन व्यवस्थाको क्षय, र विश्वासको अभाव। यी समस्याहरू समाधान गर्नका लागि GDI, GSI, GCI, GGI प्रस्ताव भएको हो। भविष्यमा ग्लोबल ट्रस्ट इनिसिएटिभ पनि यसमा थपिन सक्छ।

GDI अन्तर्राष्ट्रिय विकास सहकार्य प्रवर्द्धन गर्न केन्द्रित भयो। GSI ले संवाद र परामर्शमार्फत अन्तर्राष्ट्रिय विवाद समाधान गरी विश्वमा युद्ध हत्याहिंसा न्यूनीकरण र सुरक्षा प्रदान गर्न गराउन सघायो। GCI ले सभ्यताबीचको आदान-प्रदान तथा आपसी सिकाइलाई बढावा दियो र संसारको सार्वभौम सभ्यतामा हस्तक्षेपविरुद्ध सशक्त आवाज उठायो। GGI ले विश्वव्यापी शासन प्रणालीको सुधारका लागि दिशा, सिद्धान्त र मार्गचित्र प्रदान गरेको छ। भविष्यमा सम्भावित ग्लोबल ट्रस्ट इनिसिएटिभले अन्तर्राष्ट्रिय समुदायमा विश्वास पुनर्निर्माणमा ध्यान दिनेछ । यी पाँचवटा पहलकदमीले अन्तर्राष्ट्रिय समुदायका लागि न्यायसङ्गत समाधानको उपाय दिनेछ। विश्वमा विकास, सुरक्षा, शान्ति, सुशासन र विश्वासको नयाँ सभ्यता विकास हुनेछ।

लेखक वाङ यीवेइकानुसार विश्व "पाँच कमी" मात्र होइन, "तीन चुनौती या दुरी" मा भासिएको छ – प्रविधिगत दुरी, डिजिटल दुरी र प्रविधिको बुद्धिमत्तापूर्ण प्रयोगमा दुरी। मानव जातिको साझा भविष्यसहितको समुदाय निर्माण गर्न त्यसैले ढिला भैसकेको छ। चीनले प्रस्ताव गरेअनुरूप खुला, समावेशी, स्वच्छ तथा सुन्दर संसार आजको मार्ग हो जहाँ दिगो शान्ति, सर्वत्र सुरक्षा र साझा समृद्धिको प्रत्याभूति मिल्छ।

चीनले GGI किन प्रस्ताव गर्‍यो ? पहिलो, ग्लोबल साउथको प्रतिनिधित्वको अभाव। उदीयमान बजार तथा विकासशील राष्ट्रहरूको सामूहिक उदयले दक्षिणी विश्वको प्रतिनिधित्व वृद्धि एवं ऐतिहासिक अन्याय सच्याउन आवश्यक बनाएको छ। दोस्रो, अधिकारको क्षय। संयुक्त राष्ट्रसङ्घको चार्टरका उद्देश्य तथा सिद्धान्तहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेका छैनन्। सुरक्षा परिषद्का प्रस्तावहरू पनि चुनौतीको सामना गरिरहेका छन्। एकतर्फी प्रतिबन्धहरू जस्ता एलौटी अभ्यासहरूले अन्तर्राष्ट्रिय कानुन उल्लङ्घन गर्दै अन्तर्राष्ट्रिय प्रणालीलाई अव्यवस्थित बनाएको छ। तेस्रो, प्रभावकारिताको तत्काल आवश्यकता। संयुक्त राष्ट्रसङ्घको २०३० दिगो विकास एजेन्डा कार्यान्वयनमा गम्भीर ढिलाइ भइरहेको छ। जलवायु परिवर्तन तथा डिजिटल डिभाइडजस्ता समस्याहरू झनै तीव्र भइरहेका छन्। AI, साइबरस्पेस तथा बाह्य अन्तरिक्ष जस्ता नयाँ क्षेत्रमा शासन-व्यवस्थाको खाडल स्पष्ट रूपमा देखिन्छ।

जीजीआईको सांस्कृतिक आधार पनि छ। उत्तरी साङ राजवंश (९६०-११२७) का दार्शनिक झाङ जाईले मानव जीवनका लक्ष्य यसरी व्यक्त गरे, "स्वर्ग र पृथ्वीका लागि विवेक स्थापना गर्नु, जनताको जीवन र समृद्धि सुरक्षित गर्नु, प्राचीन ऋषिहरूका लोप भएका शिक्षालाई निरन्तरता दिनु र भविष्यका सबै पुस्ताका लागि शान्ति स्थापना गर्नु।" शताब्दीयौंदेखि यी लक्ष्यहरूले धेरै विद्वानहरूलाई प्रेरित गरेका छन्। आज यी लक्ष्यहरू चीनले प्रस्ताव गरेका विश्वव्यापी पहलकदमीहरूका मेरुदण्ड जत्तिकै छन्।

विकास नै सुरक्षाको आधार हो। मानव समाजका सबै समस्याहरू समाधान गर्ने मुख्य उपाय पनि यही हो भन्दा फरक नपर्ला। GDI ले संयुक्त राष्ट्रसङ्घको २०३० दिगो विकास लक्ष्यमध्ये गरीबी अन्त्य, असमानताविरुद्धको लडाइँ तथा जलवायु परिवर्तन नियन्त्रणलगायत १७ वटा लक्ष्यमा ध्यान दिन्छ। व्यापक अर्थमा यो मानव जातिको साझा विकास चुनौती समाधान र राष्ट्रिय स्वतन्त्रता प्रवर्द्धनमा केन्द्रित छ।

सुरक्षा विकासको पूर्वाधार हो। GSI ले विशेष रूपमा अमेरिका र अमेरिकी गठबन्धनले तेर्साएका चुनौती, कलह तथा टकराबपूर्ण वातावरणविरुद्ध लड्न सघाउँछ। व्यापक रूपमा यसले विश्वमा सुरक्षा क्षमताको अभावलाई सम्बोधन गर्छ। विकास तथा सुरक्षाबिना सार्वभौम देश कल्पना मात्र हो।

सार्वभौम समानताको पछाडि सभ्यताको समानता हुन्छ। सभ्यताको 'श्रेष्ठता' दाबी गर्दै अन्य सभ्यताहरूमाथि शोषण या दमन गर्ने पश्चिमा अहङ्कारको विरोध गर्दछ। एक समय जापानको साम्राज्यवादी आक्रमणले कृषि सभ्यताको नाममा चीनविरुद्ध दमनको नीति लिएको थियो। त्यस्तै गरी आधुनिकता कसैको पेवा हुने गर्दैन। पश्चिमीकरण त आधुनिकीकरण हुँदै होइन। आधुनिकता आफ्नै देशको सभ्यतामा आधारित हुन्छ। विभिन्न सभ्यताहरूमा समानता खोज्ने तर भिन्नता पनि कायम राख्ने सिद्धान्तमा अघि बढ्नु र सभ्यताको आदान-प्रदान तथा आपसी सिकाइ GCI को प्रमुख उद्देश्य हो।

साँचो ग्लोबल गभर्नेन्स अमेरिका वा पश्चिमद्वारा शासन होइन। सबै राष्ट्रद्वारा विशेषगरी विश्व जनसङ्ख्याको ८० प्रतिशत हिस्सा बोकेको ग्लोबल दक्षिणद्वारा, संयुक्त राष्ट्रसङ्घको चार्टर र अन्तर्राष्ट्रिय सम्बन्धको पहिचान प्राप्त सिद्धान्तहरूका आधारमा सामूहिक रूपमा विश्व चुनौतीहरू समाधान गर्ने प्रणाली हो विश्वव्यापी शासन। यहाँ सबै देशहरूले सार्वजनिक हितका लागि सुशासन खोज्दै छन्।

GGI प्रस्तावपछि सेप्टेम्बर ३ मा जापानी आक्रमण र विश्व फासीवादविरुद्धको युद्धको ८० औं वार्षिक स्मरण समारोहमा, सीले जोड दिनुभयो, "हामी सबै मानव एउटै ग्रहमा साझा गर्छौं। हामी एकताबद्ध, सामञ्जस्यपूर्ण भएर अघि बढ्नुपर्छ र 'जङ्गलको कानुन' पुन: फर्कने अवस्थालाई कहिल्यै आउन दिनु हुँदैन।"

अमेरिका चीन सार्वजनिक मामिला इन्स्टिच्यूटका अध्यक्ष फ्रेड एस टेन्जले पनि आफ्नो लेखमार्फत GGI रूपरेखा पाँच सिद्धान्त "सार्वभौम समानता, अन्तर्राष्ट्रिय विधिशासनको सम्मान, बहुपक्षीयता, जन-केन्द्रित दृष्टिकोण, वास्तविक परिणाम" मा आधारित रहेको पुष्टि गरे।

GGI केवल नीतिगत घोषणा मात्र होइन। यसले चीनको भूमिका एक सहभागी देशको रूपमा मात्र होइन बरु विश्वव्यापी शासन मान्यताको निर्माणकर्ताको रूपमा परिभाषित गर्छ। दशकौंसम्म अन्तर्राष्ट्रिय प्रणालीको वास्तुकला मुख्यत: पश्चिमद्वारा डिजाइन गरिएको थियो। अब चीनले स्पष्ट रूपमा आफ्नै "खाका" प्रस्तुत गरेको छ। GGI ले अफ्रिका, एसिया, लाटिन अमेरिका र मध्यपूर्वका राष्ट्रहरूलाई आकर्षित गर्नेछ। अझ भनौं पश्चिमी शक्तिको प्रभुत्व मन नपराउने हरकोही चीनको यो साझा भावनासँग जोडिनेछन्।

सजिलो त पक्कै नहोला, प्रतिरोध पनि हुनेछन्। अमेरिका र उसका सहयोगीहरूले यसलाई पश्चिमा कमजोर पार्ने र चीनको प्रभाव विस्तार गर्ने रणनीतिका रूपमा प्रचार गर्न सक्छन्। आलोचकहरूले त यसभित्र चीनको हित केन्द्रित रणनीति भन्न भ्याइसके। GGI को परीक्षा जरुर होला। क्षेत्रीय राजनीति पार गर्ने समावेशी गठबन्धन निर्माण गर्न सक्छ वा शक्तिको प्रतिस्पर्धामा अर्को विभाजन हुन्छ यसमा परिक्षण होला।

GGI भू-राजनीतिक साधन होइन बरु न्यायको वास्तविक प्लेटफर्म हो। सिद्धान्तलाई व्यावहारिक संरचनामा बदल्न संस्था, स्रोत र समन्वयको आवश्यकता हुन्छ। चीनले बेल्ट एन्ड रोड इनिसिएटिभ र घरेलु विकास कार्यक्रममार्फत आफ्नो क्षमता प्रदर्शन गरिसकेको छ। GGI यही अनुभवलाई विश्वस्तरमा विस्तार गर्ने प्रयास हो।

GGI ले संयुक्त राष्ट्रसङ्घ, विश्व व्यापार सङ्गठन, जी २० तथा अन्य प्रमुख अन्तर्राष्ट्रिय संस्थासँग नजिक बसेर काम गर्नेछ र ती संस्थाहरूका नियम अक्षरस पालना गर्नेछ। यसले टकराब होइन साझेदारीलाई प्राथमिकता दिनेछ। घरेलु र अन्तर्राष्ट्रिय अभ्यासलाई जोड्ने हो। जन-केन्द्रित दृष्टिकोण जस्तो चीनको घरेलु अनुभवले विश्वमा विश्वसनीयता प्रदान गर्छ।

सारमा GGI लामो समयदेखि व्यक्त गरिएको व्यापक दृष्टिकोणको भाग हो, मानव समुदायको साझा भविष्य निर्माणको दृष्टिकोण। GGI ले साझा अस्तित्वको विचार कार्यान्वयन गर्नेछ। एकपक्षीयता र शक्ति-राजनीतिको विकल्प प्रस्तुत गर्नेछ। यसको सफलता चीनको कूटनीति मात्र होइन, अन्तर्राष्ट्रिय समुदायले कसरी प्रतिक्रिया गर्छ भन्नेमा पनि निर्भर छ। यदि स्वीकार गर्‍यो भने यो एक न्यायपूर्ण र प्रभावकारी प्रणालीतर्फ महत्त्वपूर्ण कदम सिद्ध होला, अस्वीकृत भयो भने विश्वव्यापी विभाजन अझै गहिरो बन्ला। आजको विश्व चुनौती – जलवायु सङ्कट, महामारी, साइबर खतरा र असमानतालाई कुनै देशले एक्लै समाधान गर्न सक्दैन। तसर्थ विश्वव्यापी शासन अब सैद्धान्तिक बहस मात्र होइन अस्तित्वको प्रश्न पनि हो। जीजीआई सिद्धान्तले समतामूलक विश्व मानव समुदाय निर्माण र मानव जातिको अस्तित्व रक्षार्थ महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिइएको छ।

# ल्हासाको आकर्षण : तिब्बती ओपेरा

✍ रबिन



सेप्टेम्बर महिनाको २३ तारिख, बेलुकी ९ बजेको समय । तिब्बतको ल्हासा सहरमा चिसो हावाको स्याँठसँगै सिमसिम पानी पनि परिरहेको थियो । दिनभरिको थकान, अनि बेलुकीको पानीले शरीर पूरै चिसो बनाएको थियो । हामी मानसिक रूपमा शिथिल भइसकेका थियौँ । तथापि चिनियाँ मित्रहरू हाम्रो सम्मानमा ल्हासामा ओपेरा (तिब्बती ऐतिहासिक गिती नाटक) देखाउन लाने तयारी गर्दै हुनुहुन्थ्यो ।

चिसो समयमा खुला आकासमुनि अग्लो पहाडको छेवैमा बनाइएको खुला थियटरमा झन्डै डेढ घण्टा लामो ओपेरा हेर्न निश्चय पनि सजिलो हुन्न भन्ने लागेको थियो । त्यसमाथि तिब्बती भाषामा देखाइने नाटक हामीले के बुझ्थ्यौँ होला र ? ओपेरा हेर्ने मुड नभए पनि निर्धारित कार्यक्रममा उल्लेख गरिएकोले 'नाइँ' भन्न मात्र नसकेका हामी । सुरुवाती भ्रमण तालिकामा त ओपेरा हेर्ने कार्यक्रम उल्लेख गरिएको थिएन, तर तिब्बत पुगेपछि हामीले नै आग्रह गर्दा समावेश गरिएको थियो । चिनियाँ मित्रहरूले नबुझिने गरी एक जना साथीले नेपाली भाषामा अल्छी पाराले भनिहाल्यो, "नाटक हेरेर के गर्ने, भाषा केही बुझिन्न होला । त्यहाँ गएर आनन्दले एक निद्रा सुत्ने त होला नि !"

चिनियाँ मित्रले ओपेराको टिकट काटिसक्नुभएको रहेछ, प्रतिव्यक्तिको चिनियाँ ६५० युआनको दरले । प्रवेशद्वारमा पुग्नासाथ सबैलाई बाक्लो ओभरकोटजस्तो ज्याकेट दिइयो । चिसोबाट बच्ने अर्को विकल्प पनि त थिएन ।

दर्शकदीर्घामा रङ्गशालामा जस्तै प्यारापिट बनाइएको थियो । कुर्सीहरू सबैजसो भरिएका थिए । हाम्रो टोली एकै लहरमा क्रमश: बस्यौँ । हाम्रो अगाडि अँध्यारो थियो । मधुरो प्रकाशमा हामीले अग्ला दुइटा पहाडहरू हाम्रोसामु उभिएको देख्यौँ ।

ओपेरा सुरु भएको सङ्केत आउनासाथ अगाडिको मञ्चमा एउटा विशाल र भव्य दरबार देखिन थाल्छ । साँच्चिकैको दरबारको भवन त होइन तर वास्तविक जस्तै देखिने चिनियाँ राजाको थ्रिडी दरबार पाङ्ग्रासहितको लिकमा विस्तारै गुडाउँदै मञ्चको केन्द्र भागमा देखापर्छ । दरबारको छत तथा खुड्किलाहरूमा धेरै सङ्ख्यामा कलाकारहरू नाचिरहेका हुन्छन् । दरबारको मूल प्रवेश द्वारबाट चिनियाँ तत्कालीन राजा बाहिर निस्केर आफ्नी छोरी (राजकुमारी) वेन छनको हात माग्न तिब्बती राजा स्रङ्गचङ्ग गम्पोको सन्देशबाहक दूत आएकोलाई स्वागत गर्छन् । गीत, अभिनय र नृत्यमार्फत संवाद गरिएका दृश्यलाई मञ्चको दायाँ-बायाँ राखिएका स्क्रिनहरूमा अङ्ग्रेजी भाषामा अनुवाद गरिएका लाइनहरू पढ्न सकिन्छ । पहिलो दृश्य नै आकर्षक र मनमोहक रह्यो ।

ध्वनि र प्रकाशको संयोजनका कारण दर्शकहरूलाई पहिलो दृश्यबाट दोस्रो दृश्यमा गएको भेउ पाउन मुश्किल हुन्छ । दृश्य परिवर्तन गर्दा एक सेकेन्ड पनि समय खेर फालिएन्न । लाइटले परको पहाडलाई उज्यालो बनाइदिन्छ, दायाँतिर चैत्यको दृश्य देखाइन्छ र भिक्षुहरू प्रार्थना गरिरहेका हुन्छन् । पहाडको बाटो हुँदै राजा स्रङ्गचङ्ग गम्पोको टोली चीन प्रवेश गर्दै गरेको दृश्य देखाइन्छ । स्थलसेना र घोडसवार सेनाको नेतृत्व गर्दै आएको तिब्बती राजालाई चिनियाँ दरबारमा स्वागत गर्दै राजकुमारी वेन छन र स्रङ्गचङ्ग गम्पोको भव्य विवाह समारोह सम्पन्न हुन्छ ।

दुलहा दुलहीको तिब्बत यात्राको क्रममा देखिने ग्रामीण दृश्य मञ्चमा चित्रण गराइन्छ । किसानहरू खेतमा काम गर्दै गरेको, भेडा र चौरी चराउँदै गरेको, ऊनबाट बख्खु बुन्दै गरेको आदि देखाइन्छ । मञ्चमा साँच्चिकैको भेडा र याकको बथानलाई भोटे कुकुरले नेतृत्व गरेको दृश्य देखाइन्छ । साँच्चिकैको घोडा दौडाइन्छ । कठिन यात्राको क्रममा हुरी चल्ने, हिउँ पर्ने दृश्य पनि देखाइन्छ । दर्शक दीर्घामा समेत हिउँ पर्दा दर्शकहरू आफैलाई पनि ओपेराको पात्र भएको अनुभूति गराइन्छ ।

राजकुमारी वेन छनको साथमा चिनियाँ राजाबाट उपहारको रूपमा ल्याइएको सुन्दर बुद्धको मूर्तिलाई प्राकृतिक विपत्तिबाट जोगाउन गरिने सङ्घर्षको कथा निकै रोचक रूपमा प्रस्तुत गरिन्छ । रातिको दृश्यमा चन्द्रमा पनि साँच्चिकैको जस्तो देखाइन्छ । आफ्ना सेनाहरूसँगै राजारानी पनि ढुङ्गाको सहारामा निदाउँछन् । यात्राको क्रममा जन्जिरले बाँधिएका दासहरूलाई मोचन गराइन्छ ।

अन्तिम दृश्यमा ल्हासाको पोताला दरबारको भव्य सेट मञ्चमा देखाइँदा वास्तविक दरबारभन्दा सुन्दर देखिएको महसुस सबैले गर्छन् । लिकमार्फत दरबार, तिब्बती सहर, परको गाउँबस्ती मञ्चमा प्रस्तुत गरिँदा दर्शकहरूलाई सोच्न बाध्य गराइन्छ कि 'साँच्चिकैको ल्हासा सहर मञ्चमा प्रस्तुत गर्न कसरी सम्भव भयो ?'


दृश्यहरू सुन्दर र प्राकृतिकजस्तो लाग्छ । हजारौँको सङ्ख्यामा कलाकारहरू अभिनय र नृत्य प्रस्तुत गर्छन् । स्रङ्गचङ्ग गम्पो, वेन छनलगायतको अभिनय जीवन्त देखिन्छ ।

नेपालको राष्ट्रिय नाचघर र काठमाडौँका केही बन्द कोठाभित्रका थियटरहरूमा नाटक हेर्ने बानी परेका हामीलाई ल्हासाको खुला आकासमुनिको थियटरमा हरेक दृश्य यथार्थझैँ लाग्ने र कलाकारहरूको अभिनय पनि जीवन्त लाग्ने ओपेरा (गीति नाटक) हेर्न पाउँदाको आनन्द अनुभूति शब्दमा व्याख्या गर्न मुस्किल हुँदोरहेछ । तिब्बती भाषा नबुझे पनि कलाकारको अभिनय, नृत्यको हाउभाउले कथावस्तु बुझ्न सजिलो बनायो । ठुलठुला दुइटा स्क्रिनमा अङ्ग्रेजी भाषामा अनुवाद गरिएका लाइनहरू पढ्दा बुझ्न थप सजिलो भयो ।

सारमा, ओपेरामा देखाइएका भव्य सेटहरू, प्रकाश संयोजन, पार्श्व सङ्गीत, कृत्रिम मौसमी व्यवस्था, प्राकृतिक जीवजन्तुको जीवन्त प्रदर्शनी, हजारौँ कलाकारहरूको एकै पटकको प्रस्तुतीलगायतका आश्चर्यजनक प्रस्तुतिले सबै दर्शकहरूलाई चकित तुल्याएको अनुभव भयो । चीनको आधुनिक प्रविधिलाई ओपेरामा समेत उत्कृष्ट ढङ्गले समायोजन गर्नु सबैका लागि आश्चर्य बन्यो । हामी सबैको मनमा तिब्बती ओपेरा जीवनकै अविस्मरणीय छाप बन्यो ।

थियटर छिर्दाको थकित र शिथिल शरीरमा ओपेराले ज्यान भरेको अनुभव भयो । थियटरबाट बाहिर निस्कँदै गर्दा हामी सबैजना पुन: ऊर्जाशील भएका थियौँ । थियटरमा एक निद्रा सुत्ने योजना बनाएका साथीको अनुहारमा देखिएको चमक हेर्नलायकको थियो । 'आँखा झिमिक्क पनि गर्न पाइनँ यार' भन्दै थिए साथी ।







# पाठेघर र स्तन क्यान्सरबारे स्वास्थ्य शिविर

भक्तपुर । भक्तपुर नगरपालिका वडा नं ४ को आयोजनामा मङ्सिर २० गते महिला पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी स्वास्थ्य शिविर सम्पन्न भयो ।

नेमकिपा केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिका प्रमुख सुनील प्रजापतिले उपत्यका बाहिरका नागरिकलाई समेत स्वास्थ्य उपचार सुलभ तरिकाबाट उपलब्ध गराइर हेकोमा नगरबासीहरूको सकारात्मक सहयोग जुटिरहेको बताउनुभयो । मोफसलका सामुदायिक स्वास्थ्य केन्द्रहरूमा अहिलेसम्म पनि थर्मोमिटरबाहेक अन्य उपकरणहरूको व्यवस्था नहुँदा सर्वसाधारण जनताले महँगो शुल्क तिरेर निजी अस्पताल क्लिनिकहरूमा गई उपचार गराउन पर्ने बाध्यता रहेको अनुभव सुनाउँदै उहाँले भक्तपुरलाई शिक्षा, स्वास्थ्य र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न जनप्रतिनिधिहरूले पार्टीको चुनावी घोषणापत्रबमोजिक उदाहरणीय काम गर्दै आइरहेको चर्चा गर्नुभयो ।

मेयर प्रजापतिले नगरभरिका विभिन्न वडाहरूमा स्वास्थ्य शिविर गर्नु नियमित प्रक्रिया भएको जानकारी गराउँदै स्वास्थ्य, सरसफाइका साथै घर घरमा नर्सिङ सेवा, क्यान्सर अस्पताल, मानव अङ्ग प्रत्यारोपण, ख्वप अस्पताल, ख्वप ई. कलेजलगायत नगरको सन्तुलित विकासमा ध्यान दिँदै आइरहेको दृष्टान्त प्रस्तुत गर्दै ख्वप मोडेलबारे अन्तर्राष्ट्रिय स्तरमा चर्चा पाइरहेको कुरामा गर्व गर्नुपर्ने उल्लेख गर्नुभयो ।

बर्सेनि ऐतिहासिक भक्तपुर नगरको अवलोकन गर्न लाखौँ पर्यटकहरू ओइरिरहेको बताउँदै लोक सेवा आयोगमा ख्वप इन्जिनियरिङ कलेजका विद्यार्थीहरूले अब्बल नतिजा हासिल गरिरहेको प्रसङ्गबारे बताउँदै देशभरका विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा दिन कुनै कसर बाँकी नराखेको बताउनुभयो । खान नपाएर भन्दा पनि मानिसले खाने तरिका नजानेर रोगको शिकार हुनु परेको भन्दै जति धेरै पैसा भए पनि स्वास्थ्यले साथ नदिए केही अर्थ नहुनेतर्फ सचेत रहन आग्रह गर्नुभयो ।

ख्वप अस्पतालका निमित्त निर्देशक डा. मजेशप्रताप मल्लले बर्सेनि १२ हजार महिलाहरूलाई पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर लाग्ने र जसमध्ये ७ हजार ५ सय जना क्यान्सरबाट मृत्यु हुने गरेको तथ्याङ्क प्रस्तुत गर्दै समयमै उपचार गर्न सके स्वस्थ जीवन बाँच्न सकिने भनाइ राख्नुभयो । रोगलाई पालेर केही फाइदा नहुने, रोगबारे बताउन लजाउने, हिच्किचाउने गर्न नहुने र पायस्मेयर परीक्षणमा रङ्गमा परिवर्तन भए सङ्क्रमण बढेको थाहा हुने बताउँदै शिविरमा सहभागी महिलाले बेलैमा उपचार पाउने विश्वास व्यक्त गर्नुभयो । हाल ख्वप अस्पतालमा अण्डासयको क्यान्सरसमेतको उपचार सेवा उपलब्ध भएको जानकारी गराउनुभयो ।

स्थानीय समाजसेवी विश्वराम त्वायनाले रोग लागेपछि उपचार गर्नुभन्दा रोगै लाग्न नदिन खानपिन, शारीरिक व्यायाममा ध्यान दिनुपर्ने आवश्यकतामाथि जोड दिनुभयो ।

निवर्तमान कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालले केबल महिलालाई मात्र नभई पुरुषलाई पनि क्यान्सर रोग लाग्न सक्नेबारे सचेत हुनुपर्ने धारणा राख्दै स्वास्थ्य नै धन भएको हुनाले सबैजनाले समय समयमा स्वास्थ्य जाँच गराउनुपर्ने आवश्यकताबारे औँल्याउनुभयो । २० वर्ष पहिले आदर्श महिला समूहले स्वास्थ्य परीक्षण गरेर वडाका महिलाहरूलाई क्यान्सर रोगबाट बचाएको अनुभव सुनाउँदै उहाँले शिविरबाट लाभ उठाउन सल्लाह दिनुभयो ।

भ.न.पा. ४ वडाका वडाध्यक्ष उपेन्द्र सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा वडा नर्स बिनिता प्रजापति, स्वास्थ्य स्वयम्सेविका बुद्धलक्ष्मी त्वायनालगायतले बोल्नुभयो ।

# खराब सहकारीका सञ्चालकहरू कानुनी दायरामा ल्याउनुपर्ने

भक्तपुर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को शिक्षा उपसमितिको आयोजना अनिवार्य शिक्षा शिविर मङ्सिर २० गते सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि नेमकिपाका केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले हाल विभिन्न सहकारी संस्थाहरूले गरेको आर्थिक अपचलनबारे चर्चा गर्दै राम्रो सरकारले खराब सहकारीका कारण धरापमा परेका पीडित जनताको बचत सुरक्षित गर्न ती सहकारी संस्थाका सञ्चालकहरूलाई कानुनी दायरामा ल्याउनुपर्ने बताउनुभयो ।

उहाँले सदस्यहरूलाई खराब सहकारीमा संलग्न नगराउन राम्रा सहकारीहरूले समय समयमा सदस्यहरू भेटघाट कार्यक्रमहरू आयोजना गरी वित्तीय साक्षरता प्रदान गर्नुका साथै राय सुझावहरू सङ्कलन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले सिद्धि गणेश साकोसका सञ्चालकहरूले आफ्नो जिम्मेवारी इमानदारीतापूर्वक पालना गरी संस्था आर्थिक नीति नियम पालना गरी सञ्चालन भएकोमा विश्वस्त रहेको बताउँदै सदस्यहरूलाई संस्थाबाट गलत कार्य भएमा निरन्तर आलोचाना गर्ने सचेत गर्नुभयो । उहाँले शिक्षा शिविर कार्यक्रम नयाँ एवं सम्भावित सदस्यहरूलाई मात्र नभई पुराना सदस्यहरू, कर्मचारीहरू तथा सञ्चालकहरूसमेत समावेश गरी नियमित सञ्चालन गर्न सुझाव दिनुभयो । गोसाईले सहकारी संस्थाले सदस्यहरूलाई अनावश्यक खर्च कटौटी गरी बचत गर्ने बानी विकास गर्न विभिन्न कार्यक्रम एवं सामाजिक भेटघाटमार्फत सुसूचित गर्नुपर्ने बताउनुभयो ।

उहाँले देशको आर्थिक प्रगतिको लागि आत्मनिर्भरताको आवश्यकता हुने बताउँदै स्वदेशी उत्पादनलाई प्राथमिकता दिई आयात घटाउनुपर्ने विचार व्यक्त गर्नुभयो । सदस्यहरूबाट उत्पादित वस्तु एवं हस्तकला बजारीकरण गर्न सहकारी संस्थाहरूले हात बजारहरू सञ्चालन गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न आवश्यक छ, उहाँले भन्नुभयो । साथै न्यून आय भएका सदस्यहरूको आर्थिक विकास गर्न सहकारी संस्थाले विभिन्न तालिम सञ्चालन गरी ती सदस्यहरूमाझ आर्थिक अवसरहरू श्रृजना गर्नुपर्नेमा जोड दिनुभयो ।


कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले एक आपसमा सहकार्य गर्नु नै सहकारी हो भन्दै परम्परागत गुठी, धर्म भकारी एवं पर्मको रुपमा धेरै पहिलेदेखि नै देशमा सहकारीको अभ्यास हुँदै आएको जानकारी दिनुभायो । उहाँले अग्रजहरूको सुझावअनुसार सहकारी सिद्धान्तहरूको पालना गरी संस्था सञ्चालन गर्दै आएको कारणले संस्था स्थापना भएको ३१ औँ वर्षसम्म पनि कुनै समस्या भोग्न नपरेको बताउनुभयो । अध्यक्ष लाखाले संस्था आर्थिक नाफाको लागि मात्र नभई समाज र सदस्यहरूको विकासका निम्ति सामाजिक क्षेत्रमा समेत निरन्तर सक्रिय हुँदै आएको बताउनुभयो । उहाँले नियमित बचत गर्नु र संस्थाबाट लिएको ऋणको साँवा ब्याज भुक्तानी गर्नुमात्र सदस्यको दायित्व नभई साधारण सभामा उपस्थित भई संस्थालाई उचित राय सुझाव दिनु पनि सदस्यको दायित्व रहेको बताउनुभयो ।

कार्यक्रमका सभापति संस्थाका सचिव एवं उपसमितिका संयोजक विष्णुप्रसाद दुमरुले सदस्यहरूमा सहकारीसम्बन्धी ज्ञान नहुनाले धेरै सहकारीका सदस्यहरूको बचत धरापमा परेको उल्लेख गर्दै सदस्यहरूलाई सहकारी ज्ञान एवं वित्तीय साक्षरता प्रदान गर्ने हेतुले संस्थाबाट नियमित शिक्षा शिविर सञ्चालन हुँदै आएको बताउनुभयो । उहाँले समुदायमा आधारित भई नीति नियमको पालना गरी स्थानीयद्वारा सञ्चालित सहकारी संस्था विश्वसनीय र सुरक्षित हुने बताउँदै सहकारी र सञ्चालकहरूबारे राम्ररी बुझेर मात्र बचत गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक शिला गोसाई र शिक्षा उपसमितिका सदस्य रामहरि ताम्राकारले पनि बोल्नुभएको थियो ।

# 'पश्चिमा सभ्यता' का सम्बन्धमा

✍ **प्रभात पटनायक**



'टाइम्स अफ इन्डिया' (नोभेम्बर २३) मा प्रकाशित रिपोर्टअनुसार संरा अमेरिकाले 'पश्चिमा सभ्यता' को रक्षा गर्न युरोपेली देशहरूलाई आफ्नो आप्रवासन नीतिमा कडिकडाउ गर्न भनेको छ । तेस्रो विश्वका धेरैलाई 'पश्चिमा सभ्यता' सुनेर हाँसो उठ्न सक्छ । 'पश्चिमा सभ्यता' कुनै बहुमूल्य चीज हो र त्यो जोगाउन लायक छ भन्ने अर्थमा यो हाँस्यास्पद छ । पछिल्ला धेरै शताब्दी यता संसारभरिका मानिसविरुद्ध पश्चिमा साम्राज्यवादी देशहरूले जेजति अत्याचार गरे त्यो नृशंस छ । 'सभ्यता' जस्तो शब्दले त्यो नृशंसतालाई छोप्न खोज्नु घिनलाग्दो हुन्छ । बेलायती उपनिवेशवादले भारतमा थोपरेको भोकमरीमा लाखौं भारतीय मारिएका थिए । अभागी किसानहरूबाट कर असुल्ने लालचका कारण त्यो भोकमरी भएको थियो । त्यस्तै, बोल्जिमयका राजा लियोपोल्डले कङ्गोका जनताविरुद्ध अपनाएको अकथनीय बर्बरता अर्को उदाहरण हो । जर्मनहरूले नामिबियाका सबै जनजातिहरूलाई नामेट पार्न खडा गरेका संहार शिविरहरूलाई भुल्न सकिन्न । यो इतिहास आफैमा नाङ्गो लालचका लागि निर्दोष मानिसमाथि वीभत्स क्रूरताको कथा हो । यस सन्दर्भमा एक पत्रकारले 'पश्चिमा सभ्यता' बारे तपाईंको विचार के छ भनी सोध्दा महात्मा गान्धीले कटाक्ष गर्दै भनेका थिए, "त्यो बडो गजब विचार हुनेछ ।"




तर, यी सबै क्रूरतालाई केही बेर बेवास्ता गरौं र पश्चिमले हासिल गरेको भौतिक उन्नतिमा केन्द्रित बनौं । यो भौतिक उन्नति पश्चिमा साम्राज्यवादी देशहरूले तेस्रो विश्वका देशहरूको शोषणको जगमा खडा गरेका हुन् । यो सम्बन्धले तेस्रो विश्वका देशहरूको अवस्था कति दारुण बनाइदियो भने आज पनि यहाँका बासिन्दा त्यो खाडलबाट उम्किन छट्पटिँदै छन् । पश्चिमा समृद्धि पश्चिमा परिश्रम मात्रैले बनेको अलग्गै र स्वतन्त्र अवस्था होइन । आज जहाँबाट आप्रवासीहरू भाग्दै छन्, तिनै देशका अर्थतन्त्रलाई प्रक्रियाबद्ध रूपमा तहसनहस पारेरै पश्चिमा समृद्धि हासिल भएको हो । अझ आश्चर्यजनक के छ भने पश्चिमा साम्राज्यवादले आप्रवासीहरूको प्रवाह बन्द गर्न मात्र चाहँदैन, ऊ सशस्त्र बल लगाएरै आप्रवासीहरूका स्वदेशको सामाजिक संरचनामा हुन सक्ने बदलावलाई पनि रोक्न पनि चाहन्छ । जबकि सामाजिक संरचनामा परिवर्तन आए ती देश विकसित हुन सक्छन् र आप्रवासीहरूको प्रवाह रोकिन सक्छ ।

मेरो तर्कलाई अतिशयोक्ति भन्न सकिएला । नवीन आविष्कार (नवप्रवर्तन) गरेर श्रमको उत्पादकत्वमा नाटकीय उछाल ल्याउनु पश्चिमा अर्थतन्त्रहरूको विशेषता रहँदै आएको छ र यसले गर्दा वास्तविक ज्यालामा बढोत्तरी सम्भव हुनुका साथै पश्चिमा जनताको वास्तविक आय बढेको हो भन्न सकिएला । यही नवप्रवर्तनले पश्चिमाहरूलाई तेस्रो विश्वबाट फरक पार्छ, यो नै दुई विश्वबिचको विशेष भेद हो । यही भेदका कारण आप्रवासीहरू एउटा विश्वबाट अर्को विश्वमा जान खोजिरहेका हुन् ।

नवप्रवर्तनबारे दुई कुरामा ध्यान दिनुपर्छ । पहिलो, नवप्रवर्तनबाट उत्पादन हुने नयाँ माल/वस्तुको बजार एकदम फैलिने सम्भावना छ भने मात्र नवप्रवर्तन गरिन्छ । यसकारण, आर्थिक मन्दीको बेला नवप्रवर्तन गरिन्न । दोस्रो, नवप्रवर्तन आफैले मात्र वास्तविक ज्याला बढाउन सक्दैन । श्रम बजार एकदम कसिलो भएको बेला मात्र नवप्रवर्तनले वास्तविक ज्याला बढाउन सक्छ । श्रम बजार कसिलो हुनुका आफ्ना अलग्गै कारण छन् । इतिहासमा लामो समयसम्म पश्चिमा उत्पादनको लागि बजार विस्तार गर्न तेस्रो विश्वको बजार हत्याइएको थियो । बेलायतको औद्योगिक क्रान्तिले औद्योगिक पुँजीवादको युग सुरु गर्‍यो । उपनिवेशको बजार हुँदैनथ्यो भने औद्योगिक पुँजीवाद टिक्न सक्ने थिएन । उपनिवेशहरूमा स्थानीय शिल्पकारी उत्पादनलाई नयाँ मेसिननिर्मित मालसामानले विस्थापित गर्ने सम्भावना थियो । उपनिवेश देशलाई उद्योगविहीन वा उद्योगच्यूत पार्नु पश्चिमा नवप्रवर्तनको अर्को पाटो थियो । यसले गर्दा ठूलो सङ्ख्यामा जगेडा कामदार पैदा भए ।

नवप्रवर्तन भएका देशमा समेत प्राविधिक प्रगतिका कारण जगेडा कामदार पैदा भएका थिए । तर, यी कामदारको सङ्ख्या घट्यो किनभने उनीहरू विशाल सङ्ख्यामा बसाइ सरे । ती बसोबासीहरू क्यानडा, अमेरिका, अस्ट्रेलिया, न्युजील्यान्ड र दक्षिण अफ्रिकाजस्ता ठिक्क हावापानी भएका समशीतोष्ण देशमा गए । त्यहाँ बसोबासीहरूले नरसंहार मच्चाउँदै रैथाने जनजातिहरूलाई हटाए र तिनको भूमि कब्जा गरी खेतीपाती गर्न थाले । यसरी विशाल आकारको प्रवासनबाट नवप्रवर्तन गर्ने देशहरूको श्रम बजार कसिलो बन्न पुग्यो । यसैकारण, श्रमको उत्पादकत्व बढाउने नवप्रवर्तनसँगसँगै वास्तविक ज्यालामा बढोत्तरी सम्भव भयो ।

उपनिवेश र अर्ध-उपनिवेश देशमा पैदा भएको जगेडा कामदारहरू (माथि उल्लेख) समशीतोष्ण देशमा बसाइ सर्न सकेनन् । उनीहरूलाई एकदम गर्मी हुने उष्ण र उपउष्ण क्षेत्रमै राखियो । कसिलो आप्रवासी कानुनमार्फत यी देशलाई न्यून ज्यालाको दुस्चक्रमा फसाइयो, जून आज पनि उस्तै छ । पहिलो विश्वका देशको पुँजीले यी देशको सस्तो ज्यालादरको लाभ उठाएर नयाँ प्रविधिमार्फत विश्व बजारको लागि मालसामान उत्पादन गर्न सकेको भए ज्यालाको अन्तर हराउने थियो । तर, यस्तो भएन । यी देशको ज्यालादर कम भए पनि पुँजी समशीतोष्ण इलाकाबाट ( प्राथमिक माल उत्पादनलाई छोडेर) यी अर्थतन्त्रहरूमा झरेन । यस्तै, उच्च भन्सार करका कारण स्थानीय उत्पादकहरूले सस्तो श्रम तथा नयाँ प्रविधि प्रयोग गरी उत्पादन गरेका तयारी माल समशीतोष्ण इलाकाका बजारमा पस्न सकेनन् । सारमा पश्चिमा नवप्रवर्तनले पहिलो विश्वमा भौतिक समृद्धि ल्यायो किनभने यसलाई विश्व अर्थतन्त्रको खण्डित ढाँचाले पुरक बनी टेवा दिएको थियो ।

कुरा यही टुंगिन्न । यो खण्डित ढाँचामा पुँजी प्रवाह भयो - उत्तर अमेरिका, अस्ट्रेलिया, न्युजील्यान्ड र दक्षिण अफ्रिका जस्ता समशीतोष्ण इलाकामा युरोपबाट श्रम बसाइ सरेसँगै युरोपको पुँजी पनि यी 'नयाँ क्षेत्र' मा लगानी गरियो । श्रम प्रवाहको पुरक बन्यो पुँजी प्रवाह । तर, यो पुँजी उष्ण र उपउष्ण उपनिवेश र अर्ध-उपनिवेशबाट दोहन गरिएको थियो । ती उपनिवेशको विदेशी मुद्रा सञ्चिती अर्थात् तिनको अतिरिक्त कमाइको ठूलो हिस्सा हडपेर यो पुँजी बनेको थियो । यो प्रक्रियालाई आजभोलि 'पुँजी पलायन' (सरप्लस 'ड्रेन') भनिन्छ ।

'लामो उन्नाइसौं शताब्दी' मा बेलायतदेखि युरोप, क्यानडा र संरा अमेरिकामा भएको पुँजी प्रवाह विशेष रह्यो । यी इलाकाका मालसामानका लागि बेलायती बजार खुला राखियो भने यी इलाकामा पुँजी निर्यात गरियो । यसको अर्थ बेलायतले चालु खाता र पुँजीगत खाता दुवैमा यी इलाकासित घाटा कायम गर्‍यो । यी तीन अग्रणी इलाकासँग सन् १९१० मा बेलायतको जम्मा (चालु र पुँजीगत खातामा) घाटा १२ करोड पाउन्डको थियो । आर्थिक इतिहासकार एसबी सौलको अध्ययन अनुसार त्यो घाटाको आधा रकम भारतलाई अचानोमा राखेर मिलान गरिएको थियो । यसको लागि भारतबाट जति पनि अतिरिक्त उत्पादन निर्यात हुन्थ्यो त्यसलाई बेलायतले हडप्यो । साथै, भारतले बेलायतलाई प्राथमिक माल बेच्थ्यो भने आफूलाई उद्योगच्यूत पार्ने गरी बेलायतबाट अन्य सामान आयात गर्थ्यो । यसमा भारतले तिर्ने रकमबाट पनि बेलायतले तीन अग्रणी इलाकासँगको व्यापार घाटा मिलान गर्थ्यो । युरोप र संरा अमेरिकाको हिसाब मात्र हेर्ने हो भने बेलायतको घाटा साढे ९ करोड पाउन्ड थियो । त्यसको दुइतिहाइ हिसाब बेलायतले यसरी भारतको खर्चबाट मिलाउँथ्यो ।

इतिहासलाई हेर्दा यसप्रकार पुँजीवादको समग्र विकास खण्डित विश्वको रचनामार्फत भएको थियो । नवप्रवर्तनलाई पश्चिमको भौतिक समृद्धिको कारण मान्ने हो भने पनि यो यही खण्डीकरणबाट उत्पन्न भएको थियो । यसकारण, तेस्रो विश्व आर्थिक गतिरोध र गिरावटमा छट्पटिरहेको स्थितिमा पश्चिम कसरी समृद्ध बन्यो भन्ने प्रश्नको जवाफ नवप्रवर्तन होइन । बरु, खण्डीकरण त्यसको जवाफ हो । जोसेफ शुम्पिटर लगायतका सिद्धान्तहरूले नवप्रवर्तनलाई भौतिक समृद्धिको कारण मान्छन् र 'नवप्रवर्तनबाट सम्पूर्ण कामदारहरू लाभान्वित भइरहेको' देखाउँछन् । तर, अन्य इलाकाका कामदारलाई यो लाभबाट बाहिर राखेर (पुँजीपतिहरूका अलावा) एक इलाकाका केही कामदार मात्र लाभान्वित भइरहेका छन् भने यो विषमताको कारण एक इलाकामा सीमित नवप्रवर्तनमा नभई अन्यत्रै छ । एउटा इलाकालाई भौतिक विकासको प्रक्रियाबाट जानाजान बाहिर राख्नु नै यो खण्डीकरणको चुरो थियो । यसको लागि भन्सार करको पर्खाल खडा गरेर त्यो इलाकाका उत्पादनको बाटो बन्द गरियो; तर, पहिलो विश्वका मालसामानविरुद्ध त्यो इलाकालाई भन्सार कर थोपार्न नपाउने बनाइयो; र, त्यो इलाकाले गरेको अतिरिक्त कमाइ हडपियो ।

उपनिवेशवादको युग सिद्धियो; बरु अहिले सस्तो श्रम र नयाँ प्रविधि प्रयोग गरी विश्व बजारको लागि मालसामान उत्पादन गर्न पहिलो विश्वको पुँजी तेस्रो विश्वमा प्रवाहित हुन चाहन्छह यस्तो नयाँ स्थितिमा पनि तेस्रो विश्वमा गरिबी किन बाँकी छ ? यहाँ पनि हामी उही तर्कमा फर्किन्छौं । नवप्रवर्तनले वास्तविक ज्याला बढाउँदैन । शुम्पिटर जस्ता सिद्धान्तकारले स्वत:स्फूर्त रूपमा जगेडा श्रमलाई प्रयोग गर्दै पुँजीवाद पूर्ण रोजगारीतर्फ जान्छ भन्छन् । यो सरासर गलत सिद्धान्त हो । पहिलो विश्वको पुँजी होस् वा स्थानीय पुँजीको संरक्षणमा तेस्रो विश्वले प्राविधिक प्रगति गर्दै छ । यसले श्रम वचन गर्ने काम गर्छ । यसकारण, यसले जगेडा श्रमको तुलनात्मक आकारलाई घटाउँदैन अर्थात् यसले गरिबीको तुलनात्मक घनत्व पनि घटाउँदैन । तेस्रो विश्वको श्रमसँग समशीतोष्ण क्षेत्रमा बसाइ सर्ने उपाय छैन ।

आउँदा दिनमा दुई तत्वले यसलाई अझ कष्टकर बनाउनेछ । पहिलो, ट्रम्पको भन्सार नीति । यो नीतिले संरा अमेरिकाबाट संसारका अन्य देश र खासगरी तेस्रो विश्वमा बेरोजगारी निर्यात गर्न खोज्दै छ । दोस्रो, पुँजीवादको चौघेराभित्र कृत्रिम बौद्धिकताको प्रयोग ।

*(प्रभात पटनायक भारतका अर्थ-राजनीतिक विश्लेषक हुन् । उनी अनेक चर्चित पुस्तकका लेखक समेत हुन् । स्रोत : एमआर अनलाइन । सम्यक)*

# अमेरिकाले भेनेजुयलामा आक्रमण गरे के हुन्छ ?

✍ एलिजाबेथ मेलिमोपोलोस

क्यारेबियन क्षेत्रमा संयुक्त राज्य अमेरिकाको नौसेना तैनाथी तीव्र हुँदै जाँदा र भेनेजुयलालाई लिएर अमेरिकी राष्ट्रपति ट्रम्पको तर्क सुन्दा भेनेजुयलामा जुनसुकै बेला अमेरिकी आक्रमण होला जस्तो लाग्छ । सेप्टेम्बर महिनाको सुरुदेखि नै अमेरिकाले क्यारेबियन र पूर्वी प्रशान्त महासागरीय क्षेत्र लागुपदार्थको तस्करीमा संलग्न भएको आरोपमा २१ भेनेजुयाली डुङ्गामा सैन्य हमला गरिसकेको छ । आक्रमणमा कम्तीमा ८७ जना मारिइसके ।

लागुपदार्थ प्रभावले अमेरिकाको राष्ट्रिय सुरक्षालाई खतरामा पारेको तर्क दिएर ट्रम्प प्रशासनले आक्रमणको औचित्य साबित गर्ने प्रयास गरिरहेको छ । तर, अहिलेसम्म आक्रमणमा परेका जहाजले लागुपदार्थको तस्करी नै गरेको थियो भन्ने कुनै प्रमाण प्रदान गरेको छैन । हुन त अमेरिकामा दक्षिण अमेरिकी देशबाट ठुलो परिणाममा लागुपदार्थ तस्करी हुने गर्छ । तर, तथ्याङ्कले भेनेजुयलाबाट अमेरिकामा खासै लागुऔषध तस्करी नहुने देखाउँछ । विज्ञहरू ट्रम्प प्रशासनको मुख्य निसाना भेनेजुयलाको मादुरो सरकार भएको मान्छन् । राष्ट्रपति निकोलस मादुरोको भेनेजुयाली सरकार पश्चिमी गोलार्द्धका थोरै अमेरिकाविरोधी सरकारमध्ये एक हो । सन् २०१३ देखि निरन्तर सत्तामा रहेका मादुरोलाई हटाउन ट्रम्पले आफ्नो पहिलो कार्यकालमा सक्दो प्रयास गरेका थिए ।

बढ्दो तनावबिच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी सेनालाई भेनेजुयलाभित्रै प्रवेश गराउँदै स्थल अप्रेसनको योजनाबारे विरोधाभाषी सन्देश दिइरहेका छन् । उनले यस्तो सम्भावनालाई अस्वीकार गरेका पनि छैनन् । फेरि उनी आफूलेक भेनेजुयलामाथि आक्रमण गर्ने योजना नबनाएको पनि बताउँछन् । तथापि, ट्रम्पले त्यहाँभित्र सिआइए अप्रेसनलाई भने स्वीकृति दिइसकेका छन् ।

**अमेरिकाले कसरी आक्रमण गर्न सक्छ ?**

भेनेजुयलामा आक्रमण गर्न अमेरिकासँग कैयौँ सैन्य विकल्प रहेको विश्लेषक बताउँछन् । अधिकांशले स्थल सेनाको सट्टा हवाई र समुद्री शक्ति प्रयोगको सम्भावनामाथि जोड दिएका छन् । हालैका महिनामा भेनेजुयलाको तटनजिकै ठुलो सङ्ख्यामा अमेरिकी हवाई तथा नौसेना तथा उपकरण तैनाथ गरिएका छन् । यसमा विश्वको सबैभन्दा ठुलो युद्धपोत 'युएसएस जेराल्ड फोर्ड'समेत समावेश छ ।

'आक्रमण भए सुरुमा सम्भवत: आकाश र समुद्रबाट लामो दूरीको क्षेप्यास्त्र हानिनेछ, किनभने भेनेजुयलाको हवाई प्रतिरक्षा प्रणाली तुलनात्मक रूपमा बलियो छ,' अवकाशप्राप्त अमेरिकी नौसेना तथा सेन्टर फर स्ट्रटेजिक एन्ड इन्टरनेसनल स्टडिजका शीर्ष सल्लाहकार मार्क क्यान्सियनले भने । लगभग सबै विज्ञ अमेरिकाले भेनेजुयलाभित्र स्थल सेना पठाउनेमा प्रश्न गर्छन् । विशेषत: इराक युद्धको असफलता र अमेरिकी सेना अफगानिस्तानबाट असफल भएर फर्केको धेरै नभएको परिप्रेक्षमा स्थल अप्रेसन अमेरिकी जनतामाझ पनि मान्य हुनेछैन ।

'स्थल सैन्य अभियानले अमेरिकाभित्रै ठुलो कानुनी अवरोध सामना गर्नुपर्ने हुन्छ । विशेषत: इराक र अफगानिस्तानको अनुभवका कारण यस्तो अभियानले संसद्मा धक्का खानेछ,' नेदरल्यान्ड्सको लेडेन विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्ध अध्ययनको नेतृत्व गरिरहेका साल्भाडोर सान्टिनो रेगिलमेले भने ।

वासिङ्टनका केही नीति-निर्माताले अमेरिकी सैन्य कारबाहीले मादुरो सरकार ढल्ने र नयाँ राजनीतिक सङ्क्रमण सुरु हुने आशा गरेका छन् । तर, सैन्य विश्लेषक भने त्यस्तो कारबाहीले काराकसमा लामो अस्थिरता निम्त्याउने चेतावनी दिन्छन् । 'ओरिनाको रिसर्च'का संस्थापक तथा भेनेजुयाली मिडिया संस्था गुआकामायाका प्रमुख सम्पादक एलियास फेरर आक्रमणको विचारलाई 'पान्डोरा बाकस' खुल्ने माध्यमका रूपमा वर्णन गर्छन् । 'द्वन्द्वमा सशस्त्र पक्षहरू सशक्त बन्छन् । अब सेना आफैँ वा अर्धसैनिक पक्षले राजनीतिक रूपमा प्रेरित भएर होस् वा सङ्गठित अपराधको उद्देश्यले देशका केही भाग कब्जा गर्ने प्रयास गर्न सक्छन् । परिणाम त्यति मात्र हुनेछैन । यीलगायत धेरै सम्भावना ह्वात्तै बढ्नेछ,' फेररले भने । यस्तो अवस्थामा विपक्षी राजनीतिक शक्ति सबैभन्दा बढी समस्यामा पर्ने फेररको मूल्याङ्कन छ । 'भेनेजुयलाको विपक्षी दलको आफ्नै सैन्य समूह नभएको र विद्यमान सुरक्षा बलसँग बलियो सम्बन्ध नभएकाले उनीहरूलाई धेरै घाटा लाग्नेछ,' उनले भने ।

केही विश्लेषकले त सीमित अमेरिकी आक्रमणले छोटो अवधिमा मादुरो सरकारलाई नै बलियो बनाउने बताउँछन् । 'बाह्य आक्रमणले आफूभित्रको विमतिलाई मिलाउने अवसर दिन्छ भने त्यतिबेला सत्ताविरोधीलाई देशद्रोहको रूपमा अपराधीकरण गर्न पनि सजिलो बहाना भेटिन्छ,' लेडेन विश्वविद्यालयका सान्टिनो रेजिलमेले भने,



'भेनेजुयलाका विपक्षीहरू पहिले नै खण्डित छन् । अझ अमेरिकी आक्रमणपछि त्यसको स्वागत गर्ने र विदेशी आक्रमणको पक्षधरका रूपमा बदनाम हुने डरले विरोध गर्नेबिच थप विभाजित हुनेछन् । इराक, लिबियालगायतको अनुभवले पनि जबर्जस्ती बाह्य हस्तक्षेपले बिरलै स्थिर लोकतन्त्र उत्पादन गरेको देखाउँछ ।'

बढ्दो तनावका बाबजुद मादुरो र उनको सरकारले खुलेर आक्रमणको सामना गर्ने बताएको छ । तिनले सम्भावित अमेरिकी आक्रमणलाई राष्ट्रिय सार्वभौमिकतामाथिको प्रहारको रूपमा चित्रण गरिरहेका छन् । 'अमेरिकीहरूले बमबारीले सबै कुरा अन्त्य हुने सोचेका छन् । यो देशमा त्यस्तो चल्दैन,' गृहमन्त्री डिओस्दादो काबेलोले नोभेम्बरको सुरुमा सरकारी टेलिभिजनमा खिल्ली उडाउँदै भनेका थिए । मादुरोले भर्खरै उही भाकामा जवाफ दिएका थिए । 'हामी शान्ति चाहन्छौँ । तर, त्यस्तो शान्ति सार्वभौमिकता, समानता र स्वतन्त्रतासहितको हुनुपर्छ । हामी दासहरूले पाउने शान्ति चाहँदैनौँ,' मादुरोले राष्ट्रपति भवनअघि भेला भएका समर्थकलाई सम्बोधन गर्ने क्रममा भनेका थिए ।

**के हो अमेरिकाको रणनीति ?**

ट्रम्प प्रशासनले गुप्तचर अभियान चलाएर भेनेजुयलाको सेनाभित्र शीर्ष तहलाई मादुरो सरकार त्याग्न प्रेरित गरिरहेको छ । 'संयुक्त राज्य अमेरिकाले आक्रमणको समयमा सेना तिनको ब्यारेकबाहिर ननिस्कनेमा उनीहरूलाई निसाना नबनाउने सन्देश पठाएजस्तो देखिन्छ । अमेरिकाले पहिलो खाडी युद्धमा यही रणनीति सफलतापूर्वक प्रयोग गरेको थियो,' नौसेनाका अवकाशप्राप्त कर्णेल क्यान्सियनले भने । सन् १९९१ को खाडी युद्धमा अमेरिकी अधिकारीले केही इराकी सैन्य टुकडीलाई उनीहरू आफ्नो ब्यारेकबाट बाहिर ननिस्केमा उनीहरूलाई लक्षित नगरिने सन्देश दिएको थियो ।

त्यस सन्देशअनुरूप काम हुँदा पश्चिमी शक्तिले छोटो समयमै इराकी फौजलाई कुवेतबाट बाहिर निकाल्न सकेको थियो । क्यान्सियनका अनुसार भेनेजुयला सरकारले सेनाभित्र प्रतिरोध गर्ने सम्भावना भएकालाई छानेर हटाएकाले सेना र सुरक्षा बलले लड्ने सम्भावना उच्च देखिन्छ ।

**आम भेनेजुयाली र विश्वले कस्तो प्रतिक्रिया जनाउलान् ?**

अमेरिकाले आक्रमण गरेमा आम भेनेजुयाली नागरिकले कस्तो प्रतिक्रिया जनाउलान् भन्ने प्रश्नको जवाफ सहज नभएको विश्लेषकहरू बताउँछन् । 'भेनेजुयाली नागरिकले पहिले नै लामो सामाजिक-आर्थिक पतन, उच्च मुद्रास्फीति, व्यापक अभाव, अन्तर्राष्ट्रिय प्रतिबन्ध र विश्वको सबैभन्दा ठुलो विस्थापन सङ्कट भोगिसकेका छन्,' लेडेन विश्वविद्यालयका सान्टिनो रेजिलमेले भने ।

पछिल्लो एक अनुमानअनुसार यो वर्ष करिब ७९ लाख भेनेजुयाली अभावबिच बाँचिरहेका छन्, जुन देशको कुल जनसङ्ख्याको झन्डै २८-३० प्रतिशत जनसङ्ख्या हो । 'यस्तोमा आमनागरिकले अमेरिकी आक्रमणलाई वर्तमान शासनबाट मुक्तिभन्दा असुरक्षाको अर्को तहको रूपमा बढी अनुभव गर्नेछन् । खाना, औषधि, बिजुली र आधारभूत सेवाहरूमाथिको बचेखुचेको पहुँच पनि अन्त्य हुनेछ,' रेजिल्मेले भने । सर्वेक्षणले आम मानिसमा सरकार र विदेशी सैन्य हस्तक्षेप दुवैप्रति गहिरो अविश्वास देखाएको छ ।

अर्कोतर्फ क्षेत्रीय र विश्व शक्तिले काराकाससँगको उनीहरूको विद्यमान रणनीतिक सम्बन्धलाई अनुसार प्रतिक्रिया दिने सम्भावना छ । चीन अहिले भेनेजुयलाको सबैभन्दा ठुलो ऋणदाता र आर्थिक साझेदारमध्ये एक बनेको छ । चीनले मादुरोका लागि दृढ कूटनीतिक समर्थन कायम राख्ने अपेक्षा गरिएको छ । तर, भेनेजुयलामा अमेरिकी आक्रमण भएमा चीनले खुलेर परिस्थितिलाई प्रभावित पार्ने सामर्थ राख्दैन । उता, रुस भेनेजुयलाको सबैभन्दा ठुलो सैन्य सहयोगी हो । दुई मुलुकबिच अहिले प्रत्यक्ष सैन्य सम्बन्ध छ । मस्कोले मादुरो सरकारलाई उन्नत हतियार प्रणाली आपूर्ति गरिरहेको छ भने भेनेजुयाली सैनिकलाई तालिमसमेत दिने गरेको छ । दुई देशबिच वर्षौंदेखि गुप्तचर सहयोग चलिरहेको छ । यी दुवै देश मादुरोको शासन रहेसम्म राजनीतिक रूपमा मादुरोसँग गठबन्धनमा रहनेछन् ।

*- अल जजिराका लागि एलिजाबेथ मेलिमोपोलोसको आलेख*

# कोप-३० मा अमेरिकी अनुपस्थिति र चीनसँग विश्वको अपेक्षा

● ज्याकलिन पिल

ब्राजिलको बेलेमस्थित अमेजनको किनारमा जलवायु परिवर्तनको प्रगतिबारे छलफल गर्न भेला भएका दसौँ हजार प्रतिनिधिका लागि यो सहज प्रक्रिया थिएन । मैले संयुक्त राष्ट्र सङ्घको कोप-३० जलवायु वार्ताका चुनौतीको प्रत्यक्ष अनुभव गरेँ । प्रतिनिधिले गर्मी महसुस गर्नुका साथै पसिनाले भिजेका थिए । प्रविधि र एयरकन्डिसनरले सधैँ काम गरेनन् । बाढी र आगलागी दुवैले पन्ध्र दिनको सम्मेलनलाई बाधा पुऱ्याए । यसले जलवायु परिवर्तनले कस्तो असर गर्छ भनेर व्यावहारिक पाठ सिकायो । तर, असुविधाका बाबजुद केही प्रगति भयो ।

ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले यसलाई 'सत्यको कोप' भनेर सम्बोधन गरे । जलवायु परिवर्तन तीव्र हुँदै जाँदा र उत्सर्जन बढ्दै जाँदा प्रतिनिधिले यस क्षणको अत्यावश्यकताबाट पछि हटेनन् । वार्ताअघि धेरैले विश्वव्यापी राजनीतिक उथलपुथल र पेरिस सम्झौताबाट संयुक्त राज्य अमेरिकाको बहिर्गमनले यस वर्षको वार्तालाई कमजोर बनाउने डर व्यक्त गरेका थिए । वार्तामा लगभग ६० हजार प्रतिनिधि उपस्थित हुनु (अहिलेसम्मकै दोस्रो उच्च) ले वार्ता कमजोर थिएन भनेर देखाउँछ । जलवायु वित्त कोष र पहिले नै देखा परेका परिवर्तनसँग अनुकूलनमा प्रगति भएको थियो । तर, जीवाश्म इन्धन शक्तिहरूको कडा प्रतिरोधको सामना गर्नुपर्दा जीवाश्म इन्धनमा निर्भरता अन्त्य गर्ने प्रयास असफल भए ।




**कोप-३० ले के दियो ?**

एक चरणमा यस्तो देखिन्थ्यो कि कोप-३० ले जलवायु नीतिको सबैभन्दा कठिन पाटो तोड्न सक्छ- जीवाश्म इन्धनलाई चरणबद्ध रूपमा हटाउने सम्झौतामा पुग्न । राष्ट्रहरूले दुई वर्षअघि जीवाश्म इन्धनबाट टाढा जान आवश्यक रहेको विषयमा सहमति जनाएका थिए । तर, त्यहाँ पुग्नका लागि अहिलेसम्म कुनै योजना बनाइएको थिएन । ब्राजिलको एउटा योजना थियो, जीवाश्म इन्धनलाई चरणबद्ध रूपमा हटाउने रोडम्यापको लागि समर्थन जुटाइयोस् । रोडम्यापलाई राष्ट्रपति लुलाद्वारा समर्थित र वातावरणमन्त्री मारिना सिल्भाले दृढतापूर्वक अगाडि बढाएका थिए । यसले नर्वे र अस्ट्रेलियाजस्ता प्रमुख जीवाश्म इन्धन निर्यातकर्तासहित ८० भन्दा बढी देशबाट समर्थन प्राप्त गऱ्यो । धक्काको अपेक्षा गर्दै ब्राजिलले योजना ल्याउनुअघि मुख्य वार्ता बाहिर समर्थन बढाउन काम गऱ्यो । तर, उक्त पहलले काम गरेन । कोप ३० को अन्त्यसम्ममा रुस, साउदी अरेबिया र भारतजस्ता देशहरू र धेरै उदीयमान अर्थतन्त्रको कडा दबाबपछि अन्तिम परिणामको पाठबाट जीवाश्म इन्धन रोडम्यापका सबै छलफल हटाइएको थियो ।

यसको सट्टा देशहरूले '१.५ डिग्री सेल्सियस पहुँचभित्र राख्नका लागि विश्वव्यापी कार्यान्वयन गतिवर्द्धक' सुरु गर्न र अघिल्ला कोप निर्णयलाई 'मनन गर्न' सहमत भए । यो पहल ब्राजिल र आगामी कोप ३१ सम्बन्धी वार्ताका नेता, टर्की र अस्ट्रेलियाले गर्नेछन् । राष्ट्रपति लुलाले जी २० मा जीवाश्म इन्धनसम्बन्धी रोडम्याप तय गर्ने वाचा गरे ।

कोलम्बिया र नेदरल्यान्ड्सले अप्रिल २०२६ मा जीवाश्म इन्धन चरणबद्धतासम्बन्धी सम्मेलन गर्ने बताए । न्यायपूर्ण सङ्क्रमण संयन्त्र विकास गर्ने निर्णयलाई कामदार र समुदायको जितको रूपमा स्वागत गरिएको छ । नयाँ संयन्त्रको उद्देश्य देशहरू विश्वव्यापी न्यून कार्बन अर्थतन्त्रतर्फ सर्दै जाँदा अन्तर्राष्ट्रिय सहयोग, प्राविधिक सहयोग, क्षमता निर्माण र ज्ञान साझेदारी बढाउनु हुनेछ । सम्मेलनका सहभागीले कोषलाई प्रभावकारी रूपमा जुटाउने विषयमा प्रतिबद्धता जनाए । कोष गम्भीर जलवायु क्षतिको जोखिममा रहेका सामान्यतया गरिब र कम उत्सर्जन भएका राष्ट्रहरूलाई मद्दत गर्नका लागि हो । यी राष्ट्रले चार वर्षअघि कोप २६ मा सहमति भएको ४० अर्ब अमेरिकी डलर (अमेरिकी डलर ६२ अर्ब) बाट २०३० सम्ममा जलवायु वित्त तीन गुणा बढाउने दाबीको नेतृत्व गरेका थिए । तर, सहमति

*बाँकी पृष्ठ ८ मा*

# भुइँ मान्छेको अधिकार हो : मानव अधिकार



रामप्रसाद प्रजापति



**सन्दर्भ : मानव अधिकार दिवस**

१० डिसेम्बरलाई अन्तर्राष्ट्रिय मानव अधिकार दिवस संसारभर विभिन्न गतिविधि गरेर मनाउने चलन छ ।

दुई वटा विश्वयुद्धले ल्याएको मानविय पीडा, मानव अधिकारको सुनिश्चितताका लागि आवश्यक कानुन र उत्तरदायी बनाउने माध्यमहरूको अभाव रहेको परिवेशमा सन् १९४७ डिसेम्बर १० का दिन फ्रान्सको पेरिसमा भएको संयुक्त राष्ट्र सङ्घको महासभाले "विश्वव्यापी मानव अधिकारसम्बन्धी घोषणापत्र १९४८" जारी गरेको हो ।

युद्ध, हिंसा, अत्याचारका भयावह परिणाम देखेपछि विश्वले एकै स्वरमा मानव अधिकारलाई वैश्विक, सार्वभौम र अपरिहार्य बनाउने निर्णय गरेको देखिन्छ ।

मूलतः दोस्रो विश्वयुद्ध (सन् १९३९-१९४५) को दौरान करोडौं मानिसको ज्यान गयो । जातीय नरसंहारमा लाखौँ यहुदी र अन्य समूहका मानिसहरूको हत्या गरियो ।

युद्ध, यातना, दासत्व, बलात्कार, बमबारी, अनाहकको बन्दीकरण आदि मानवताविरुद्धका गतिविधि निकै पीडादायी बन्यो । मानव अधिकार विश्वव्यापी रूपमा सुनिश्चित गर्न नसके अन्याय र अत्याचार दोहोरिरहने डर बढ्दै थियो ।

सारमा मानिसले आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता नै मानवअधिकार भएको हुँदा विश्वव्यापी मानव अधिकारलाई साझा सिद्धान्त मानियो । तर, अहिले पनि संयुक्त राज्य अमेरिकाले आफ्नो हतियारको व्यापार र संसारमा आफ्नो दबदबा कायम राख्न विश्वका विभिन्न भागमा युद्धजन्य गतिविधि गर्दै विश्व आतङ्क फैलाइरहेको छ । जस्तो इजरायली सरकारले संरा अमेरिकाको समर्थनमा स्वतन्त्र प्यालेस्टिनमाथि बर्बर आक्रमण गरी बालबालिका, गर्भवती महिला तथा निहत्था नागरिकको नरसंहार गरिरहेको छ ।

संरा अमेरिकाले कोरिया युद्धको अन्त्यको घोषणा हुन दिएको छैन । युक्रेन र रुसबिचको युद्धले संसारभर आतङ्क, भय र अस्थिरताको सृजना गरेको छ । क्युवालाई अमानवीय रूपमा नाकाबन्दी गरिएको छ ।

सुरुमा महासभामा सहभागी ४८ देशले समर्थन गरेको र ८ देश तटस्थ बसेको भएपछि हालसम्म संयुक्त राष्ट्र सङ्घका सबै सदस्य राष्ट्र १९३ देशले स्वीकार गरेको छ ।

**मानवअधिकारको हननमा राज्य**

नेपालले पनि घोषणापत्रलाई नेपाल कानुन सरह मान्यता दिने गरी स्वीकार/मान्यता प्रदान गरेको अवस्था विद्यमान छ ।

मानवअधिकार जन्मसिद्ध अधिकार हो । यो संसारभरका सबै मानिसका लागि एउटै किसिमले लागु हुन्छ । कुनै पनि कारणले मानवअधिकार खोस्न नपाइने गरी संविधान र कानुनले संरक्षण र सुनिश्चित गरेको हुन्छ ।

वास्तवमा मानिसको जीवनको अधिकार नै मानव अधिकार हो । नागरिकहरूको स्वतन्त्रता र समानताको अधिकार, न्यायिक उपचार पाउने अधिकार, विचार र अभिव्यक्तिको अधिकार, शिक्षा, स्वास्थ्य उपचार र रोजगारको अधिकार, आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकार, यातना र क्रुर तथा अमानवीय व्यवहारबाट मुक्त हुने अधिकार, वैयक्तिक गोपनीयताको अधिकार, राजनीतिक गतिविधिमा सहभागिताको अधिकार मानव अधिकारका महत्त्वपूर्ण एवं आधारभूत उदाहरणहरू हुन् ।

नेपालको संविधान २०७२ ले पनि भाग ३ मा मौलिक हकहरू, न्यायिक उपचारको हक, समानता, भेदभाव र छुवाछुतविरुद्धको अधिकार, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजातिलगायतका कमजोर, फरक विशेषता र अल्पसङ्ख्यक नागरिकहरूका लागि विशेष अधिकारको बन्दोबस्त गरिएको पाइन्छ ।

त्यस्तै निःशुल्क शिक्षा, स्वास्थ्य उपचारको बन्दोबस्त सबै नेपाली नागरिकले पाउने सुनिश्चितता गरिने संवैधानिक मौलिक हक भए तापनि 'कानुनबमोजिम हुनेछ' भनिएकोले ३ वर्ष लगाएर बनाएको निःशुल्क शिक्षा, स्वास्थ्य उपचारका ऐनहरूमा नाम मात्रको मौलिक अधिकार कार्यान्वयन गर्न बनेको कानुन निर्माण भएको अवस्था छ । व्यवहारमा लागु छैन । यो पनि राज्यको एक प्रकारको मानव अधिकारको हनन् हो ।

Informal Sector Service Center (INSEC) को पछिल्लो एक दशकमा नेपालमा मानव अधिकार उल्लङ्घन लगातार बढेको तथ्याकले देखिएको छ । जस्तो हिरासत तथा बन्दीगृहमा यातना तथा दुर्व्यवहार, अमानवीय व्यवहार र मृत्यु, जबरजस्ती निष्कासन अर्थात् आवासको अधिकारको उल्लङ्घन, लैङ्गिक हिंसा र बाल अधिकार उल्लङ्घन, जातीय भेदभाव, सामाजिक असमानता, मानवबेचबिखन, अभिव्यक्ति स्वतन्त्रता माथि दमन र प्रहरी तथा सुरक्षाकर्मीहरूद्वारा भएका अत्याचारहरू जस्तै गैरकानुनी पक्राउ, हिरासतमा अवैध रूपमा राख्ने, कानुनी प्रक्रिया नपुर्‍याउने, २४ घण्टाभित्र अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष प्रस्तुत नगर्ने, साबिति बयानका लागि दबाब सृजना गर्ने आदि ।

सो तथ्याङ्कले नेपालमा कानुन र संरचना भएका क्षेत्रहरूमा पनि राज्य र सरकारको जवाफदेहिता प्रभावकारी नभएको देखाउँछ ।

यसका साथै यो दशक कृषिप्रधान देश नेपालमा कुनै पनि वर्ष सहुलियत दरमा किसानहरूले समयमै रासायनिक मल पाउन सकेनन् । १०/१५ किलो मल पाउन रातभर लाइन बस्न बाध्य भएका छन् ।

युवाहरूले रोजगारी नपाउने, रोजगार स्थलमा उच्च जोखिम भोग्न बाध्य हुनुपर्ने, लाखौँ लाख युवाहरू परिवार र देश छोडेर वैदेशिक रोजगारीमा जान बाध्य हुनुपर्ने, वैदेशिक रोजगारमा गएका दर्जनौँ युवाहरूको लाश दैनिक जसो नेपाल आउने अवस्थाले मानवअधिकारको स्थिति अझ निकै गम्भीर रहेको पुष्टि हुन्छ ।

**मानवअधिकारको हनन् मानवताविरुद्धको अपराध**

मानव अधिकार हनन् व्यक्ति, सङ्घसंस्था, कम्पनी, व्यापारी व्यवसायीले मात्रै होइन, राज्य र राज्य संयन्त्रका विभिन्न तहबाट हुने गरेको पाइन्छ ।

केही हप्ताअघि एक जना ज्येष्ठ नागरिकले आफूले पाउँदै आएको सामाजिक सुरक्षा भत्ता पाउन वडा कार्यालयका सचिवले राष्ट्रिय परिचयपत्रबिना दिन नसकिने बताएपछि परिवार र छिमेकीहरूले दिनभर लगाएर बोकेर जिल्ला प्रशासन कार्यालय ल्याउन परेको घटना सार्वजनिक भयो ।

भर्खरै केही दिनअघि "राज्यले न्याय दिन नसकेपछि बाबु छोरीले ज्यान गुमाउन बाध्य" भएको समाचार सार्वजनिक भयो ।

जिल्ला अदालतबाट पतिबाट अंश पाउने फैसला भएपछि अंश पाउने आवश्यक नागरिकता र नाबालक छोरीको जन्मदर्ता प्रमाणपत्र प्राप्त गर्न स्थानिय सरकार र जिल्ला प्रशासन कार्यालय धाउँदा धाउँदै हरेस खान परेको र अन्तत बाबुछोरीले आत्महत्या गरेको समाचार प्रकाशित भयो ।

उक्त समाचार प्रकाशित भएलगत्तै गृहमन्त्री र प्रधानमन्त्रीले राजिनामा दिनुपर्ने हो । तर नेपालमा मानवअधिकारको अवस्था सत्तामा पुगेका पुँजीपति वर्गका प्रतिनिधिहरूले बुझेर पनि बुझ पचाउँदै आउने गरेका छन् ।

घटना बर्दियाकी अञ्जु थारुको हो । अञ्जुले ८ वर्ष अघि छिमेकी गाउँका अनिल थारुसँग प्रेम सम्बन्धबाट गर्भवती भई । पञ्चायत बस्यो । अनिलले अञ्जुलाई विवाह गरे ।

छोरीको जन्मपछि खटपट भएकोले अञ्जु माइतमा बसिन् । अनिलले वास्ता नगरेपछि २०७६ माघ ८ मा बर्दिया जिल्ला अदालतमा अंश माग गर्दै मुद्दा गरिन् । मुद्दा अञ्जुले जितिन् । जिल्ला अदालतको फैसलाबमोजिम अञ्जुले अनिलबाट अंश पाउने ठहर भयो ।

तर, अंश छुट्याई लिन अञ्जुले नागरिकता र नाबालक छोरीको जन्मदर्ता पाइसकेको थिएन । नागरिकता र जन्मदर्ताका लागि अञ्जु र अञ्जुका बुबा कान्छा थारु वडा कार्यालय, जिल्ला प्रशासन कार्यालय धाउन थाले । तर, जिल्ला प्रशासन र वडाले अञ्जुले अंश पाउने फैसला भएको तर नागरिकता नपाउने अडान लिए ।

नागरिकता नहुँदा वडाले नाबालक छोरीको जन्म दर्ता पनि गरिदिएन । अन्नतः अञ्जुले घरमै आत्महत्या गरिन् । त्यसको केही दिनपछि अञ्जुका बाबु कान्छा थारुले पनि आत्महत्या गरे ।

राज्य र सम्बन्धित निकायले नागरिकता र जन्मदर्ता प्रमाणपत्र पाउनका लागि समयमै सामान्य उपाय, मार्गप्रशस्त गरिदिन नसक्दा दुई नेपाली नागरिकले अनाहकमा ज्यान गुमाए । परिवारका सदस्य र नाबालिग छोरी अलपत्र परे ।

यसबाट के स्पष्ट हुन्छ भने पुँजीवादी बन्दोबस्त रहेका नेपाल, भारत, बङ्गलादेश जस्ता देशहरूमा गरिब कामगरिखाने वर्गका किसान मजदुरहरूका लागि मानवअधिकार आकासको फल आँखा तरि मर भनेझैँ भएको देखिन्छ ।

**मानवअधिकार भुइँमान्छेको अधिकार**

गरिबका लागि न्याय पनि महँगो, धनीमानीका लागि सर्वसुलभ देखिन्छ । जस्तो कि वर्तमान कार्की सरकारले केही हप्ताअघि डोल्मा इम्प्याक्ट नामक एउटा कम्पनीलाई करोडौको कर छुट दिई उन्मुक्ति दियो । तर, गरिब किसानले समयमा सहुलियत मल पाउन सक्दैनन् । रोजगारी पाउन दलाल म्यानपावर कम्पनीलाई दस्तुर सँगै मोटो रकम बुझाउन बाध्य छन् ।

भाटभटेनी, चौधरी ग्रुपजस्ता अरबपतिहरूले कर तिर्न ढिलाइ गर्न सरकारी निकायहरूकै मिलोमतोमा मुद्दामाथि मुद्दा गर्दै गरेको देखिन्छ ।

सर्वसाधारण जनताका आधारभूत आवश्यकताका कुराहरू सडक, खानेपानी, गुणस्तरीय शिक्षा, व्यक्तित्व विकासमा समान अवसर एक देशको कथाझैँ छ ।

त्यसैले मानव अधिकारको आँखाले हेर्दा धनीका लागि त आफै वा आफ्ना आउरेबाउरे छँदैछन्, व्यापक गरिव जनताका लागि मानव अधिकारको खाँचो छ ।

मानवअधिकार भुइँ मान्छेको अधिकार हो । गरिबको गाँस, बास, कपासको अधिकार मानवअधिकार हो ।

व्यापक गरिब जनतालाई शोषण गर्ने मुठ्ठीभरका पुँजीपतिहरूको पेवा कदापि होइन ।

व्यापक काम गरिखाने जनता सचेत र सङ्गठित भएर मानिस आफै मान्छे भएर बाँच्न लायक शोषणरहित समाजवादी समाज निर्माण गर्न निरन्तर सङ्घर्ष गर्नु जरुरी छ ।

*२०८२ मङ्सिर २१*

---

**कोप....**

भएको पाठले '२०३५ सम्ममा कम्तीमा तीन गुणा अनुकूलन वित्त गर्ने प्रयासका लागि आह्वान गर्छ,' जसले समयसीमालाई बाहिर धकेल्छ । जलवायु अनुकूलनका लागि वित्तपोषण बढाउने प्रयास अलमलमा परेका छन् ।

ब्राजिलको आफ्नै पहलमध्ये एक समशीतोष्ण वन संरक्षणसम्बन्धी योजनाले ठुलो सफलता हासिल गऱ्यो । योजनाअन्तर्गत उसले ९.५ अर्ब अमेरिकी डलर (१४.७ बिलियन अस्ट्रेलियाली डलर) रकम सहयोग पाउनेछ । समशीतोष्ण वनका लागि ट्रस्टको स्थापना विश्वव्यापी वनफँडानी रोक्न र अमेजनको महत्त्वपूर्ण कार्बन सिंकसहित आदिवासी भूमिको सुरक्षा गर्न स्रोतसाधन उपलब्ध गराउन डिजाइन गरिएको हो । वनफँडानी अन्त्य गर्ने रोडम्यापका लागि ९२ देशले समर्थन जनाए । यी वनफँडानी पहलको सफलताले कोपको कार्य एजेन्डाको प्रभावकारितालाई औँल्याउँछ, जसको उद्देश्य औपचारिक वार्ताभन्दा बाहिर जलवायु कार्यलाई प्रोत्साहित गर्नु र व्यवसाय, लगानीकर्ता र नागरिक समाजबाट प्रतिबद्धता समावेश गर्नु हो । औपचारिक वार्ता अड्किएपछि यी बाइपासहरूले प्रगतिलाई अगाडि बढाउन सक्छन् ।

**अमेरिकी अनुपस्थिति**

कोप-३० भन्दा अगाडि विश्लेषकहरूले ट्रम्प प्रशासनद्वारा जलवायु कार्यमाथि जारी आक्रमणले अन्तर्राष्ट्रिय वार्तालाई कमजोर पार्ने डर व्यक्त गरेका थिए । कोप-३० अमेरिकी सरकारी प्रतिनिधिमण्डलविनाको पहिलो जलवायु शिखर सम्मेलन थियो । सुरुमा अमेरिकी अनुपस्थिति विवादका हिसाबले सम्मेलनमा राहतको रूपमा आयो । तर, शिखर सम्मेलनको अन्त्यसम्ममा विश्वको सबैभन्दा ठुलो ऐतिहासिक उत्सर्जक र सबैभन्दा ठुलो अर्थतन्त्र वार्ताबाट गायब हुनुले यसको असर पारेको थियो ।

सुरुमा धेरैले आशा गरेका थिए कि नवीकरणीय ऊर्जा र स्वच्छ प्रविधिमा विशाल चीनले नेतृत्वको शून्यता भर्नेछ । गत वर्ष चीनको स्वच्छ प्रविधि निर्यातले विदेशी उत्सर्जन एक प्रतिशतले घटाउन पर्याप्त थियो । विशाल औद्योगिक शक्तिले विश्वको कार्बन उत्सर्जनको लगभग ३२ प्रतिशत उत्पादन गर्दछ । यी उत्सर्जन स्थिर भएका छन्, जसले गर्दा विश्वव्यापी उत्सर्जन अब चरम सीमामा पुगेको हुन सक्छ भन्ने सुझाव दिन्छ । तर, चीनले आफ्नो घरेलु ऊर्जा सङ्क्रमणमा केन्द्रित रहन अनिच्छुकता देखायो । चिनियाँ वार्ताकारहरूले उत्सर्जन-गहन उत्पादनलाई लक्षित गर्ने नयाँ युरोपेली व्यापार उपायविरुद्धमा आफ्नो अधिकांश शक्ति खर्च गरे ।

विज्ञानमा अडिग रहने र समाधानको कार्यान्वयनलाई तीव्र बनाउने आह्वानको नेतृत्व गर्ने जिम्मेवारी केही साना राष्ट्र, आदिवासी जनजाति र नागरिक समाजलाई दिइएको थियो । अनुमानित ७० हजार मानिसले बेलेमका सडकमा मार्च गरे, जीवाश्म इन्धनका लागि नक्कली अन्त्येष्टि गरे । यो जलवायु कार्यका लागि व्यापक सार्वजनिक समर्थनको एक महत्त्वपूर्ण पुष्टि थियो ।

*(पिल मेलबर्न विश्वविद्यालयमा कानुनकी प्राध्यापक हुन् ।)*

*- द कन्भर्सेसनबाट*

---

**साम्राज्यवादीहरूको....**

बेलायतका पूर्वप्रधानमन्त्री रोबर्ट आर्थर ट्याल्बट ग्यासकोयन सेसिल (Robert Arthur Talbot Gascoyne Cecil) ले आफ्नो भतिजा Arthur Balfour लाई आयरल्यान्डको मुख्य सचिवको सम्मानित पदमा पदोन्नति गरेर नातावादलाई बढोत्तरी गरेको उदाहरण छ ।

अमेरिकामा पनि सन् २०१० देखि नै 'नेपोटिज्म बेबी' भन्ने शब्द चर्चामा आएको थियो । अमेरिकामा 'नेपो बेबिज' शब्दको प्रयोग हलिउडका फिल्म उद्योग, सङ्गीत र फेसन क्षेत्रमा केन्द्रित छ । हलिउडमा अभिनेता र अभिनेत्रीका सन्तानले सजिलै फिल्ममा प्रवेश पाउँदा अथवा ठूला भूमिका पाउँदा 'नेपो बेबि' को आरोप लाग्ने गर्दछ । न्युयोर्क म्यागजिनले सन् २०२२ लाइ 'इयर अफ द नेपो बेबी' (The Year of the Nepo Baby) घोषणा गर्दै विशेषाङ्क निकालेको थियो । त्यसपछि यो विषय ब्यापक बन्दै गएको मानिन्छ । भारतमा पनि नेहरू र गान्धी परिवारलाई वंशवादको आरोप लागेको छ ।

**नेपालका नेपो किड्सहरू**

पुष्पकमल दाहाल (प्रचण्ड) को नातिनी स्मिता दाहालको लक्जरी ब्याग, विवाहमा लगाएको गहना र महँगो सारी सामाजिक सञ्जालमा भाइरल भएको थियो । कम्युनिस्ट पार्टीका नेता दाबी गर्ने प्रचण्डले ४० लाख पर्ने महँगो रोलेक्स घडी लगाएको चर्चा चुलिन नपाउँदै उनकी नातिनीको भड्किलो विवाहबारे सर्वत्र आलोचना भयो ।

प्रचण्डकै बुहारी बिना मगर जो आफ्नो ससुराको प्रभावका कारण नेपालमा खानेपानी मन्त्रीसमेत बनेकी थिइन् । सरकारी रकमले व्यक्तिगत विदेश भ्रमण गरेको आरोप छ, उनीलाई । मासिक ५० हजार शुल्क लाग्ने ललितपुरको युलेन्स स्कुलमा बिनाले आफ्नो छोरा पढाइरहेको पनि सार्वजनिक भएको थियो । प्रचण्डकी छोरी गङ्गा दाहालको भड्किलो जीवनशैलीप्रति पनि युवाहरूले कटाक्ष गरेका थिए ।

काङ्ग्रेस नेता तथा गण्डकी प्रदेशका पूर्वकानुन मन्त्री बिन्दुकुमार थापाका छोरा सौगात थापाले आफ्नो पिताको नाम भजाएर 'चेम्बर अफ कमर्स' को चुनाव जितेको चर्चा पनि चुलिएको थियो । उनले सामाजिक सञ्जालमा पोष्ट गरेको क्रिसमस रुख र महँगो घडीको निकै आलोचना भएको थियो ।

पूर्वप्रधानमन्त्री तथा नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा र पूर्वपरराष्ट्र मन्त्री आरजु राणाको छोरा जयवीर देउवा र बुहारी सिवानाको विलासी जीवन, उनीहरूले सञ्चालन गरेको हिल्टन होटलको बारेमा पनि सामाजिक सञ्जालमा विरोध भएको थियो ।

नेकपा एकीकृत समाजवादीका पूर्वस्वास्थ्य मन्त्री विरोध खतिवडाकी छोरी पूर्व मिस नेपाल (२०१८) श्रृङ्खला खतिवडाको तस्वीर राखी सामाजिक सञ्जालमा 'नेपो किड्स' भनी विरोध भएको थियो । श्रृङ्खला कान्तिपुर मिडिया ग्रुपका मालिक कैलाश सिरोहियाकी बुहारी हुन् । उनले गरेको लन्डन, स्वीजरल्यान्ड, अमेरिकाको यात्रा र विलासीपूर्ण जीवनशैलीबारे सामाजिक सञ्जालमा विरोध भएको थियो ।

एमालेका केही नेताको छोरा-छोरीको महँगो विवाह उत्सव पनि सामाजिक सञ्जालमा भाइरल बनेको थियो ।

**अमेरिकी एजेन्टहरूद्वारा छद्म नेतृत्व**

एक भारतीय सञ्चार माध्यम ANI Podcast with Smita Prakash सँगको अन्तर्वार्तामा नेपालमा चलेको 'नेपो किड्स ट्रेन्ड' बारे भारतीय लेखक तथा शिक्षक पवनित सिं ( Pavneet Singh) ले भने, "चीन र इन्डियालाई काउन्टर दिने कथा (Narrative) बनाउनको निम्ति अमेरिकीहरू नेपालमा बसेका छन् । नेपालमा पश्चिमी प्रभावको (western centric) सामाजिक सञ्जाल छ । अमेरिकाले नेपालमा सामाजिक सञ्जालमार्फत जनपरिचालन (Mass Mobilization) गरायो । काठमाडौँका मेयर अमेरिकाले तयार पारेका व्यक्ति हुन् । अमेरिकाकै कारण बालेन साह काठमाडौँका मेयर बने । अमेरिका नेपालमा वैकल्पिक सरकार निर्माण गर्न चाहन्छ ।" (ANI Podcasst 2o25 sep 10)

सुरुदेखि नै नेतृत्वविहीन भनिएको भदौ २३ र २४ गतेको सडक प्रदर्शनमा साम्राज्यवादी अमेरिकाका एजेन्टहरूले छद्म ढङ्गबाट नेतृत्व गरेको खुल्दै छ । नयाँ पुस्ताले भ्रष्टाचार, परिवारवाद र सामाजिक अन्यायविरुद्ध आवाज उठाए । तर, साँचो मनले अनियमितता, बेथिति, भ्रष्टाचार, नातावाद, वंशवादको विरोधमा उत्रिएका सोझा नेपाली युवाहरूलाई साम्राज्यवादीहरूले 'बलिको बोका' बनाए । अहिले नेका, एमाले र वर्तमान सरकारबिच मिलिमतो भएको पनि सार्वजनिक भइरहेको छ । नेपाली जनता सचेत हुनु जरुरी छ ।

*२०८२ मङ्सिर २१*

## कटारीमा कार्यकर्ता भेला

# ठुला भ्रष्टाचारीलाई मृत्युदण्ड दिनुपर्ने



उदयपुर । नेपाल मजदुर किसान पार्टी कटारी नगर समितिको आयोजनामा कार्यकर्ता भेला मङ्सिर १६ गते सम्पन्न भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालले नेपाल मजदुर किसान पार्टीका जनप्रतिनिधिहरू निर्वाचित भक्तपुर नगरपालिकाले २६ वर्ष अगाडि शैक्षिक संस्थानहरू स्थापना र सञ्चालन गरी देशभरिका विद्यार्थीलाई उच्च शिक्षाको मार्ग प्रशस्त गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "सार्वजनिक भवनमा आगजनीभन्दा भ्रष्टाचारीको सम्पत्ति राष्ट्रियकरण गर्नु आवश्यक छ । ठुला भ्रष्टाचारीहरूलाई जेल र मृत्युदण्डसमेतको सजाय हुने कानुनी व्यवस्था जरुरी छ ।"

प्रधानमन्त्री र मन्त्री भएका शासक पार्टीका नेताहरू एक अर्को पार्टीमा प्रवेश गर्ने र एक अर्को पार्टीमा एकीकरण गर्ने काम बढिरहेको उल्लेख गर्दै उहाँले पुन: प्रधानमन्त्री र मन्त्री हुनका लागि उनीहरू यी काममा लागेका हुन्; यसकारण, नेपाली जनता सचेत हुनु जरुरी छ भन्नुभयो ।

उहाँले भन्नुभयो, "निजी कम्पनीको नाममा खरिद गरिएका हदबन्दीभन्दा बढी भएको जग्गा स्वत: सरकारको हुनुपर्नेमा वर्तमान सरकारले निजी कम्पनीलाई हदबन्दीभन्दा बढी भएको जग्गामा आवास विकास गराई बिक्री गर्नु देश र जनताको हितमा छैन । वर्तमान सरकारले प्रदूषण धेरै फाल्ने युरो ३ का सवारी साधन आयात फुकुवा गरेको पनि विदेशी पुँजीको हितमा हो ।"

नेपाली युवालाई गोर्खा भर्तीको नाममा विदेशीको भाडाको सिपाही बनाइएकोमा नेपाली जनताको विरोध रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, " यतिबेला संयुक्त राष्ट्र सङ्घअन्तर्गत शान्ति स्थापनाको नाममा नेपाली सुरक्षाकर्मीलाई विदेश पठाउने देशमा नेपाल सातौँ स्थानमा परेको सार्वजनिक भयो । सरकारहरूले वैदेशिक रोजगारीको नाममा लाखौँ युवालाई विदेश पठाइरहेका छन् । मानव विकास सूचाङ्कमा नेपाल १४५ औँ स्थानमा पुग्यो । यसरी नेपाली युवालाई विदेशको सेवामा पठाएर देशको सेवा नहुने पुष्टि भयो । सरकारहरूले नेपालीलाई देशभित्र रोजगारी दिनु आवश्यक छ । विदेशी ऋण र पुँजीले नेपाल नवउपनिवेश हुनेछ ।"

उहाँले भन्नुभयो, "पैतीस वर्षयता बहुदल र गणतन्त्रको अवधिमा सरकारमा गएका दलहरूको नाम र नेता फरक भए तर आर्थिक र विदेश मामिला एउटै भए । राजनीतिक पार्टीहरू दर्शन र वर्ग आधारमा स्थापना र सञ्चालन हुनुपर्नेमा शासक दलहरूको दर्शन सामन्तवादी र पुँजीवादी भयो भने वर्ग आधार शोषक वर्गको भयो । यसकारण, देश र जनतालाई दु:ख भएको हो ।"

भेलामा नेमकिपा कोशी प्रदेशका संयोजक उकेश कवांले जसरी किसानले बारीमा बीउ बचाउनका लागि गोलमेल गरिरहन्छ त्यसरी नै पार्टी कार्यकर्ताहरूलाई तयार पार्न नियमित बैठक, कार्यक्रम र प्रशिक्षण दिइरहनुपर्ने कुरा उल्लेख गर्नुभयो । जबसम्म कामदार वर्गले राजनीतिक रूपमा सचेत र सङ्गठित भएर लाग्दैन तबसम्म हामीले सुख नपाउने हुँदा सक्रिय भएर लाग्न उहाँले आग्रह गर्नुभयो ।

नेमकिपा कटारी समितिका विसुनकुमार दनुवारको सभापतित्वमा भएको कार्यक्रममा नेमकिपा कोशी समितिका सदस्य महेन्द्र बखुन्छेँ, विष्णुबहादुर खत्रीले पनि बोल्नुभएको थियो ।

# अपाङ्गता भएकाहरूबिच समानता आवश्यक




भक्तपुर । ३४ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा अपाङ्गता दिवस कार्यक्रम मङ्सिर १७ गते भनपा वडा नं. १ कार्यालय परिसरमा सम्पन्न भयो ।

सोही अवसर पारेर भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीले नगरभित्रका अपाङ्गता भएकाहरूलाई न्यानो ज्याकेट र पोषिलो पिठो (सातु) वितरण गर्नुभयो । त्यस्तै, ख्वप अस्पतालको प्राविधिक सहयोगमा अपाङ्गता भएका व्यक्ति र परिवारहरूको लागि स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो ।

कार्यक्रममा प्रमुख प्रजापतिले व्यक्तित्व विकासमा अगाडि बढ्न अपाङ्गता भएकाहरू पनि योग्य र सक्षम हुनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका क्षेत्रमा अपाङ्गता भएकाहरूलाई प्राथमिकतामा राख्दै आएको चर्चा गर्दै उहाँले अपाङ्गता भएकाहरूले पनि देश विदेशमा उल्लेखनीय काम गरेको उदाहरण प्रस्तुत गर्नुभयो ।

उहाँले अभिभावकको साथ र सहयोगले अपाङ्गता भएकाहरू शैक्षिक, सामाजिकरूपमा अगाडि बढ्न सक्ने उल्लेख गर्दै अपाङ्गता भएकाहरूको बिचमा पनि समानता आवश्यक भएको बताउनुभयो ।

अपाङ्गतासम्बन्धी अस्थायी समन्वय समितिका संयोजक उपप्रमुख जोशीले नगरभित्र ७३० जना अपाङ्गता भएकाहरू रहेको तथ्याङ्क प्रस्तुत गर्दै भक्तपुर नपाले प्रत्येक वर्ष अपाङ्गता भएकाहरूको हक अधिकार सुनिश्चित गराई सामाजिक अस्तित्व कायम गराउन विविध गतिविधिहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले प्रत्येक वर्ष यो दिवसलाई विशेष ढङ्गले मनाउँदै आएको उल्लेख गर्दै उहाँले अपाङ्गता भएकाहरूको माग, आवश्यकता र समस्याबारे सम्बन्धित निकाय संवेदनशील हुनु जरुरी रहेको बताउनुभयो ।

अपाङ्गतासम्बन्धी अस्थायी समन्वय समितिका सदस्य हिमालयश्वरलाल मूलले बालबालिकामा हुने अपाङ्गता छिटो पहिचान भए त्यसको उपचार पनि सहज हुने बताउँदै अपाङ्गता भएकाहरूलाई आत्मबल बढाउने गतिविधिहरू सञ्चालन गर्दै जानुपर्ने बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले धन्यवादज्ञापन मन्तव्य राख्नुभएको थियो भने अपाङ्गता समितिका सदस्य श्यामकृष्ण खत्री र कार्यपालिका सदस्य रोशनमैँया सुवालले अपाङ्गता दिवस मनाउनुको उद्देश्यमाथि प्रस्ट पार्नुभयो ।

# देशभक्तिसहितको उच्च नतिजा आजको आवश्यकता

भक्तपुर । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नयाँ पुस्तालाई शिक्षकहरूले सही दिशानिर्देश गर्न नसके परीक्षाको उच्च नतिजा सार्थक नहुने विचार व्यक्त गर्नुभएको छ । उहाँले उक्त विचार नेपाल क्रान्तिकारी शिक्षक सङ्घ वागीश्वरी मावि एकाइ समितिको आयोजनामा मङ्सिर १९ गते 'स्वप्नद्रष्टा नारायणमान बिजुक्छेँ' पुस्तकको अन्तरक्रिया कार्यक्रममा व्यक्त गर्नुभएको हो ।




उहाँले भन्नुभयो, "हामीले पढाएका विद्यार्थीहरूले परीक्षामा चार जीपीए नै ल्याउलान् तर ती विद्यार्थीहरू देशको सम्पत्ति जलाउने दुष्कार्यमा लागे भने उच्च जीपीएको खास अर्थ हुँदैन । त्यसैले, उच्च जीपीएको साथमा देश र जनताप्रति जवाफदेही देशभक्ति भावनाले युक्त बनाउनु पनि उत्तिकै आवश्यक छ ।"

देशको कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालाई निकम्मा सावित गरिदिएको जेन-जी आन्दोलन देशको इतिहासमै थोरै समयमा धेरै क्षति भएको घटना सावित भएको छ भन्दै उहाँले यसको पछाडि साम्राज्यवादी अमेरिका नै हुनुपर्छ भन्नेमा कुनै शङ्का छैन भनी दाबी गर्नुभयो ।

संरा अमेरिकाकै कारण रुस-युक्रेन युद्ध भइरहेको तथ्य जगजाहेर छ भन्दै उहाँले प्यालेस्टिनी नरसंहार, लिबिया र इराकपछि अब भेनेजुयलामा आक्रमण गर्ने प्रपञ्च अमेरिकाले रच्दै छ; तर, त्यो अमेरिकाको लागि त्यति सहज नहुने पनि उहाँले प्रस्ट पार्नुभयो ।

विगतमा प्यालेस्टिनी जनताको पक्षमा भक्तपुरमा विद्यार्थीहरूले इजरायलविरुद्ध जुलुस गर्दा विरोध गर्नेहरूले जेन-जी आन्दोलनमा विद्यार्थीहरूलाई सडकमा उतारेर दुरुपयोग गरेको पनि उहाँले प्रस्ट पार्नुभयो ।

देश-विदेशको समसामयिक विषयमा शिक्षकहरू अद्यावधिक हुन नसके भविष्यमा शिक्षकहरू नयाँ पुस्ताका विद्यार्थीसामु लायक नहुनेमा पनि उहाँले शिक्षकहरूलाई सचेत पार्नुभयो ।

'स्वप्नद्रष्टा नारायणमान बिजुक्छेँ' पुस्तक विद्यालय तहका विद्यार्थीहरूको निम्ति लेखिएको हुँदा पुस्तकमा बिजुक्छेँको सार्‍है सङ्क्षिप्त रूपमा मात्र चर्चा गरिएको पनि उहाँले बताउनुभयो ।

कार्यक्रममा नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले बिजुक्छेँको स्वप्नदर्शिता पाइला पाइला गरी सार्थक हुँदै आएका उदाहरणहरू दिनुभयो ।

उहाँले भन्नुभयो, "देशकै सबभन्दा फोहोर भक्तपुर नगरलाई वर्षौँसम्म सफाइ अभियान गरी एसिया महादेशकै सफा नगरमध्येको एक भएको प्रमाण अहिले भक्तपुर नगरपालिकामा सुरक्षित छ ।"

'एक घर एक स्नातक' बनाउने, इन्जिनियरिङ कलेजको स्थापनालगायतका शैक्षिक अभियानले भक्तपुर शैक्षिक गन्तव्य बन्दै गएको, निरक्षर किसानहरूलाई रात्रि कक्षा चलाएर राजनीतिक चेतना जगाएकालगायत अनेक उदाहरण छन् भन्दै उहाँले अब ख्वप विश्वविद्यालयको स्थापना गर्ने सपना पनि ढिलो वा चाँडो साकार हुने विश्वास व्यक्त गर्नुभयो ।

आयोजक सङ्घका अध्यक्ष विश्वेश्वर मानन्धरको सभापतित्वमा भएको उक्त कार्यक्रममा शिक्षकहरू प्रअ कृष्णप्रसाद कर्माचार्य, मङ्गलेश्वर ध्वोंजु, देवलक्ष्मी ग्वाछा, रामलक्ष्मी अवालले पनि उक्त पुस्तकबारे बोल्नुभएको थियो ।

# भक्तपुरमा प्रअ प्रिन्सिपलहरूको भेला : परीक्षा प्रणाली व्यवस्थित गर्न जोड

भक्तपुर । भक्तपुर नगरपालिकाको आयोजनामा नगरभित्र सञ्चालित सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापक तथा प्रिन्सिपलहरूको भेला मङ्सिर १६ गते भयो ।

भेलामा नगर प्रमुख सुनील प्रजापतिले विद्यालयले भौतिक संरचनामा भन्दा शिक्षाको गुणस्तरमा प्रतिस्पर्धा गर्न अग्रसर हुनुपर्ने बताउँदै भक्तपुरको शिक्षा राम्रो भएकै कारण ज्ञानविज्ञान र अनुसन्धानको केन्द्रको रूपमा विकास गर्ने प्रयास भइरहेको बताउनुभयो ।

परीक्षाले शैक्षिक उपलब्धि मापन गर्ने र समग्र शैक्षिक प्रक्रियाको विश्लेषण गर्ने विचार व्यक्त गर्दै उहाँले परीक्षा प्रणालीलाई व्यवस्थित बनाउनमा नगरपालिकाले जोड दिँदै आएको बताउनुभयो ।

राज्यले शिक्षामा गरेको लगानीअनुसार प्रतिफल पनि उपलब्धिपूर्ण बनाउने प्रयास शिक्षाकर्मीहरूबाट हुनुपर्ने उल्लेख गर्दै प्रमुख प्रजापतिले 'नेपालको शिक्षा विदेशको लागि सस्तो ज्यामी हुनुहुँदैन' भन्नुभयो ।

उहाँले नगरका विद्यार्थीहरूलाई शैक्षिक सँगसँगै अतिरिक्त क्रियाकलापमा पनि सक्रिय बनाउन भक्तपुर नगरपालिकाले विद्यार्थी लक्षित विभिन्न गतिविधिलाई अगाडि बढाउँदै आएको चर्चा गर्दै भक्तपुरको शैक्षिक उन्नयनको लागि नगरका विद्यालयहरू योजनाबद्ध ढङ्गले सञ्चालन हुनुपर्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले विद्यार्थीको उत्तीर्ण प्रतिशत बढाउनेमा भन्दा पनि योग्य, संस्कारयुक्त र असल नागरिक तयार गर्नेतर्फ ध्यानकेन्द्रित हुनुपर्नेमा जोड दिँदै योग्य शिक्षकबाट योग्य र अनुशासित विद्यार्थीहरू उत्पादन हुने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले नगरपालिकाको आयोजनामा मङ्सिर २५ गतेबाट सुरु हुने विद्यालयस्तरीय खेलकुद प्रतियोगिताबारे विस्तृतमा जानकारी गराउँदै उक्त प्रतियोगितामा नगरका ९२ वटै विद्यालयको सहभागिता रहने विश्वास व्यक्त गर्नुभयो ।

नगर शिक्षा शाखा भक्तपुरका प्रमुख साधुराम फुँयालले प्रिन्सिपल भेलामार्फत नपाको शैक्षिक र खेलकुद नीतिबारे छलफल गर्न समय-समयमा भेला कार्यक्रम आयोजना गर्दै आएको बताउँदै नगरपालिकाले विद्यालय अनुगमन सफ्टवेयरमार्फत गरिरहेको जानकारी गराउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले ख्वपको पहिचान सन्दर्भ सामग्री पुस्तकको रूपमा प्रकाशन गर्ने तयारी गरिरहेको बताउँदै परिमार्जित पाठ्यक्रमअनुसार परीक्षा सञ्चालन गर्न लागेको हुँदा सोहीअनुसार विद्यालयलाई तयारीको लागि अनुरोध गर्नुभयो । नपाद्वारा आयोजना हुन लागेको योमरी प्रतियोगिता र विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा पनि सक्रिय सहभागिताको लागि उहाँले अनुरोध गर्नुभयो ।

# अन्ना लुइस स्ट्रङ (सन् १८८५-१९७०) को सङ्क्षिप्त परिचय



अमेरिकी साम्राज्यवादले जापानको हिरोसिमा र नागासाकी सहरमा आणविक बम खसाली संसारमा आफ्नो सामरिक शक्ति देखाएर संसारका सबै क्रान्तिहरूलाई हाँक दिइरहेको थियो। संसारलाई त्राहिमाम पारेको बेला अमेरिकी पत्रकार अन्ना लुइस स्ट्रङ (Anna Louise Strong) येनानको गुफामा माओ त्सेतुसँग अन्तर्वार्ता लिन पुगिन्। माओ त्सेतुङले उत्तरमा भन्नुभयो, "साम्राज्यवाद कागजको बाघ भएजस्तै आणविक बम पनि कागजको बाघ हो।"

"आणविक बम संहारक वस्तु हो तर त्यसमाथि नियन्त्रण गर्न सकिन्छ। साम्राज्यवादलाई रणनीतिकरूपले चानचुन सम्झनुपर्छ भने कार्यनीतिकरूपले उसका स-साना गतिविधिबारे पनि ध्यान दिनुपर्छ।" माओ त्सेतुङको यस अभिव्यक्तिले संसारका जनताले अमेरिकी साम्राज्यवादको आणविक आतङ्कबाट मुक्ति पायो।

संसारलाई अमेरिकी आणविक आतङ्कबाट मुक्ति दिलाउन माओ त्सेतुङको सन्देश विश्वसामु पुऱ्याउने महिला पत्रकार अन्ना लुइस स्ट्रङको जन्म संरा अमेरिकाको नेब्रास्का (Nebraska) राज्यमा सन् १८८५ मा भएको थियो।

उनको परिवारको पृष्ठभूमि नै प्रगतिशील परम्पराको थियो। उनको परिवार सन् १६३० तिर बेलायतबाट अमेरिका बसाइँ सर्दा राजतन्त्रविरोधी थियो र अमेरिकी स्वतन्त्रता आन्दोलनमा सहभागी थियो।

स्ट्रङका बुबा सिड्ने स्ट्रङ (Sydnay Strong) समाज सुधारका पक्षपाती थिए भने आमा रुथ ट्रेसी (Ruth Tracy) पनि विश्वविद्यालयमा अध्ययन गरेकी शिक्षित महिला थिइन् र समुदायको हितको निम्ति सक्रिय थिइन्। खानदानी परिवारको भएको हुँदा आफ्ना छोरीलाई साहसी, स्वतन्त्र विचारमा हुर्कने अवसर प्रदान गरिएको थियो।

७ वर्षकै उमेरमा स्ट्रङलाई घरबाट टाढा सिन्सिन्नाटि (Cincinnati) महानगरमा पढ्न पठाइयो। १२ वर्षको उमेरमा उनी रात बिताउने रेलको यात्रामा गइन्। युवा अवस्थादेखि नै तिनी आफ्नो व्यक्तिगत स्वार्थभन्दा व्यापक जनताको हितलाई महत्त्व दिन्थिन्।

सन् १९०७ मा २३ वर्षको उमेरमै स्ट्रङले सिकागो (Chicago) विश्वविद्यालयबाट दर्शनशास्त्रमा विद्यावारिधि गरिन्। समाजको न्याय, कल्याण र सुधारको निम्ति उनी लागिपरिन्।

विश्वविद्यालयको अध्ययनपछि स्ट्रङ बालश्रमविरोधी कार्यमा लागिन्। सन् १९१५ मा पश्चिमको वासिङटन राज्यको सियाटल (Seattle) महानगरको विद्यालयको सुधार समितिका उनी सदस्य भइन्। त्यसपछि उनी पहिलो विश्वयुद्धमा आफ्नो सरकार साम्राज्यवादी नीतिमा लागेकोमा विरोध गर्न सक्रिय भइन्। त्यसैबेला उनी क्रान्तिकारी र मार्क्सवादीहरूको सम्पर्कमा पुगिन्। काठ चिर्ने कारखानाका मजदुरहरू संविधानले दिएको वाक् स्वतन्त्रताको निम्ति लडिरहँदा तिनी त्यहीँ सङ्घर्षको पक्षमा उभिइन्। सन् १९१९ मा सियाटल (Seattle) मा मजदुरहरूको देशव्यापी हडताल भयो, संरा अमेरिकामा त्यो ऐतिहासिक हडताल थियो। मजदुर सङ्घको समाचारपत्र 'सङ्घको दस्ताबेज' (Union Record) का सम्पादक स्ट्रङ थिइन्। उनका सशक्त सम्पादकीय र 'आनिज' (Anise) नामबाट लेखिने कविताहरू पछिसम्म त्यहाँका जनतामा चर्चा भइरह्यो।

**पक्राउ**

स्ट्रङले एक लेखमा भनिन्, "... समाजमा सबै वर्गको उन्मूलन गरी सबै सम्पत्ति एक वर्गको रूपमा मजदुरहरूको नियन्त्रण र तिनीहरूको हितमा हुनुपर्छ।" यसै लेखको कारण उनी पहिलोपटक पक्राउ परिन्। उनी निरन्तर आफ्नो सिद्धान्तप्रति निष्ठावान् रहिन्। आफ्नो बाटोलाई मोड्न खोज्नेहरूलाई उनी सबै कामदारहरू त्यही सिद्धान्तमा रहेको बताउँथिन्।

रुसमा सन् १९१७ मा अक्टोबर क्रान्ति भएको थियो। सन् १९१८ मा लेनिनको एउटा भाषणलाई तिनले सम्पादन गरेर २० हजार प्रति छपाएर उत्तर-पश्चिम अमेरिका र क्यानाडामा वितरण गराएकी थिइन्। त्यसले अमेरिकी मजदुरहरूमा सङ्घर्षको नयाँ वातावरण बनेको थियो। त्यस्तै सियाटलको मजदुर आन्दोलन भइरहँदा चीनमा मई ४ को युवा आन्दोलन चर्कँदै थियो। त्यसबेला तिनी ३४ वर्षकी थिइन्।

**रुसमा ३० वर्ष**

रुसमा सन् १९२१ तिर भोल्गा ( Volga) क्षेत्रमा अनिकाल भयो। स्ट्रङ भोकमरीलाई सहयोग गर्न विदेशी राहत दिने पहिलो मजदुरको रूपमा रुस पुगिन्।

दोस्रोपटक तिनी रुस पुगिन् र मस्कोमै स्थायी बसोबास गरिन्। पछि एक रुसी कम्युनिस्टसँग विवाह गरिन्। पत्रकार र अनुवादक एवं विभिन्न देशमा गई द्वैभाषीको रूपमा काम गरिन्। देश-विदेशका घटनाहरूको बारेमा पनि तिनले धेरै पुस्तकहरू लेखिन्।

सन् १९३० देखि १९५० सम्म 'मस्को दैनिक खबर' (Moscow Daily News) मा उनले काम गरिन्। तिनका पुस्तकहरूमध्ये सबभन्दा उत्कृष्ट पुस्तक उनको आत्मकथाको रूपमा लेखिएको 'मैले संसारलाई फेरेँ' (I Change World) थियो। त्यो पुस्तक सन् १९३५ मा प्रकाशित भयो र तिनले रुसमा ३० वर्ष काम गरिन्।

**चीन भ्रमण**

सन् १९२५ मा हङकङमा ठुलो हडतालबारे समाचार सङ्कलन गर्न स्ट्रङ पहिलोपटक चीन पुगिन्। चिनियाँ कम्युनिस्ट पार्टी र राष्ट्रवादी पार्टी कोमिनताङ (Kuomintang) बिच पहिलो क्रान्तिकारी एकता (Alliance) भएको थियो। त्यसको केन्द्र क्यान्टन (Guang-Zhou) थियो। त्यहाँ तिनले श्रीमती सनयात सेन (Madame Sun Yat-sen) अर्थात् सून चिङ लिङ (Soong Ching Ling), अन्य प्रगतिशील व्यक्तिहरू र जननेताहरू भेटेकी थिइन्। त्यसबेला तिनले 'करोडौँ चिनियाँ जनता' (China's Millions) लेखिन्। त्यसबेला तिनी ४० वर्षकी थिइन्। अमेरिकाबाट प्रकाशित त्यस पुस्तकलाई मानिसहरू खोजी खोजी पढ्थे।

मेक्सिकोको प्रजातान्त्रिक आन्दोलनको अवलोकनपछि सन् १९२७ मा तिनी एक रुसी सल्लाहकारसँग मङ्गोलियाको राजधानी उलाम्बाटोर हुँदै रुसी साइबेरियाली रेलमार्गबाट दोस्रोपटक चीन पुगिन्। त्यसबेला राष्ट्रवादी पार्टीका सभापति च्याङकाई शेक (Chiang Kai-Shek) र वाङ चिङ्गेई (Wang Jingeuei) ले क्रान्तिलाई विश्वासघात गरिसकेका थिए। मजदुर र किसानहरूको आन्दोलन अगाडि बढ्दै थियो र साम्राज्यवादीहरूको धाप पाएर विश्वासघातीहरूले गृहयुद्धमार्फत जनतालाई दबाउँदै थिए। त्यसैबेला माओ त्सेतुङले आफ्नो पार्टीमा 'हुनान प्रान्तको किसान आन्दोलनबारे जाँचबुझको एक रिपोर्ट' पेस गर्नुभएको थियो।

स्ट्रङले माओ त्सेतुङको त्यसै रिपोर्टलाई समेत ध्यान दिई सन् १९२८ मा 'करोडौँ चिनियाँ जनता' को दोस्रो भागमा सामेल गरिन् र 'मैले संसारलाई फेरेँ' मा पनि चीनको परिस्थितिबारे लेखिन्। त्यसबेला उहान (Wuhan) र अन्य क्षेत्रमा उनले भ्रमण अवलोकन गरेकी थिइन्।

युरोपमा फासीवादको जगजगी बढ्दै थियो। स्पेनियाली गणतन्त्र त्यसको थिचोमिचोको विरोधमा सङ्घर्ष गर्दै थियो। सन् १९३६ मा स्ट्रङ स्पेन पुगिन् र केही महिना त्यहाँको अध्ययन गरिन् र 'स्पेनमा हातहतियार' (Spain in Arms) भन्ने पुस्तक लेखिन्।

सन् १९३७-३८ मा अन्ना लुइस स्ट्रङ तेस्रोपटक चीन पुगिन्। चीन जापानी आक्रमणको विरोधमा लड्दै थियो। कम्युनिस्टहरूको आठौँ पैदल सेनाको सदरमुकाम दक्षिण-पूर्वी शान्सि (Shanxi) मा थियो। त्यहाँ जनरल चू तेह (Chu Teh) हुनुहुन्थ्यो। जापानसँगको त्यस भिडन्तको बेला तिनले त्यहाँ यात्रा गरिन् र चाउ एन लाइ र उहाँको जहान तङ यिङ चाओ (Deng Ying Chao) सँग मित्रता गाँसिन्। त्यसबेला अन्ना ५२-५३ वर्षकी थिइन्।

**चौथो पटक चीन भ्रमण**

सन् १९४० मा जापानविरोधी प्रतिरोध युद्ध साह्रै अप्ठेरो स्थितिमा थियो, जापानी आक्रमणले चीनको मुख्यमुख्य महानगरहरू आफ्नो कब्जामा लिइसकेको थियो भने च्याङकाई - शेकले जापानको अगाडि आत्मसमर्पण गर्दै थिए। त्यसैबेला अन्ना लुइस स्ट्रङ चौथोपटक चीन पुगिन्। च्याङकाई-शेक जापानसँग लडिरहेको कम्युनिस्ट नेतृत्वको चिनियाँ शक्तिहरूमाथि जाइलाग्न तयारी गर्दै थिए।

त्यस्तो विकट अवस्थामा स्ट्रङ चाउ एन लाइसँग भेट्न चोङ छिङ (Chongquing) पुगिन्। देशको स्थितिबारे चाउ एन लाइले तिनलाई सन् १९२७ को भन्दा विकराल भएको बताउनुभयो। तर, उहाँले यसबारे कसैलाई नबताउनु भन्नुभयो, किनभने स्थिति च्याङ काई शेकले थाहा पाए झन् ठुलो आक्रमणको योजना बनाउनेछ। तर, तिनले साथीहरूसँग यस गम्भीर विषयमा छलफल गर्दा संसारसामु च्याङकाई शेकका गतिविधिहरूलाई उदाङ्ग्याउनुपर्ने सल्लाह दिइन्।

कोमिनताङ शक्तिहरू याङसी (Yangtze) नदी तरेर उत्तरतिर आउँदा कम्युनिस्टहरूको नयाँ चौथो सेनालाई बाटैमा समाप्त पार्न खोज्दै थिए। यसबारे स्ट्रङले सारा संसारमा फासीवादविरोधी प्रचार अभियान सुरु गरिन्। संसारका सारा प्रगतिशील जनता र शान्ति चाहने जनता तथा देशहरूमाझ जापानको विरोधमा अडान लिने चिनियाँ कम्युनिस्टहरूको पक्षमा लोकमत तयार भयो। यस्तो गम्भीर स्थितिमा चीनमा गृहयुद्ध भड्केमा दोस्रो विश्वयुद्धको नक्सा फेरिने सम्भावना थियो। यस्तो अवस्थामा स्ट्रङको प्रचार अभियानले सकारात्मक भूमिका खेल्यो।

**पाँचौँ पटक चीनमा**

दक्षिण-पूर्वी चीनमा जापान हार्दै थियो र कम्युनिस्टहरूको प्रभाव बढ्दै थियो। उत्तर कोरिया, चीन, हिन्द-चीन, इन्डोनेसिया, मलेसिया, बर्मा, जापानको आदि ठाउँ कम्युनिस्टहरूले लिँदै थिए। जापानलाई छिट्टै आत्मसमर्पण गराउन नसके अमेरिकी सेनाको थप बलिदान हुन्थ्यो र अरू हातहतियार एवं रसद पानीको आवश्यकता हुन्थ्यो। त्यस स्थितिले कम्युनिस्ट आन्दोलनको निम्ति सहयोग पुग्थ्यो र पश्चिममा पनि कम्युनिस्ट आन्दोलनलाई थप मलजल पुग्थ्यो। यसकारण, संरा अमेरिकाले जापानलाई छिट्टै आत्मसमर्पण गराउन आणविक अस्त्र प्रयोग गर्ने निर्णय गर्‍यो।

६ अगस्ट १९४५ को दिन जापानको हान्शु (Honshu) टापुको हिरोशिमा ( Hiroshima) सहरमा संरा अमेरिकाले आणविक बम खसाल्यो।

दोस्रो आणविक बम जापानको क्युशु (Kyushu) टापुको नागासाकी (Nagasaki) सहरमा खसाल्यो।

संरा अमेरिकाको त्यस संहारक अस्त्रको प्रयोगले सारा मानव जाति आतङ्कित भयो। जून १९४६ मा अन्ना लुइस स्ट्रङ पाँचौँ पटक चीन पुगिन् र चिनियाँ कम्युनिस्ट पार्टीको सदरमुकाम येनान पुगी अध्यक्ष माओ त्सेतुङसँग संसारको त्यस स्थितिबारे प्रश्न गरिन्। उत्तरमा माओले भन्नुभयो, "युद्धको निर्णय एक दुईवटा नयाँ हातहतियारले गर्दैन बरु जनताले गर्छन्। साम्राज्यवादीहरूजस्तै अणु बम पनि 'कागजी बाघ' हो, हेर्दा डरलाग्दो छ, तर तिनीहरूमाथि विजय प्राप्त गर्न सकिन्छ।"

माओ त्सेतुङको त्यस अन्तर्वार्ताले संसारका जनताको साम्राज्यवादविरोधी सङ्घर्षमा थप ऊर्जा प्राप्त गर्‍यो। त्यसैबेला तिनले माओ त्सेतुङसँग अर्को पनि अन्तर्वार्ता लिइन् र त्यहाँ ल्यू शाओचि (Liu Shaoqi) पनि थिए। माओ त्सेतुङ विचारधाराबारे उहाँले मार्क्सवाद-लेनिनवादलाई चीनको माटोमा प्रयोग गर्दाको अनुभव हो र त्यो विचारधारा सबै देशमा जस्ताको तस्तै लागु हुन्छ भन्ने होइन र हरेक देशको आ-आफ्नै परिस्थितिअनुसार अनुसरण गर्नुपर्ने बताउनुभयो। त्यसबेला स्ट्रङ ६१ वर्षकी परिपक्व पत्रकार थिइन्।

सन् १९४७ मा चिनियाँ कम्युनिस्ट पार्टी र कोमिनताङबिच नयाँ युद्ध सुरु भयो। संरा अमेरिकाले कोमिनताङलाई सबै किसिमले मद्दत गर्‍यो। माओ त्सेतुङ र चाउ एन-लाइले येनानलाई खाली गरी घुमन्ते र नियमित युद्धमा प्रवेश गराउँदै हुनुहुन्थ्यो।

त्यसैबेला अन्ना लुइस स्ट्रङले येनानको जीवनशैलीको बारेमा लेखिन्, "त्यहाँ कुनै ऐश-आराम छैन बरु केही बन्दोबस्त छ। ... जनताको राम्रो विचार छ, गम्भीर छ र विश्व दृष्टिकोण छ। ....यहाँ केही नभए पनि क्रान्तिको कठिन अग्रगमनको भरपर्दो इतिहास देखिन्छ।"

प्रगतिशील अमेरिकी पत्रकारहरूको टोलीले 'संयुक्त श्रम समाचार र टेलीप्रेस समिति' (Allied Labour News and Telepress Committee) को स्थापना गर्‍यो। अमेरिकी ट्रुमानको सरकारले च्याङ काई शेकको समर्थन गर्दै थियो। त्यस नीतिको विरोधमा अमेरिकी पत्रकारहरूको टोलीले चीनबाट स्ट्रङले पठाएका समाचारहरूलाई अमेरिका र संसारमा प्रसार गर्दै गयो। उत्तरी शान्सि (Shanxi) मा अङ्ग्रेजी भाषाको समाचार संस्था अर्थात सिन्ह्वा समाचार संस्था (Xinhua News Agency) बाट एउटा सानो घुम्ती प्रसारण सेवा सुरु गरिएको थियो। त्यस्तो सानो स्रोतले पनि ठुल्ठुला काम गर्‍यो। चीनबाट स्ट्रङका समाचारहरूलाई सङ्कलन गरी उनको 'भोलिको चीन' (Tomorrow's China) प्रकाशित गरियो।

सन् १९४८ मा स्ट्रङ न्युयोर्कबाट मस्को रमाना भइन्। त्यहाँबाट उनी छैठौँ पटक चीन जान चाहन्थिन्। तर, मस्कोमा तिनी पक्राउ परिन्।

**मस्कोमा सङ्घर्ष**

मस्कोमा अन्ना अचानक पक्राउ परिन् र 'अमेरिकी गुप्तचर' को आरोपमा मुद्दा चलाइयो। माओ त्सेतुङको "साम्राज्यवादीहरू र एटम बम 'कागजी बाघ' हुन्" भन्ने ठम्याइमा कति रुसी नेताहरू सहमत थिएनन् र अनुमानको भरमा 'अमेरिकी गुप्तचर' को रूपमा उनीमाथि अभियोग लाग्यो। त्यसैले उनी सन् १९४९-१९५८ सम्म अमेरिकाकै क्यालिफोर्नियामा बस्न बाध्य भइन्। स्तालिनको मृत्युपछि सन् १९५७ देखि १९६० सम्मको अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा रुसी संशोधनवादी गुटसँग चिनियाँ कम्युनिस्ट पार्टीको सैद्धान्तिक सङ्घर्षमा खुश्चेभ गुटले अमेरिकी साम्राज्यवाद 'कागजी बाघ' हो भने। तर, 'आणविक दाँत' भएको भनी त्यस ठम्याइलाई 'वामपन्थी अवसरवाद' र 'युद्ध पिपासु' को लाञ्छना लगाइयो। खुश्चेभ गुटले इटालीयाली कम्युनिस्ट नेता टोग्लियाति र फ्रान्सेली कम्युनिस्ट नेता थोरेज आदिलाई समेत चिनियाँ कम्युनिस्ट पार्टीको विरोधमा प्रयोग गर्‍यो।

क्यालिफोर्नियामा अन्नाको घरको राम्रो बन्दोबस्त थियो र उनी 'टुडे' (To-day) भन्ने पत्रिका निकालेर सोभियत सङ्घ र अन्य २० देशमा प्रगतिशील आन्दोलनमा लागिरहिन्।

प्रगतिशील जगतमा सोभियत सङ्घ र त्यसको कम्युनिस्ट पार्टीको प्रतिष्ठा र प्रभाव व्यापक थियो। अन्नामाथिको त्यो अभियोगको कारण तिनका पुस्तकहरू र प्रकाशनमा ग्रहण लाग्यो। तैपनि, तिनी ७ वर्षसम्म त्यस अभियोगको विरोधमा एक्लै सङ्घर्ष गर्दै गइन् किनभने अन्य 'वामपन्थीहरू' भ्रममा परे। त्यसैबेला दक्षिणपन्थीहरूले तिनलाई कम्युनिस्टविरोधी शिविरमा तान्न खोजे। तिनले त्यस्ता प्रस्तावहरूलाई आगोलाई जस्तै अस्वीकार गरिन्। उनी मेक्सिकोमा पनि गएर निरन्तर समाजवादको प्रचार अभियानमा लागिरहिन्।

सन् १९४९ मा चीन मुक्त भयो र जनवादी गणतन्त्र चीनको स्थापना भयो। तिनले 'चिनियाँ जनताले चीनमाथि विजय प्राप्त गर्‍यो' (The Chinese Conquer China) शीर्षकको पुस्तक लेखिन् र आफैंले प्रकाशन एवं वितरण गर्ने बन्दोबस्त गरिन्।

अन्ना लुइस स्ट्रङमाथिको अभियोग सन् १९५५ मा झूटा साबित भयो र पुन: उनको सम्बन्ध संसारका साथीहरू र चीनसँग पनि स्थापित भयो। अमेरिकी सरकारले उनको प्रगतिशील विचारको कारण उनको राहदानीलाई प्रतिबन्ध लगायो र यात्रामाथि रोक लगायो। तर, उनको विचार र कलमलाई रोक्न अमेरिकी सरकार असफल रह्यो। उनले 'स्तालिन युग' (The Stalin Era) पुस्तक लेखिन्। त्यसबेला रुसमा स्तालिनको विरोधमा खुश्चेभ गुट सक्रिय थियो, त्यस पुस्तकले त्यसमाथि प्रहार गयो।

सन् १९५८ मा उनी मस्को पुगिन् र एक जनसभामा आफ्नो बाँकी जीवन समाजवादबारे प्रचारमा लगाउने बताइन्। त्यहाँ तिनलाई आफ्नो लोग्नेका परिवारले बस्न सबै बन्दोबस्त गर्ने प्रस्ताव राख्यो। तर, सिद्धान्तकै कारण तिनीले त्यस प्रस्तावलाई अस्वीकार गरिन्। छैटौँ पटक तिनी चीन पुगिन्।

**७२ वर्षको उमेरमा चीन**

चीन पुगेर अन्ना लुइस स्ट्रङले '७२ वर्षको उमेरमा म किन चीन आएँ' ( Why I came to China at the age of 72) लेखिन्। त्यस पुस्तकलाई तिनले पहिले लीथो (Mimeo-graphed) बाट ६९ वटा पत्रको रूपमा छापिन् र वितरण गरिन्। पछि त्यस पुस्तकको जर्मन, इटालियन र स्वीडिस भाषामा पनि अनुवाद भयो।

जीवनको पछिल्लो भागमा चीन बसाइँमा स्ट्रङले सन् १९५८ देखि सुरु भएको जनकम्युनको स्थापना र कम्युनहरूमा ध्यान दिइन्। सन् १९६० मा तिनले चीनका कम्युनहरूको भ्रमण गरिन् र 'जनकम्युनको उत्थान' (The Rise of the People's Com-mune) लेखिन्। चीन र संसारमा पनि धेरै चर्चा र विवाद भएका कम्युनहरूको अध्ययन-भ्रमणपछिको त्यस पुस्तकले धेरैलाई कम्युनबारे बुझ्न सजिलो पारेको थियो।

सन् १९५९ मा तिब्बतको धर्मराज र दास मालिकहरूको राजा दलाई लामा गुटले विद्रोह गर्‍यो। विद्रोहपछि पश्चिमी साम्राज्यवादीहरू र भारतीय विस्तारवादीहरूकै निर्देशनमा विद्रोहीहरू भारत पुगे। अमेरिकी केन्द्रीय गुप्तचर विभाग (CIA) र भारतको संरक्षणमा आज पनि दलाई लामाको गुट भारतको धर्मशालाबाट गतिविधि गर्दै छ।

तिब्बतको वास्तविक स्थिति संसारलाई बताउन सन् १९५९ मा 'पेचिङ जन दैनिक' (Peking People's Daily) को आयोजनामा १९ देशका लेखक र पत्रकारहरू पहिलो पटक ल्हासा पुगेका थिए। त्यसमा अन्ना पनि थिइन्। पोताला दरबार, गाउँ, बस्ती र जनताका सभा, आलोचना सभा र सांस्कृतिक गतिविधिको अवलोकन गरिन् तथा मुक्त दास र भूदासहरूसँग पनि तिनले कुराकानी गरिन्।

त्यही विवरण र कुराकानीको आधारमा ' तिब्बतका भू-दासहरू उठ्दा' ( When Serfs Stood up in Tibet) लेखिन् र सन् १९६० मा त्यसको पहिलो प्रकाशन भयो। तिनी त्यसबेला ७३ वर्षकी थिइन्। (उक्त पुस्तकको नेपाली अनुवाद 'तिब्बतका भू-दासहरू उठ्दा' पत्रकार समाज भक्तपुरले वि.सं. २०६६ असोजमा प्रकाशित गरेको छ।)

हुन त अन्नाले सन् १९६० देखि नै 'चीनका चिट्ठीहरू' (Letters from China) लेख्न सुरु गरेकी थिइन्। सन् १९६२ को ३१ अक्टोबरको चिट्ठीको शीर्षक थियो - 'चीन-भारत सीमा विवाद' (Sino Indian border Conflict)। यसरी ती चिट्ठीहरूमा चीन र संसारका समसामयिक विषयमा लेख्दै गइन्।

सन् १९६१ मा अन्ना लुइस स्ट्रङ लाओस पुगिन् र त्यहाँका नेताहरू, महत्त्वपूर्ण व्यक्तिहरू र साधारण जनतासम्म पुगिन्। त्यहाँको स्थितिबारे उनले जानकारी लिइन्।

अमेरिकी साम्राज्यवादले कसरी भियतनाम, कम्बोडिया र लाओसलाई आफ्नो मुट्ठीमा पार्न खोजेको थियो र लाओसका जनता र नेताहरूले त्यसको जवाफ कसरी दिए भन्ने जानकारी 'लाओसमा पैसा र हिंसा' (Cash and Violence in Laos) पुस्तक लेखिन् र प्रकाशित गरिन्। यसरी जीवनको उत्तरार्द्धमा पनि तिनले ६ वटा पुस्तक लेखिन्। (उक्त पुस्तक नेपाली भाषामा अनुवाद भएर 'मजदुर' दैनिक मा धारावाहिकरूपमा छापिसकिएको छ।)

सन् १९६७ जून महिनामा 'माओ त्सेतुङको साहित्य र कलाबारे येनान गोष्ठीको प्रवचन' को २५ औँ दिवसको अवसरमा अन्ना लुइस स्ट्रङले एफ्रो एसियाली लेखक सङ्घको कार्यशालामा 'मुख्य शक्ति जनतामा भर पर्नुपर्ने र प्रतिक्रियावादीहरू बलियो सम्झनु जनताको अज्ञानता हुने हुँदा जनतालाई सचेत पार्नुपर्ने' बारे बोलिन्।

**स्ट्रङका अन्तिम दिनहरू**

अन्ना लुइस स्ट्रङ चिनियाँ नेताहरू, बुद्धिजीवी र चिनियाँ जनताले उच्च सम्मान गरिने व्यक्तिहरूमध्ये एक हुन्। एक अथक मजदुर, प्रतिबद्ध लडाकु, आफ्नो विश्वासमा अटल र सिद्धान्तनिष्ठ मित्रको रूपमा चिनियाँ जनता उनलाई मन पराउँछन्। अध्यक्ष माओ त्सेतुङले धेरै पटक तिनलाई भेट दिनुभयो। प्रधानमन्त्री चाउ एन लाई, उहाँको जहान तङ यिङ चाओ, परराष्ट्रमन्त्री छन् र अन्य नेताहरू तिनको जन्मदिनमा तिनलाई शुभकामना व्यक्त गर्न जानुहुन्थ्यो र ती भेटहरू औपचारिकमात्रै नभई देश-विदेश र समसामयिक विषयमा छलफल र विचारको आदानप्रदान पनि हुने गर्दथ्यो।

तिनी आफ्ना लेख र समाचारहरूलाई छैटौँ पटकसम्म सच्याउने र परिमार्जित गर्ने गर्थिन्। तिनी आफ्नो लेखाइलाई सकेसम्म भित्री मनदेखि मिलाउँथिन् र रातरातभर आफ्नो टाइपराइटरमा काम गर्थिन्।

तिनी साह्रै प्रकृतिप्रेमी थिइन्, फूलको बिरुवा र त्यसको सजावटमा तिनी अत्यन्त रुचि राख्थिन्। विश्वका अत्यन्त नाउँ चलेका पत्रकारहरूमध्ये एकजना अन्ना लुइस स्ट्रङ थिइन्।

सन् १९७० को मार्च महिनामा ८५ वर्षको उमेरमा तिनको टाइपराइटरको आवाज बन्द भयो र तिनी पेचिङमा बितिन्। ८५ वर्षको जीवनमा तिनले ६० वर्षसम्म प्रगतिशील पत्रकारितामा आफूलाई समर्पित गरिन्। चार महादेशका ऐतिहासिक घटनाहरू, विभिन्न पुस्तक, लेखहरू र चिट्ठीहरूमा तिनी अझै जीवितै छिन्। तिनले सदा हरेक दु:ख-कष्टलाई सहेर प्रगतिको पक्षमा लडिरहिन्। तिनी आफ्ना अमेरिकी प्रगतिशील पत्रकारहरू र अन्य विदेशी पत्रकारहरूका प्रिय र आदरका पात्र थिइन्।

***स्रोत : चार अन्तर्राष्ट्रवादी पत्रकार***

# शक्तिको आडमा आक्रमण गर्ने धम्की निन्दनीय

संयुक्त राज्य अमेरिकाको कारण संसारमा कहीँ न कहीँ युद्ध भइरहेको छ। शक्ति र हतियारको दम्भ देखाएर अमेरिका र अमेरिकी पिछलग्गूहरूको सहयोग र साथमा दर्जनौँ देशमा आक्रमण गरेर धनजनको ठुलो क्षति पुऱ्याइएको छ। आक्रमणको पछिल्लो पटक प्यालिस्टिनमा नराम्रोसँग क्षति पुऱ्याइएको थियो। अमेरिकाको सहयोग र साथमा इजरायलले प्यालिस्टिनमा आक्रमण गर्दा ७० हजारभन्दा बढी मानिसको ज्यान गएको थियो। दोस्रो कार्यकालको पहिलो वर्ष नबित्दै युद्ध गर्न हौस्याएका, युद्धमा साथ दिएका अमेरिकी राष्ट्रपति ट्रम्पले ठाउँ-ठाउँमा युद्ध र सङ्घर्षको स्थिति समाप्त गरेको दाबी गरेर नोबेल शान्ति पुरस्कारको अपेक्षा गरे। युद्ध र सङ्घर्ष सेलाउन नपाउँदै राष्ट्रपति ट्रम्पले फेरि भेनेजुयलामा आक्रमण गर्ने धम्की दिए। विश्वलाई आतङ्कित र असुरक्षित बनाउने ट्रम्पलाई नोबेल शान्ति पुरस्कार होइन युद्ध अपराधीको मुद्दा राखेर अन्तर्राष्ट्रिय अदालतमा उभ्याउनुपर्ने विश्वका न्यायप्रेमी र शान्तिकामी जनताको माग रहेको छ।

खनिज तेलको गतिलो स्रोत मानिने मुलुक भेनेजुयला ट्रम्प प्रशासनको आदेशमा अमेरिकी सैनिक घेराबन्दीमा परेको छ। ट्रम्पले भेनेजुयलाको आकाश र सेरोफेरोलाई पूरापूर बन्द गरेका छन्। अन्तर्राष्ट्रिय कानुनअनुसार यसरी अमेरिकाले भेनेजुयलाको आकाशमाथि प्रतिबन्ध लगाउन मिल्दैन। उनको क्रियाकलापले गर्दा हाल कोलम्बिया, ब्राजिल र ग्रायनासमेतका देशहरू भयग्रस्त भएका छन्। सेना परिचालन गरेर भेनेजुयलाका राष्ट्रपतिलाई अपदस्थ गराउने र सत्ताच्युत गराउने खालका गतिविधि निन्दनीय छ। अमेरिकी प्रशासनको देशको स्वाधीनता र सार्वभौमिकतामा हस्तक्षेप गर्ने नीतिको विश्वका देशभक्त सरकार र स्वयं अमेरिकी जनताले विरोध गरिरहेका छन्। अमेरिकी संसद्का केही सांसदहरूले अमेरिकी सेनालाई राष्ट्रपतिको अवैध आदेश पालना नगर्न आह्वानसमेत गरेका छन्। यसरी अमेरिकी राष्ट्रपति ट्रम्प विश्वका राष्ट्रप्रमुख र जनताबिच मात्र होइन आफ्नै देशका नेता, सांसद र जनताबिच पनि अलोकप्रिय हुँदै छन्।

लागूऔषध कारोबार रोक्ने कुरामा कसैको फरक मत हुँदैन। तर, लागूऔषध कारोबारको कारण भेनेजुयलामा आक्रमण गर्ने धम्की शक्तिको दम्भबाहेक अरू होइन। ट्रम्प प्रशासनको ध्यान लागूऔषध होइन भेनेजुयाली सरकारलाई सत्ताच्युत गराउनु हो; अनेक भ्रमजालबाट मदुरो सरकारलाई असफल पार्नु हो। लागूऔषध कारोबार ट्रम्प प्रशासनको निहुँ मात्र हो। अमेरिकी सरकारले अरू देशमा पनि अनेक निहुँ खोजी, बहाना बनाई आक्रमण गऱ्यो; आक्रमण गर्न सहयोग पुऱ्यायो। अमेरिकी सैन्य कारबाही चलाएर भेनेजुयलामा धनजनको क्षति पुऱ्याउने र मदुरो सरकारलाई आत्मसमर्पण गराउने ट्रम्प प्रशासनको लक्ष्य हो। हतियार र सैन्य शक्तिको दम्भ देखाएरै सत्ताच्युत गराउने, कुनै सरकारलाई असफल बनाउने र असफल बनाउनको लागि अनेक बहाना बनाउने षड्यन्त्र अमेरिकी सरकारले पहिलेदेखि बुन्दै आएको हो। बलको आधारमा अरू देशमा आक्रमण गर्ने काम कुनै पनि प्रजातान्त्रिक मुलुकलाई सुहाउँदैन। आफूभन्दा फरक विचारका देश र देशका प्रमुखहरूलाई एकएक पाइला गरी सिध्याउने अमेरिकी प्रशासनको अहङ्कार, हस्तक्षेप र दबाब भइरहेसम्म संसारका जनताले सन्तोषको सास फेर्न पाउने छैनन्; जनता सुरक्षित हुने छैनन्।

अमेरिकी आक्रामक नीतिको संसारभरका जनता र राष्ट्र प्रमुखले विरोध गरिरहेका छन्। साम्राज्यवादी अमेरिकी नीतिको विरोध प्रदर्शन चालु छ। विरोध प्रदर्शन अमेरिकामा पनि भइरहेको छ। शक्तिको आडमा अरू देशको सार्वभौमिकतामा आँच पुऱ्याउने, हस्तक्षेप र आक्रमण गर्ने कार्य विश्वबाट अन्त्य हुनुपर्छ। यसरी आक्रमण गर्ने देशमा संयुक्त राज्य अमेरिका नै अगाडि छ। अरू देशको स्रोत र साधन कब्जा गर्ने या आफ्नो नियन्त्रणमा राख्ने काम अमेरिकी प्रशासनले गरिरहेको छ। आक्रमण गर्ने र गराउने, देश देश जुधाएर हतियार बेच्ने, भौतिक संरचना ध्वस्त पारेर आर्थिक सङ्कट निम्त्याउने, हाहाकार बनाएर देशलाई असफल पार्ने काममा अमेरिकी प्रशासनको ठुलो हात छ।

# देशलाई सही दिशामा लान सही विचार आवश्यक

सच्चा कम्युनिस्टको गुण र चरित्र भएका कर्मचारीहरू सदाचारी हुन्छन्, इमानदार र अनुशासित हुन्छन्। उनीहरू अशोभनीय काम गर्दैनन्; भ्रष्टाचार गर्दैनन्। न त उनीहरू कमिसनमा नै फस्छन्। उनीहरू आफ्नो कर्तव्य इमानदारीपूर्वक पालन गर्छन्, पदको दुरुपयोग गरेर सम्पत्ति कुम्ल्याउँदैनन्। साँच्चै देशका कर्मचारीहरू इमानदार र नि:स्वार्थी भएका भए धेरै हदसम्म भ्रष्टाचार घट्थ्यो, अनियमितता हुँदैनथ्यो र विकास अघि बढ्थ्यो। अत: देशमा देशभक्त र परिवर्तनशील कर्मचारीको खाँचो छ। देशलाई सही दिशामा लान सही विचार आवश्यक छ। स्थानीयदेखि मन्त्रालय या केन्द्रमा कार्यरत कर्मचारी उच्चपदस्थ व्यक्तिहरूले सही विचार नबोकेसम्म भ्रष्टाचार घट्दैन, अनियमितता घट्दैन। हरेक कर्माचारीहरू असल हुनुको साथै इमानदार, उत्तरदायी, चरित्रवान्, देशभक्त, देश र जनताप्रत्ति समर्पित हुनुपर्छ। समाजमा सद्विचार छर्ने, सद्भाव कायम गर्ने, पदअनुसार दायित्व निर्वाह गर्नुपर्ने, ग्राहकहरूको सेवामा कर्मचारीहरू सरिक हुनुपर्छ। असल नेता, असल मन्त्री, असल सांसद, असल कार्यकर्ता, असल कर्मचारी र असल प्रशासनिक व्यक्तिहरू भएमा हरेक काम छिटो छरितो हुन्छ। यसले देश र जनताको सेवा हुन्छ।

हरेक जिम्मेवार व्यक्तिहरू अनुशासित, मर्यादित र कर्तव्यनिष्ठ हुनुपर्छ। सबैजसो नागरिकहरू असल भएमा चोरीचकारी हुने छैन; काममा ढिलासुस्ती हुने छैन, हत्या हिंसा हुने छैन ; लागुऔषधको कारोबार हुने छैन, दुर्व्यसनी हुनेछैन। यसले ठग र अपराधीहरूको सङ्ख्या घट्दै जानेछ। अत: कर्मचारीहरू ठग, अपराधीहरूदेखि सतर्क हुनुपर्छ। उनीहरूको वरिपरि घुमिरहेकै कारण नेताहरूले देशको मुहार फेर्न नसकेका हुन्। यसले देश बन्दैन। कर्मचारीको काम समग्रमा देश र जनताको सेवा गर्नु नै हो। उनीहरू जसरी भए पनि कमाउनेतर्फ लागेमा, त्यो मानसिकताले काम गरेमा सरकारले विकास गर्नसक्ने छैन। कर्मचारीहरूमा सङ्कीर्ण भावना हुनुहुँदैन। आफ्नो मन या विचारलाई फरासिलो, फराकिलो बनाउनुपर्छ। हरेक नागरिक स्वच्छ छविको हुनुपर्छ। आफूले जीवनमा दाग लाग्ने काम गर्नुहुँदैन। जीवनमा जति राम्रो या सेवा काम गरे पनि जीवनमा दाग लाग्ने काम भयो भने त्यसले आफ्नो भएको इज्जत र आस्थामा चोट पुऱ्याउँछ या दाग लाग्छ। जीवनमा दाग लागेपछि त्यो मेटाउन गाऱ्हो हुन्छ। यसकारण, कर्मचारीहरू कसैको उक्साहट र लोभ लालचमा फस्नुहुँदैन। शासन गर्ने शासक र देश सञ्चालनमा साथ दिने कर्मचारीहरू इमानदार भए देश बनाउन समय लाग्दैन।

हरेक नागरिक राजनीतिबाट अलग्ग हुन सकिँदैन। राजनीति गर्ने काम राजनीतिक कार्यकर्ताको मात्र होइन। कर्मचारीले पनि राजनीतिप्रति आस्था राख्नुपर्छ। सङ्कीर्ण विचार र साँघुरो घेरा तोडेर अघि बढ्नुपर्छ। देश र जनताको सेवा गर्नु कर्मचारीको कर्तव्य हो। विवेक पुऱ्याएर काम भएमा कर्मचारीहरूको गल्ती ज्यादै कम हुन्छ। विचारमा खिया लाग्नुहुँदैन; विचार दूषित हुनु हुँदैन। अहङ्कार व्यक्तिको कमजोरी हो। गलत काम गर्ने व्यक्ति असलमा गनिँदैन। हरेक नागरिकले चरित्रको ख्याल गर्नुपर्छ। चरित्रहीन व्यक्तिलाई जनताले विश्वास गर्दैनन्। खराब कामले पतन हुन्छ। पतनको बाटो रोज्ने नेता, मन्त्री, सांसद, जनप्रतिनिधि, कार्यकर्ता र कर्मचारीहरूलाई जनताले छि:छि र दुरदुर गर्छन्। असल कर्मचारी जो जहाँ गए पनि सफल हुन्छन्। सफल कर्मचारीको इज्जत र आस्था बढ्छ। उनीहरू जनताका प्रिय हुन्छन्। हामीले हाम्रो समाजलाई आदर्शोन्मुख बनाउनुपर्छ। उदाहरणीय या असल व्यक्तिले नै मात्रै आदर्शोन्मुख समाज बनाउन सक्छन्। तर, विडम्बना देशका कति कर्मचारी कमिसन कुम्ल्याउन व्यस्त हुन्छन्; चुहावट गर्छन्; घुस खान्छन्, देशका मन्त्री शासकहरूलाई घुमाउँछन्। नेता, मन्त्री, सांसदहरूको मति बिगार्ने भ्रष्टाचारमा टेवा पुऱ्याउने काम नै कति कर्मचारीहरूमार्फत भइरहेको छ। अहिले देशमा स्थानीय तहदेखि माथिललो निकायका कर्मचारीहरू विभिन्न काण्डमा फसेका छन्; नेताहरू फसेको काण्डमा कर्मचारीहरूको संलग्नता देखिएको छ। देश बिगार्न, शासकहरूलाई फसाउन या गलत बाटोमा लाग्ने काममा कर्मचारीहरूको ठुलो हात हुन्छ। हो कर्मचारीहरू पनि वर्गमा विभाजित छन्। तर, देशका सबै कर्मचारीहरू खराब होइनन्; खराब छैनन्। इमानपूर्वक आफ्नो दायित्व निर्वाह गर्ने कर्मचारीहरू पनि छन्। असल कर्मचारीले देशमा राम्रो सन्देश छर्न मात्र होइन परिवर्तनको बाटेमा पनि प्रत्यक्ष या अप्रत्यक्ष रूपमा सघाएको हुन्छ। कर्मचारीहरूले कम्युनिस्ट विचारप्रति आस्था राख्नुपर्छ। शिष्ट र नम्र स्वभावका, व्यवहारिक शिक्षा बुझेका, आफ्ना ग्राहकलाई खुसी पारेर मन जित्ने कर्मचारीहरू समाजको निम्ति आवश्यक छन्। उनीहरू समाजका प्रिय र विश्वासिला हुन्छन्। यस अन्त्यमा कर्मचारीहरू राजनीतिबाट अलग्ग हुन सकिँदैन। कर्मचारीले कहिले पनि नैतिकता भुल्न हुँदैन; आफ्नो दायित्व छोड्नु हुँदैन। असल, विवेकशील, इमानदार, नि:स्वार्थ, देशभक्त र देश र जनताप्रति समर्पित कर्मचारी देशको निम्ति खाँचो छ।




**पर्यटन...**

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले पुराना कला संस्कृति र सभ्यता नयाँ पुस्ताको पहिचान हो भन्दै यसलाई संरक्षण गर्नु सबैको दायित्व भएको बताउनुभयो।

कार्यक्रमको उद्घाटनअघि नगर प्रमुख प्रजापतिको नेतृत्वमा भक्तपुर नपा वडा नं.१ इनाग: बाट सुरु भएको सांस्कृतिक ऱ्याली दत्तात्रयमा पुगी सम्पन्न भएको थियो।

उद्घाटन ऱ्यालीअघिको भेलामा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी र वडा एकका वडाध्यक्ष श्यामकृष्ण खत्रीले प्रतियोगिता सफलताको शुभकामना दिनुभयो।

प्रतियोगिताको उद्घाटनपश्चात् नगरप्रमुखसहितको टोलीले सलाँ गणेश, क्वाठण्डौँ, जैँलामा खाना महोत्सव तथा स्थानीय उत्पादन प्रदर्शनी र सूर्यमढीमा सांस्कृतिक कार्यक्रम स्थलगत अवलोकन गर्नुभएको थियो।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको योमारी प्रतियोगिता तथा प्रदर्शनीमा ६८ वटा योमारी प्रदर्शनीका स्टलहरू रहेका थिए। उद्घाटन ऱ्याली विभिन्न सांस्कृतिक बाजा समूह, विद्यालय, सहकारी संस्था, नगरपालिकाका कर्मचारीहरू, स्थानीय जनतालगायतको उल्लेख्य सहभागितामा नगर परिक्रमा गरिएको थियो।

**मधेस...**

विरोध पनि भएको थियो। विभिन्न राजनैतिक दलका सांसदहरूले सर्वोच्च अदालतमा त्यसको विरुद्ध रित पनि दर्ता गरे। अदालतले २४ घण्टाभित्र विश्वासको मत लिन मुख्यमन्त्री यादवको नाउँमा परमादेश जारी गरेपछि यादव राजीनामा दिन बाध्य भएका थिए। होटलमा लगेर शपथ ग्रहण गराएको विषयलाई लिएर नेपाल सरकारले प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई बर्खास्त नै गर्यो। मुख्यमन्त्रीको शपथलाई लिएर सरकारले प्रदेश प्रमुखलाई बर्खास्त गरेको यो पहिलो घटना हो।

मधेस प्रदेशका दलहरूमा सरकारमा गएर निर्वाचनको बेला जनतासमक्ष चुनावी घोषणापत्रमार्फत गरेको वाचा पूरा गर्नुपर्छ भन्ने कुनै सोच देखिँदैन। निर्वाचनमा जनताबिच ठुल्ठुला सपनाहरू बाँड्ने गरे पनि शासक दलहरूले सरकारमा गएपछि ती सबै बिर्सने गर्दै आएका छन्। मन्त्रीहरू कहाँबाट बढी कमिसन आउँछ, त्यस्तोमा मात्र ध्यान केन्द्रित गरेर काम गर्ने गरेको आरोप लाग्दै आएको छ। आ.व. २०८२/८३ को ४ महिनाको पुँजीगत खर्च १ प्रतिशत मात्र भएकोबाट मधेस प्रदेशको विकास निर्माणको अवस्थाबारे जोकोहीले पनि सहजै अनुमान गर्न सक्छ। एक आर्थिक वर्षको ११ महिनामा कुल पुँजीगत बजेटको जम्मा २० प्रतिशतमात्र काम हुने र असार महिनामा ८० प्रतिशत खर्च हुने परम्पराले अहिले पनि निरन्तरता पाउँदै आएको छ। यो कुनै पनि दृष्टिले राम्रो होइन।

हिलोमा पिच हुने, माटोमाथि ढलान हुने र पिच भएको महिना दिन नपुग्दै बिग्रिने, ३ महिनामा पुल भत्किएको जस्ता समाचारहरू ‘असारे विकास’ कै कारण भएको हो। नेपालमा विभिन्न देशबाट ऋण लिई गरिने विकास निर्माणको काम बालुवामा पानी भएको छ। जनतालाई कुनै उपलब्धिपूर्ण काम हुन सकेको छैन। देश थप ऋणमाथि ऋणमा डुब्दै गएको छ। देशको सार्वजनिक ऋण २७ खर्बभन्दा बढी पुगेको छ। देश ऋण तिर्न पनि ऋण लिनुपर्ने र कर्मचारीलाई तलब खुवाउन पनि ऋण लिनुपर्ने अवस्थामा पुगेको छ। आर्थिक रूपमा देश यस्तो जर्जर अवस्थामा पुग्दा पनि शासक राजनैतिक दलहरूमा अझै सोचमा परिवर्तन नआउनु भने आश्चर्यको विषय हो।

मधेसका सदरमुकामबाहेकका ग्रामीण बस्तीहरूको अवस्था विगत ३।४ दशक अगाडिको भन्दा कुनै भिन्नता पाइँदैन। विद्यालयहरू छन् तर विषयगत शिक्षक छैनन्, शिक्षकहरू तालिम प्राप्त छैनन्। दरबन्दीअनुसार शिक्षकको व्यवस्था नहुँदा पढाइ गुणस्तरीय हुन सकेको छैन। स्वास्थ्य केन्द्रहरूमा चिकित्सक, नर्स र सामान्य औषधी पनि नभएर जनता ससाना उपचारको लागि निजी क्लिनिक वा अस्पताल धाउनुपर्ने बाध्यता छ। सिँचाई र मलको व्यवस्था नहुँदा परम्परागत खेतीमै सीमित छ। अन्य विकास निर्माणमा व्यापक अनियमितता हुने गरेको दैनिक समाचारपत्रहरू साक्षी छन्। जनताका आधारभूत आवश्यकतातर्फ मधेस सरकारले ध्यान दिएको छैन। बरु सरकारको लागि शासक दलहरू सधैँ कुकुर झगडामा व्यस्त हुने गरेका छन्। पछिल्लो मन्त्रीमण्डलको पुन:गठन त्यसको एक उदाहरण मात्र हो।

मधेसी जनताले पञ्चायती सरकार, बहुदलीय सरकार र गणतान्त्रिक सरकारबिच कुनै भिन्नता अनुभव गर्न पाएका छैनन्। राजनीति गाउँका केही टाठा बाठाहरूमै सीमित छन्। बहुमत जनतालाई राजनैतिक रूपले सचेत गर्नुपर्ने महत्त्वपूर्ण जिम्मेवारी कुनै पनि राजनैतिक दलले पूरा गरेको देखिँदैन। निर्वाचनमा स्थानीय नेताहरूले जे भन्छन्, त्यसैमा भोट हाल्ने त्यहाँका जनताको नियति बनेको छ। नेका, एमाले, मधेसी जुनसुकै नाउँको पार्टी भए पनि तिनीहरू सबै एकै ड्याङका मुला साबित भएका छन्। सबै पार्टीको एउटै उद्देश्य हो, जनतालाई शोषण र शासन गर्ने। जनतालाई चुनावमा कुन पार्टीले कति पैसा दिन्छ, कसले कस्तो भोज खुवाउँछ भन्ने बाहेक अरू थाहा छैन।

राजनैतिक दलका नेताहरू पद र पैसालाई मात्र प्राथमिकतामा राखेर काम गर्दा सबभन्दा बढी ६१ लाखभन्दा बढी जनसङ्ख्या भएको मधेस विकासमा पछि परेको हो। पार्टी एक भएर होस् या फुटेर कसरी मन्त्री बन्ने भन्ने बाहेक त्यहाँका राजनैतिक दलका नेता कार्यकर्ताहरूमा अर्को ध्यान देखिँदैन। मन्त्री बनेपछि अकुत पैसा कमाउने, नातागोता सबैलाई जागिर लगाउने, झण्डावाल गाडीमा हिँडेर रवाफ देखाउने नै उनीहरूको स्वभाव देखिन्छ। यसले जनताबिच राजनीतिक नेता, कार्यकर्ताहरू अत्यन्त बद्नाम भएका छन्। जनताले जतिसुकै विरोध गरे पनि अन्तत: पैसा, शक्ति र प्रशासनको बलमा पुन: ती नै शासक पार्टीहरू नै चुनाव जित्नेछन् र सामन्तहरूले समय समयमा बुढो घोडा फेरेजस्तै निर्वाचितहरूको अनुहार फेरिन सक्छ तर भारतको निर्देशनमा चल्ने उनीहरूको चरित्र भने फेरिनेछैन।

# सुर्खेतमा प्रशिक्षण एवं साहित्य वाचन

सुर्खेत। नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको ५६ औँ स्थापना दिवसको अवसरमा सुर्खेतको वीरेन्द्रनगरमा मङ्सिर २२ गते प्रशिक्षण एवं साहित्य वाचन कार्यक्रम सम्पन्न भयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश समिति सदस्य एवं जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले नवउदारवादले नेपालको शिक्षा कमजोर भएको बताउँदै विद्यार्थीहरू नै भोलिको सुनौलो भविष्य बनाउने शक्ति भएकोले सही दृष्टिकोण तयार पार्नुपर्ने बताउनुभयो।

नेपाल मजदुर किसान पार्टी कर्णाली प्रदेश समिति सदस्य धनेन्द्र विकले काङ्ग्रेस एमाले माओवादीहरूको विद्यार्थी सङ्गठनबाट आमूल परिवर्तन सम्भव छैन भन्नुभयो।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी वीरेन्द्रनगर नगर समिति संयोजक शेरबहादुर शाही, नेक्राविसङ्घका इन्द्रप्रसाद न्यौपाने, ऐनबहादुर शाही, महेन्द्र सिजापतीले बोल्नुभएको थियो। यसैगरी सुमन बडुवाल, सर्मिला विक, श्रृजना सिजापती, छत्रिका विक, महेन्द्र सिजापती रञ्जना सिजापतीलगायतले साहित्य वाचन गर्नुभएको थियो।

कार्यक्रम नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ सुर्खेतका उपाध्यक्ष तुल्सी सिजापतिको अध्यक्षतामा भएको थियो।

# आदर्श आजादले आदर्श समाज निर्माण गर्न काम गर्नुपर्ने



भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा आदर्श आजाद कलेजको ११ औँ कलेज सभा मङ्सिर २० गते सम्पन्न भयो ।

सभा अध्यक्ष बिजुक्छेँले भन्नुभयो, “परीक्षा नै नलिई उत्तीर्ण गराउँदा विद्यार्थीहरूमा पढ्ने बानी कम भएको हो । विश्व बैङ्कलगायत विदेशीको प्रभावमा विश्वविद्यालयका मुख्य मुख्य पदाधिकारी लागेको हुँदा नेपालको शिक्षा व्यवस्था विदेशीको लागि जनशक्ति उत्पादन गर्ने थलोमात्र बन्यो । नेपाली भूमिमै काम गर्न सक्ने योग्य जनशक्ति तयार गर्न हाम्रा कलेजहरू लाग्नु जरुरी छ ।”

“भक्तपुरका जनताकै रगत पसिनाबाट विद्यालय कलेजहरू स्थापना भएको हुँदा आज भक्तपुरको शिक्षामा सुधार आएको हो । सरकारको भर नपरी स्थानीय जनताकै सहयोगमा विद्यालय कलेज स्थापना र सञ्चालन भएको हुँदा देशभरिका विद्यार्थीहरूले सस्तोमा गुणस्तरीय शिक्षा लिन भक्तपुरमा ठाउँ मिलेको हो । आदर्श आजाद कलेजले पनि आफ्नो नामअनुसार आदर्श समाज निर्माण गर्ने काम गर्नु आवश्यक छ । शोषणरहित समाज आदर्श हुने भएकोले समाजवादी बाटोमा विद्यार्थीहरूलाई शिक्षित गर्नु आजको आवश्यकता हो”, उहाँले भन्नुभयो ।

उहाँले भन्नुभयो, “शिक्षक, प्राध्यापकहरूले आफ्ना छोराछोरीलाई हेरचाह गरेजस्तै सबै विद्यार्थीलाई हेरचाह गर्नुपर्छ । आजसम्म प्रधानमन्त्री र शिक्षामन्त्री भएकाहरूले देशको लागि आवश्यक शिक्षा नीति बनाउन नसक्दा देश परनिर्भरतातर्फ गइरहेको हो ।”

सभामा अध्यक्ष बिजुक्छेँ (रोहित) ले पढेलेखेकाहरूले सामन्तवादी कुसंस्कार नत्यागेसम्म समाज परिवर्तन गर्न गाह्रो हुने बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, “कम्युनिस्टहरूको पहिलो काम किसानहरूको पक्षमा भूमिसुधार गर्नु हो तर नेपालमा कम्युनिस्ट नाम राखेका पार्टीहरूले जोताहा किसानलाई जमिन नदिने र कमैया एवम् कमलरी मुक्तिको नाममा सामन्तहरूको सेवा गरे । नेपाल क्रान्तिकारी किसान सङ्घको सङ्घर्षको परिणाम २०२१ सालमा भएको भूमिसुधारले भक्तपुरका किसानहरूले मोहियानी हक पाएपछि यहाँका किसानहरू आर्थिकरूपमा केही सक्षम भएको हो ।”

आदर्श आजाद कलेज व्यवस्थापन समितिका अध्यक्ष उद्धव सुजखूको सभापतित्वमा भएको सो सभामा व्यवस्थापन समितिका सदस्य प्रा. सिद्धिरत्न शाक्य, कलेजका प्राचार्य श्रीकृष्ण किसी, सहप्राचार्य चक्रबहादुर चाकतु, शिक्षक आशाकुमार चिकंबन्जार र प्रेमजन थापा श्रेष्ठले कलेजको गतिविधिबारे बोल्नुभएको थियो ।

२०६५ सालमा स्थापना भएको आदर्श आजाद कलेजबाट गतवर्षसम्ममा २९५ जना विद्यार्थीहरू त्रिविको परीक्षामा उत्तीर्ण भई दीक्षित भइसकेका छन् । शिक्षाशास्त्र र व्यवस्थापन विषयमा पढाइ हुने कलेजले गत वर्षसम्म चार लाख ९८ हजार आठ सय रुपैयाँ छात्रवृत्ति दिएको कलेज प्रशासनले जनाएको छ ।

कलेज सभाले प्राचार्य श्रीकृष्ण किसीले सभामा पेश गर्नुभएको प्रगति विवरण, भावी योजना तथा रणनीति लगायतका प्रस्तावहरू सर्वसम्मतिले पारित गरेको छ ।

# विद्यार्थीहरू राजनीतिक रूपले सचेत र सङ्गठित हुनुपर्ने

कैलाली । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ लम्किचुहा न.पा. वडा नं.४ अम्मरपुर एकाइ समितिको आयोजनामा नेक्राविसङ्घको ५६ औँ स्थापना दिवसको अवसरमा प्रशिक्षण कार्यक्रम लम्किचुहा नगरपालिका ४ अम्मरपुरमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेक्राविसङ्घको ५६ औँ स्थापना दिवसको शुभकामना दिँदै विद्यार्थीहरू राजनीतिक रूपले सचेत र सङ्गठित हुनुपर्ने बताउनुभयो ।

उहाँले मानिसमा ज्ञान सँगसँगै सही विचार र सिद्धान्त भएमा बहुसङ्ख्यक जनताको सेवा गर्न सकिने बताउनुभयो ।

नेमकिपाका कैलाली संयोजक रमेशकुमार रावलले नेमकिपाको मुख्य मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद, लेनिनवाद र माओत्सेतुङ विचारधारा भएको र नेमकिपाको उद्देश्य भनेको समाजवादी व्यवस्था हुँदै वैज्ञानिक साम्यवादसम्म पुग्ने रहेको बताउनुभयो ।

उहाँले नवउदारवादले शिक्षा क्षेत्रलाई निजीकरण गरी नाफामूलक बनाइरहेको बताउनुभयो । उहाँले समाज रहेसम्म वर्ग हुने र वर्ग रहेसम्म वर्गसङ्घर्ष चलिरहने स्पष्ट पार्दै नेमकिपाले सधैँ मजदुर र किसानवर्गको हितको निमित्त सङ्घर्ष गरिरहेको बताउनुभयो ।

नेक्राविसङ्घ कैलालीका अध्यक्ष एचबीले नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको मातृ पार्टी नेमकिपाको मुख्य मार्गनिर्देशक सिद्धान्त मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारालाई मुख्य आत्मसात गर्दै अनिवार्य, नि:शुल्क र उत्पादन श्रमसँग जोडिएको वैज्ञानिक शिक्षाको लागि सधैँ सङ्घर्ष गरिरहेको बताउनुभयो ।

उहाँले हाम्रो हितको निमित्त हामीले नै सङ्घर्ष गर्नुपर्ने भएकोले मजदुर र किसानका छोराछोरीहरू एक भई अघि बढ्नुपर्ने बताउनुभयो ।

नेक्राविसङ्घ अम्मरपुर एकाइ समितिका अध्यक्ष ओविन नेपालीले क्रान्तिको अर्थ परिवर्तन भएको बताउँदै नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ सधैँ मजदुर र किसानका छोराछोरीहरूको हितको लागि अघि बढिरहेको बताउनुभयो ।

उहाँले नेपालको अहिलेको पुँजीवादी व्यवस्थामा मजदुर र किसानले सधैँ दु:ख पाउने बताउनुभयो । उहाँले मजदुर र किसान एकजुट भई पुँजीवादी व्यवस्था फाली समाजवादी व्यवस्था ल्याउन सङ्घर्ष गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा सङ्घका सचिव प्रज्ज्वल नेपालीले पनि बोल्नुभएको थियो ।

**नेमकिपा...**

सम्पत्ति राष्ट्रियकरण गर्ने, ठुलठुला भ्रष्टाचारीहरूलाई मृत्युदण्डसमेत दिने कानुन बनाउन सुझाव दिएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “सरकारमा गएर घोषणापत्रअनुसार काम नगरेका शासक दलहरूलाई नेमकिपाले अर्को चुनावमा उठ्न नदिनेलगायतका संशोधनहरू राखेको थियो । नेका, एमाले र माओवादीका सांसदहरूले एकै स्वरमा ‘हुन्न’ भनेर नेमकिपाले राखेको संशोधन प्रस्तावलाई विफल पारे । यसकारण, शासक दलहरू देश र जनताको हितको लागि गठन भएका होइनन् । शासक दलहरूको आर्थिक र वैदेशिक मामिला भिन्न छैन । पालैपालो एक अर्कासँग गठबन्धन बनाएर प्रम, मन्त्री हुनेहरू पार्टी र नेता फरक भए पनि काम एउटै हो ।”

सचिव सुवालले भन्नुभयो, “अहिलेसम्मका सरकारहरूले नेपाली जनतालाई २९ खर्ब ऋण बोकाए । विदेशी ऋणले देश नवउपनिवेश हुनेछ ।”

नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापतिले स्थानीय तहमा दलगत प्रतिनिधित्व गर्नुहुँदैन भन्ने विचार निर्दलीय पञ्चायती सोच हो भन्नुभयो ।

स्थानीय तह पूर्ण स्वायत्त हुनुपर्छ, सङ्घ र प्रदेश नियन्त्रित निकाय हुनुहुँदैन, उहाँले स्पष्ट गर्नुभयो ।

“स-साना योजनासमेत सङ्घ र प्रदेशको योजनामा राख्ने, स्थानीय तहलाई कर्मचारी भर्ना गर्ने अधिकार नहुने, सशर्त बजेट बढाएर सामान्यीकरण अनुदान घटाउनेजस्ता कार्य सङ्घीयता र संविधानको मर्मविपरीत छ”, प्रमुख प्रजापतिले भन्नुभयो ।

भनपाले शिक्षा र स्वास्थ्य क्षेत्रमा जनमुखी कार्य गरेर जनताको सेवा गरिरहेको उहाँले बताउनुभयो ।

सीमाविज्ञ एवं जलस्रोत अध्येता रतन भण्डारीले भन्नुभयो, “भदौ २४ गते सरकारी भवनहरूमा आगजनी गरिँदा स्थानीय जनताले विरोध गर्नुपर्ने थियो; यदि भोलिका दिनमा यस्तो ध्वंस भए त्यसको प्रतिकार गनु जरुरी छ ।”

उहाँले थप्नुभयो, “लिम्पियाधुरासमेतको नेपालको नक्सा छाप्ने नेपाली जनताको सार्वभौम अधिकार हो । अहिलेको अन्तरिम सरकारको बागडोर समाएकाहरूसँग नेपाली नागरिकता होला तर उनीहरू नेपालको हितविरुद्ध काम गर्ने पनि हुन् ।”

चीनविरोधी पुस्तक लेखेका व्यक्ति अहिले प्रमको प्रमुख सल्लाहकार भएका छन्; विश्व बैङ्कको ऋण ल्याउने र एमसीसी सम्झौता गर्ने सहयोगी तत्त्वहरू अहिले अर्थ र ऊर्जा मन्त्री भएका छन्, सीमाविद् भण्डारीले भन्नुभयो ।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक तारालाल श्रेष्ठले शिक्षक र प्राध्यापकहरू समाजका बुद्धिजीवी भएको हुँदा भ्रष्ट प्रम र मन्त्रीहरूको झोले बन्न नहुने धारणा राख्दै राजनीति पाका पुस्ताले गर्न नहुने, नयाँ पुस्ताले मात्र गर्नुपर्ने भन्नु गलत हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, “साहित्य, संस्कृति, सभ्यता सबैमा राजनीति जोडिएको हुन्छ । शिक्षक प्राध्यापकहरू प्रत्यक्ष राजनीतिमा संलग्न नभए पनि देश र जनताको हितको राजनीति गर्ने पार्टीलाई समर्थन र प्रवर्द्धन गर्छन् ।”

नेपालभाषा साहित्य त:मुंज्या कीर्तिपुरका संस्थापक राजवीर डंगोलको सभापतित्वमा भएको सो सम्मेलनको उद्घाटन स्थानीय ज्येष्ठ नागरिक तथा वाद्यवादक गुरु पानबहादुर महर्जनले स्थानीय बाजाको मङ्गलधुनमा गर्नुभएको थियो ।

सम्मलेनमा वाग्मती प्रदेशसभाका सदस्य सृजना सैंजू, संस्कृति अध्येता कर्ण महर्जनलगायतले बोल्नुभएको थियो ।

**बालअधिकारको रक्षा गरौँ।**

- माया, ममता, संरक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो ।
- बालअधिकारको रक्षा गरौँ ।
- बालबालिकाको जन्मदर्ता अनिवार्य गरौँ ।
- शोषण, दुर्व्यवहार र बालश्रमबाट बालबालिकालाई बचाऔँ ।
- घर, विद्यालय र समाजमा सुरक्षित र प्रेमपूर्ण वातावरण बनाऔँ ।
- बालअधिकारप्रति संवेदनशील बनौँ ।
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔँ ।

**बालअधिकार सुनिश्चित गरौं, उज्ज्वल भविष्यको निर्माण गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**एकक्षण** — प्रधान

## जेन-जी के सिद्धान्त र आदर्शबाट सञ्चालित छ ?

केही महिनादेखि जेन-जी विद्रोहबाट नेपाली समाजमा नौलो प्रकारको भ्रम र अन्योल देखा पर्दै छ । जेन-जीको विरोधलाई नेपाली भाषामा ‘नयाँ पुस्ताको विरोध’ भन्नु बढी उपयुक्त होला । किनभने, तिनीहरूका बाहिर देखिएका व्यक्तिहरूले आफूलाई एक राजनीतिक दलको रूपमा प्रस्तुत गरेका छैनन् । बाहिर प्रस्तुत भएका एक अगुवा रक्षा बमले शान्तिपूर्ण विरोध प्रदर्शनले कसरी हिंसाको रूप लियो थाहा नभएको बताइन् । ‘ओलीको सत्ता ढाल्ने योजना थिएन’ शीर्षकको १५ मङ्सिर २०८२ को ‘नेपाल समाचारपत्र’ को अन्तर्वार्तामा उनको भनाइ थियो, “... सुरुमा यो कुनै सत्ता ढाल्न वा चुनावको मिति सार्नको लागि गरिएको थिएन । दमन सहनै नसकेर फ्रस्टेसन ब्लास्ट भएपछि मात्रै नेतृत्व परिवर्तनको माग उठेको थियो । शान्तिपूर्ण आन्दोलन थियो; हिंसामा कसरी रूपान्तरण भयो भनेर मलाई थाहा भएन । साथीहरूले संसद् भवनमा प्रवेशमात्र गर्न खोजेका थिए तर जलाउने वा अन्य अराजक किसिमका गतिविधि गर्ने कुनै मनसाय .... थिएन । तर, सुरक्षाकर्मीले टाउकोमा ताकी ताकी अन्धाधुन्ध गोली प्रहार गरेपछि आन्दोलनले अराजक रूप लिएको हो । भदौ २३ गतेको नरसंहारबाट उत्पन्न भएको जनआक्रोशको परिणाम नै भदौ २४ गतेको विध्वंस हो । यो सरकार नागरिकले सडकबाट बनाएको र सडकको म्यान्डेट बोकेर अगाडि बढिरहेको सरकार हो ।”

माथिका भनाइअनुसार रक्षा बमले श्रीलङ्का र बङ्गलादेशमा विदेशी शक्तिहरूले गरेको हस्तक्षेपको कुरा गौण देखियो, जबकि ‘नयाँ पुस्ता’ कुनै राजनीतिक दल होइन र सामान्य रूपमा भ्रष्टाचारविरोधी शान्तिपूर्ण विरोध प्रदर्शन मात्रै हो । तर, त्यस घटनालाई आन्दोलनको रूपमा व्याख्या गर्दा यस आन्दोलनका सारथीहरू युवाहरू होइनन् बरु चुस्त र अनुभवी व्यक्तिहरूतिर नै इङ्गित गर्दछ ।

XXX

कविरस शर्माले १५ मङ्सिर २०८२ को ‘नेपाल समाचारपत्र’ को लागि किशोरी कार्कीसँग लिएको ‘उत्तरदायी नेतृत्व, प्रत्यक्ष कार्यकारी प्रणाली र युवा सहभागिता’ शीर्षकमा भनिएका विषय १४-१५ मङ्सिरका घटनाहरूबाट उब्जिएका सच्चाइहरू हुन् । ‘हाम्रो माग सजाय होइन, प्रणालीगत उत्तरदायित्व हो । जसले गल्ती गर्छ उसले जवाफ दिनैपर्छ । यही नयाँ सरकार बनाउन खोज्दै छौँ ।” शान्तिपूर्ण विरोधको परिणाम हिंसात्मक हुँदा नयाँ दृष्टिकोण देखापर्नु स्वाभाविक हो ।

उनी थप्छन्, “हामी स्थायित्व होइन, सार्थक परिवर्तन खोज्दै छौँ । यो आन्दोलन शासन परिवर्तनको लागि मात्र होइन, सांस्कृतिक परिवर्तनको लागि पनि हो । हाम्रो उद्देश्य होइन, प्रभाव हो । उम्मेदवारी केवल देश निर्माणको माध्यम हो ।”

जेन-जीको माझमा देखिएको मत-मतान्तरबारे पत्रकारको जिज्ञासालाई किशोरी कार्कीले भनिन्, “मतान्तर विचारको सौन्दर्य हो । तर, उद्देश्य एउटै हो नयाँ नेपाल ।”

नयाँ नयाँ तर्क र उद्देश्यले ‘नयाँ पुस्ता’लाई परिमार्जनको अवसर पनि दिने हुँदा समयले सबैलाई सिकाउँछ र आत्म-आलोचना अगाडि होइन पछाडि गर्ने हुन्छ ।

XXX

सुनील महर्जनले १५ मङ्सिरमा ‘जेन-जी’ का सुदन गुरुङसँगको अन्तर्वार्ता ‘नेपाल समाचारपत्र’ मा छापिएको छ । उनले भनेका छन्, “आन्दोलनको तयारी गरिरहँदा ‘हामी नेपाल’का ९२ च्याप्टरका झन्डै १६ हजार स्वयम्सेवकहरूलाई आन्दोलनको दिन प्रत्येक सदस्यले पाँच जना मानिसहरू ल्याउनू भनेर भनिरहेका थियौँ । त्यसको लागि सूचना आदानप्रदान गर्न डिस्कर्ड बनाएको थियौँ । हामी जेन-जीका १७ वटा समूह थियौँ । जेन-जीका १७ वटै समूहका नेतृत्वहरूले ‘तपाईंले नेतृत्व गर्नुपर्‍यो दाइ, यसमा जोखिम पनि छ तपाईं अघि बढ्नुस्’ भन्नुभयो । सबैको आग्रह र देखाएको विश्वासको आधारमा जेन-जीको नेतृत्व भनेर सार्वजनिकरूपमा अघि आएको हुँ ।”

‘नयाँ पुस्ता’ को ठाउँमा ‘जेन-जी’ नाम र ‘समूह’ र ‘सङ्गठन’ को ठाउँमा ‘च्याप्टर’ शब्दले काठमाडौँ उत्पयकावासीलाई सुरुमा नौलोपन र विदेशीपन अनुभव गराइयो । एकै दिन झन्डै सबैजसो जिल्लाका प्रहरी चौकी, नगरपालिका भवन र अन्य सरकारी भवनहरूमा आगो लगाउन आवश्यक जनशक्तिको तयारी पनि एक-दुई दिनमा भएको थिएन भन्ने चर्चा खूब चलेको थियो - त्यसबेला । तर झन्डै दुईतिहाइको बहुमत भएको संसद्को सरकारलाई ‘तासको घर’ जस्तै ढाल्दा तत्कालीन शासक दलहरूको लाजशरम् र आश्चर्यले सातोपुत्लो गएको होला भनी लख काटे नेपाली जनताले ! नागरिकता दिँदा सिनेमाको टिकट जस्तो दिएको हुँदा शासक दलहरूले अन्य दललाई दिएको उत्तरको रूपमा नेपाल र नेपाली जनताले राम्रै पाठ सिकेको बिर्सनुहुन्न । हाम्रा युवाहरूलाई शासकहरूले घोक्र्याएर विदेश पठाएको परिणामको यो एक छेस्कोमात्र हो । अरू त भोग्न जनता बाँच्दै छन् ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३